# शुद्धोदन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मानकपडी, रुपन्देही

# अन्तिम प्रतिवेदन

## शुद्धोदन गाउँपालिकाको

# प्रथम आवधिक योजना

## (२०८२/८३ – ८६/८७)

तयार गर्नेः-

मेजर डिजाईन प्रा.लि.

कुपण्डोल, ललितपुर

# संक्षिप्त रुप

| | |
|---|---|
| आ .ब. | आर्थिक बर्ष |
| गा.पा. | गाउँपालिका |
| मे.ट. | मेट्रिक टन |
| रु. | रुपैया |
| कृ.आ.यो. | कृषि आवधिक योजना |
| कि.मि. | किलो मिटर |
| के.त. वि. | केन्द्रिय तथ्याङ्क बिभाग |
| GESI | Gender and Social Inclusion |
| IEE | Initial Environmental Examination |
| HDI | Human development Index |
| NHDR | Nepal Human Development Report |
| HIMS | Health Information Management System |
| EIMS | Education Information Management System |
| गै.स.स. | गैह सरकारी संस्था |

# बिषयसूची


संक्षिप्त रुप........................................................................ii

**परिच्छेद १ परिचय.................................................................१**

१.१ पृष्ठभूमि ........................................................................ १

१.२ आवधिक योजना तर्जुमाका उद्देश्यहरु ................................................ २

१.३ योजना निर्माण विधि र प्रक्रियाहरु .................................................. २

१.३.१ वस्तुस्थिति विश्लेषण............................................................३

१.३.२ योजना दस्तावेज तयारि .......................................................३

१.३.३ मस्यौदा प्रस्तुति तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारि ३

**परिच्छेद २ गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा.................५**

२.१ गाउँपालिकाको परिचय......................................................... ५

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना.......................... ५

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा............................................. ६

२.१.३ जनसांख्यिक अवस्था........................................................ ७

२.१.४ कृषि तथा खाद्य सुरक्षा...................................................... ९

२.१.५ पर्यटन तथा संस्कृति......................................................... ९

२.१.६ उद्योग, व्यापार , व्यवसाय र आपूर्ति.......................................... ९

२.१.७ आम्दानी, रोजगारी र वित्तीय सेवा ........................................ १०

२.१.८ सहकारी ...................................................................... १०

२.२ सामाजिक विकासको अवस्था................................................... १०

२.२.१ स्वास्थ्य तथा पोषण ........................................................ १०

२.२.२ शैक्षिक विकास................................................................ १०

२.२.३ खानेपानी तथा सरसफाई.....................................................११

२.२.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण................................११

२.२.५ युवा, खेलकुद तथा कला......................................................११

२.३ पूर्वाधार तथा शहरी विकासको अवस्था............................................११

२.३.१ भू-उपयोग र भुमि व्यवस्थापन ...............................................११

२.३.२ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण....................................१२
२.३.३ सडक, पुल तथा यातायात........................................................१२
२.३.४ विद्युत तथा वैकल्पिक उर्जा......................................................१२
२.३.५ सूचना, संचार तथा प्रविधि ......................................................१३
२.४ वन, वातावरण तथा विपद जोखिम् न्यूनीकरण र व्यवस्थापनको अवस्था..........१३
२.४.१ वन तथा जैविक विविधता........................................................१३
२.४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ..............................................१३
२.४.३ महामारी तथा विपद व्यवस्थापन.................................................१३
**परिच्छेद ३ सोच तथा विकासको अवधारणा ..................................................१४**
३.१ पृष्ठभूमि ...................................................................................१४
३.२ रणनीतिक स्तम्भ...........................................................................१४
३.३ सोच, लक्ष्य तथा उद्देश्य ..................................................................१४
३.३.१ दिर्घकालिन सोच..............................................................१४
३.३.२ लक्ष्य............................................................................१४
३.३.३ समस्टिगत उद्धेश्यहरू.............................................................१५
३.४ परिमाणात्मक लक्ष.........................................................................१५
३.५ रणनीति तथा कार्यनीति....................................................................१७
३.६ लगानी, श्रोत अनुमान र बाँडफाँड .........................................................२०
३.६.१ आयको प्रवृत्ति र प्रक्षेपण........................................................२०
३.६.२ व्ययको प्रवृति र प्रक्षेपण.........................................................२१
**परिच्छेद ४ आर्थिक क्षेत्र............................................................................ २३**
४.१ कृषि तथा पशुपन्छी ........................................................................२३
४.२ सिंचाई .....................................................................................३२
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ...............................................................३६
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति......................................................४०
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ..........................................................४२

**परिच्छेद ५ सामाजिक क्षेत्र ........ ४५**

५.१ स्वास्थ्य र पोषण ........ ४५

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ५०

५.३ खानेपानी तथा सरसफाई ........ ५५

५.४ महिला, बालबालिका तथा लक्षित बर्ग ........ ५७

५.५ युवा तथा खेलकुद ........ ६४

५.६ कला, सम्पदा, संस्कृति र भाषा ........ ६७

**परिच्छेद ६ पूर्वाधार क्षेत्र विकास योजना ........ ७०**

६.१ बस्ती,आवास, भवन तथा सार्वजनिक निर्माण ........ ७०

६.२ सडक, पुल तथा यातायात ........ ७४

६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ ८०

६.४ सूचना, सञ्चार तथा प्रविधि ........ ८३

**परिच्छेद ७ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ८७**

७.१ वन तथा जैविक विविधता ........ ८७

७.१ भूसंरक्षण र जलाधार व्यवस्थापन तथा वातावरण र फोहरमैला व्यवस्थापन ........ ८९

७.२ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ ९२

**परिच्छेद ८ संस्थागत विकास तथा सुशासन योजना ........ ९७**

८.१ संस्थागत विकास र सुशासन ........ ९७

८.२ लोकतान्त्रिक संघीय शासन प्रणालीको प्रवर्धन ........ ९९

८.३ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि एवं सशक्तिकरण ........ १०१

८.४ वित्तीय अनुशासन ........ १०३

८.५ सन्तुलित विकास ........ १०५

**परिच्छेद ९ कार्यान्वयन अवस्था ........ १०७**

९.१ योजना तर्जुमा ........ १०७

९.२ आयोजना बैंक ........ ११०

९.३ योजनाको संस्थागत कार्यान्वयनको व्यवस्था ........ ११२

९.४ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ ११४

९.५ अनुगमन तथा मूल्याङ्कन योजना ........ ११६

९.५.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता......................................... ११६
९.५.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ......................................... ११६
९.५.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया..................................................... ११७

**परिच्छेद १० नतिजा खाका.........................................................................११९**

**परिच्छेद ११ अनुसूची...............................................................................१२७**

**तालिकासूची**

तालिकाः १ शुद्दोदन गाउँपालिकाकोआगामी पाँच बर्षका रणनीति तथा कार्यनीतिहरू.....१७
तालिकाः २ गाउँपालिकाको बार्षिक आय प्रक्षेपण........................................................ २०
तालिकाः ३ पालिकाको बार्षिक व्यय प्रक्षेपण ..............................................................२१
तालिकाः ४ कृषि तथा पशुपन्छी रणनीति तथा कार्यनीतिहरू........................................ २४
तालिकाः ५ कार्यक्रम तथा आयोजनाः कृषि तथा पशुपन्छी ..........................................२६
तालिकाः ६ नतिजा खाकाः कृषि तथा पशुपालन.......................................................... २९
तालिकाः ७ सिंचाईका रणनीति तथा कार्यनीतिहरू- सिचाई............................................३३
तालिकाः ८ कार्यक्रम तथा आयोजना-सिंचाई............................................................... ३४
तालिकाः ९ नतिजा खाकाः सिंचाई .............................................................................३५
तालिकाः १० पर्यटन रणनीति तथा कार्यनीतिहरू- पर्यटन,संस्कृति र सम्पदा.....................३७
तालिकाः ११ कार्यक्रम तथा आयोजना-पर्यटन,संस्कृति र सम्पदा.................................. ३८
तालिकाः १२ नतिजा खाकाः पर्यटन,संस्कति र सम्पदा................................................३९
तालिकाः १३ लघु उद्यमशिलता विकास र स्व-व्यवसायको प्रवर्द्धनका रणनीति तथा कार्यनीति ........................................................................................................................ ४१
तालिकाः १४ कार्यक्रम तथा आयोजना ....................................................................... ४१
तालिकाः १५ नतिजा खाका- उद्योग ........................................................................... ४२
तालिकाः १६ श्रम तथा रोजगार र वैदेशिक रोजगारका रणनीति र कार्यनीति ................ ४३
तालिकाः १७ स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू................................ ४६
तालिकाः १८ योजना तथा कार्यक्रमहरु -स्वास्थ्य तथा पोषण ...................................... ४७
तालिकाः १९ नतिजा खाकाः स्वास्थ्य तथा पोषण.......................................................४९
तालिकाः २० शिक्षाका रणनीति तथा कार्यनीतिहरू.....................................................५१
तालिकाः २१ कार्यक्रम तथा आयोजनाः शिक्षा............................................................५३
तालिकाः २२ नतिजा खाका- शिक्षा.............................................................................५४
तालिकाः २३ खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू............................५६

तालिकाः २४ कार्यक्रम तथा आयोजना ........ ५७
तालिकाः २५ महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू ........ ५९
तालिकाः २६ कार्यक्रम तथा आयोजनाः महिला, वालवालिका तथा लक्षित वर्ग........ ६१
तालिकाः २७ नतिजा खाका- महिला, वालवालिका तथा लक्षित वर्ग........ ६३
तालिकाः २८ युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू........ ६५
तालिकाः २९ कार्यक्रम तथा आयोजना- युवा तथा खेलकुद ........ ६६
तालिकाः ३० कला, संस्कृति, सम्पदा र भाषा सम्बन्धि रणनीति तथा कार्यनीतिहरु........ ६८
तालिकाः ३१ कार्यक्रम तथा आयोजना ........ ६८
तालिकाः ३२ आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू ........ ७१
तालिकाः ३३ आवास तथा बस्ति ........ ७२
तालिकाः ३४ यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू........ ७५
तालिकाः ३५ कार्यक्रम तथा आयोजना- सडक,पुल तथा यातायात ........ ७७
तालिकाः ३६ नतिजा खाका यातायात ........ ७९
तालिकाः ३७ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जाका रणनीति तथा कार्यनीतिहरू ........ ८१
तालिकाः ३८ कार्यक्रम तथा आयोजना- जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा........ ८२
तालिकाः ३९ नतिजा खाका- जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ ८३
तालिकाः ४० सूचना ,सञ्चार तथा प्रविधिका रणनीति तथा कार्यनीतिहरू ........ ८४
तालिकाः ४१ कार्यक्रम तथा आयोजना- संचार तथा प्रविधि ........ ८६
तालिकाः ४२ वन तथा जैविक विभिधता रणनीति तथा कार्यनीतिहरू ........ ८८
तालिकाः ४३ कार्यक्रम तथा आयोजना- वन तथा जैविक विभिधता........ ८९
तालिकाः ४४ वातावरण संरक्षणा तथा जलवायु परिवर्तन का रणनीति तथा कार्यनीतिहरू.... ९१
तालिकाः ४५ योजना तथा कार्यक्रमहरु ........ ९२
तालिकाः ४६ विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू........ ९३
तालिकाः ४७ योजना तथा कार्यक्रमहरु ........ ९४
तालिकाः ४८ नतिजा खाका वन, वातावरण, जोखिम नियन्त्रण........ ९५
तालिकाः ४९ शासकिय प्रवन्ध र सुशासनका रणनीति तथा कार्यनीतिहरू........ ९८
तालिकाः ५० लोकतान्त्रिक संघीय शासन प्रणालीको प्रवर्द्धनका रणनीति तथा कार्यनीतिहरू ........ १००
तालिकाः ५१ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि एवं सशक्तिकरणका रणनीति तथा कार्यनीतिहरू ........ १०२
तालिकाः ५२ वित्तिय अनुशासनका रणनीति तथा कार्यनीतिहरू ........ १०४

तालिकाः ५३ सन्तुलित विकासका रणनीति तथा कार्यनीतिहरू....................................१०५
तालिकाः ५४ योजना तर्जुमाका रणनीति तथा कार्यनीतिहरू......................................... १०८
तालिकाः ५५ आयोजना बैंकका रणनीति तथा कार्यनीतिहरू......................................... १११
तालिकाः ५६ योजनाको संस्थागत कार्यान्वयनको व्यवस्थाका रणनीति तथा कार्यनीतिहरू. ११३
तालिकाः ५७ प्रशासकीय सुधार र सार्वजनिक सेवाका रणनीति तथा कार्यनीतिहरू ..........११५
तालिकाः ५८ नतिजा खाका..........................................................................................११९

## तस्बिरसूची

तस्विरः १ शुद्दोदन गाउँपालिकाको वाड सहितको नक्सा.............................................. ५
तस्विरः २ शुद्दोदन गाउँपालिकाको प्रशासनिक नक्सा.................................................
तस्विरः ३ शुद्दोदन गाउँपालिकाको वडागत जनसंख्या.............................................. ७
तस्विरः ४ जातजातिको आधरमा जनसंख्या................................................................... ८
तस्विरः ५ शुद्दोदन गाउँपालिकाको जमिनको अवस्था..............................................१२
तस्विरः ६ व्यय विबरण...................................................................................२२

# परिच्छेद १

## परिचय

### १.१ पृष्ठभूमि

राष्ट्रिय विकासको सैद्धान्तिक आधारको रुपमा समाजवाद उन्मुख आर्थिक विकासलाई केन्द्रमा राखिएको छ। विकासको प्रतिफललाई राज्यको लगानी र राष्ट्रिय उत्पादनको उपभोगका आधारमा विश्लेषण गर्न खोजिएको छ। त्यसैगरि प्रतिफलको वितरणलाई सामाजिक न्यायको सिद्धान्त एवं वातावरणमैत्री दिगो विकासका आधारमा मापन गर्ने अवधारणालाई अंगिकार गरिएको छ। संविधानमा विकास योजनाका अन्तरनिहित सार वस्तु स्वरुप दिगो एवं एकीकृत विकास, न्यायपूर्ण र समानतामा आधारित प्रतिफल वितरण, निजी, सामाजिक सुरक्षा र आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी साझेदारी विकास पहल गर्ने राष्ट्रिय दृष्टिकोण राखिएको छ। आर्थिक समृद्धिसँगै राज्यले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउने र त्यसका आधारमा बिपन्न, गरिब, असहाय, बृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र लिङ्ग, लोपुन्मुख जातजाति आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा बृद्धि गर्ने सोच राखेको छ। राज्यले उद्यमीहरूलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तीय स्रोत जुटाइदिने र सबै प्रकारका सेवा, उत्पादन र व्यापार क्षेत्र परिचालन गरी सामाजीक रुपान्तरण गर्न खोजको अवस्था छ।

स्थानीय शासन सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा नगरको आवधिक तथा गुरुयोजना निर्माण गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्धन गर्न सघाउ पुर्‍याउने गरी एकीकृत विकासको योजना तयार गर्न निर्देशन गरेको छ। आवधिक योजना निर्माण गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिन अनुरोध गरेको छ। गाउँपालिका तथा गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रमाणिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्न योजना समेत तयार गर्न, संयूक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने गरी योजना निर्माण गर्न प्रेरित गरेको छ। योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका अन्य सरोकारवालाहरूको अधिकतम सहभागितामा र गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्न आग्रह गरेको छ ।

सुशासनको मुख्य सारतत्वहरू भित्र जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समावेशीकरण, सहज र शीघ्र सार्वजनिक सेवा प्रवाह पर्दछन्। हरेक स्थानीय सरकारले सुशासनका यी विषयहरूलाई आफ्ना काम कार्वाहि र सेवाप्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनु पर्दछ। लुम्बिनी प्रदेशले पहिलो आवधिक योजना निर्माण गरि स्थानीय तहहरूले गर्ने विभिन्न स्थानीय

कार्यसुचिहरू तयार गरि हरेक स्थानीय सरकारले सुशासनका तत्वहरूलाई काम कार्वाही, योजना र सेवाप्रवाहमा अवलम्बन गर्न त्यसको उपयुक्त अनुगमनको सूचांक तयार पारी लागु गर्ने गरी खाका तयार गरेको छ। संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, अधिकार क्षेत्रहरूको बाँडफाँड र स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोग ऐन र स्थानीय तहको योजना तर्जुमा कार्यविधि एवं दिग्दर्शन २०७५ लाई यस आवधिक योजना निर्माणमा समेटिएको छ। पन्ध्रौं पञ्चवर्षिय योजना र लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनामा प्रस्तुत भएका मार्ग चित्र तथा सुचकहरूलाई यस आवधिक योजनाले पछ्याउनु  शुद्वोदन  गाउँपालिकाको दायित्व हुन आउँछ। देशले प्रतिवद्धता जाहेर गरेको दिगो विकासका लक्ष्यहरू र राजनीतिक दलहरूका घोषणा पत्र तथा प्रतिवद्धताहरूलाई यस आवधिक योजनामा ग्रहण गरिएको छ।

नेपालको संविधान २०७२ ले सङ्घीयताको गुह्य अवधारणाका रुपमा रहेको सन्निकटताको सिद्धान्त अनुरुप स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था गरी राज्य सेवामा विविधिकरण गरिदिएको छ। संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नीति, कार्यविधि र योजनाहरूले स्थानीय, प्रदेश, र संघ सरकारहरूको समन्वय, सहकार्य र साझा अधिकारको कार्यान्वयन विधिहरूको बारेमा स्पष्टता गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अधिकार तथा कर्तव्यहरूको प्रस्ताव गरेको छ। तीनवटा तहहरूको बिच हुने सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने र स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तरीयता, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्नु रहेको छ। सङ्घीय शासनको अभ्यासले राज्यका सेवाहरूलाई नजिक भएर तुरुन्त प्रदान गर्ने क्षमता, चुस्त र दुरुस्त नागरिकलाई प्रदान गर्दै सरकारको सन्निकटता र आफ्नोपनको महसुस गर्ने वातावरण दिन सक्नु पर्दछ।

## १.२ आवधिक योजना तर्जुमाका उद्देश्यहरु

नागरिकका मौलिक हक, संवैधानिकव्यवस्था अनुरुप प्रत्यायोजित एकल तथा साझा अधिकारहरू, दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण, दिगो राष्ट्रिय विकासलक्ष्यहरू र लुम्बिनी प्रदेशवाट प्रस्तावित विकासका प्रमुख चालकहरूलाई स्थानीय तहमा व्यवस्थित र योजनावद्ध कार्यान्वयन गर्नु मुख्य उद्धेश्य रहेको छ।  शुद्वोदन  गाउँपालिकाले लिएको दिर्घकालिन सोच **"शिक्षा,स्वास्थ्य,कृषि,पर्यटन र पूर्वधार सुशासन,समृद्धि शुद्वोदन  गाउँपालिकाको मूल आधार"** लाई संस्थागत कार्यान्वयन गर्नु विशिष्ट उद्धेश्यहरू रहेको छ।

## १.३ योजना निर्माण विधि र प्रक्रियाहरु

गाउँ तथ्यांक समावेश गरि आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो। गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचनाको आधारमा विषयगत वस्तुस्थिति विश्लेषण, योजनाको नतिजा, कार्यान्वयन कार्यपालिकाको आयोजना र नेतृत्व तथा विषयक्षेत्र योजना तर्जुमा समितिहरुको संयोजनमा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो। योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो। यसका साथै कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्ने रणनीति

तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो। यसका साथै कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट संकलन गरियो।

### १.३.१ वस्तुस्थिति विश्लेषण

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, स्थानीय तह बाट तयार गरिएलो पार्श्व चित्रका केहि उपलब्ध तथ्यांक लाई प्रमुख आधार मानी गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गरियो। वस्तुस्थिति विवरणमा गाउँ कार्यापालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्थानीय संघ, संस्था र समूहबाट प्राप्त सूचना तथा अन्य द्धितिय स्रोतबाट उपलब्ध सूचना समावेश गरियो। यस आवधिक योजना तर्जुमा प्रक्रियामा अन्तर्गत वस्तुस्थिति विश्लेषण गोष्ठीमा गरिने सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतको आधारमा वस्तुस्थिति विश्लेषण विवरण थप सूचना तथा जानकारीमूलक बनाइयो। वस्तुस्थिति विश्लेषण विवरणबाट प्राप्त सूचनालाई यस योजनाको आधाररेखा सूचनाको रुपमा उपयोग गरियो, जसलाई योजनाको आधार दस्तावेजकारुपमा लिइयो।

### १.३.२ योजना दस्तावेज तयारि

योजना तर्जुमा प्राविधिक टोलीको सहयोगमा वस्तुस्थिति विवरण तथा आधार सूचना, वस्तुस्थिति विश्लेषण र योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल तथा परामर्शबाट प्राप्त विवरण, सूचना तथा निष्कर्ष नतिजामूलक योजना तर्जुमाको ढाँचामा लिपिवद्ध गरी योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ। सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, साविक जिल्ला तथा स्थानीय निकायका गाविसहरुका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ। साथै योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाब लिई योजना तर्जुमा प्राविधिक टोलीद्धारा नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ।

### १.३.३ मस्यौदा प्रस्तुति तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारि

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाँचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई गाउँपालिकाका पदाधिकारी, कर्मचारी सरोकारवाला माझ मस्यौदा प्रस्तुती सुझाव संकलन कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो। कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवयक सुझाव प्राप्त गरिएको छ। त्यस `कार्यशालामा सहभागितामूलक प्रक्रियाबाट गाउँपालिकाको दिर्घकालिन सोच (vision), विकासका निर्देशक सिद्धान्तको रुपमा योजनाको ध्येय (Mission), योजनाको समष्टिगत लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies) तर्जुमा गरियो।

यस कार्यशालाबाट योजनाको वित्तीय विश्लेषणमा जनसमुदाय, नीजि क्षेत्र, गैसस तथा समुदायिक संस्था, संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी

अपुग श्रोत परिचालन गर्ने रणनीति तय गरियो। कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खााका प्रस्तुत तथा छलफल गरिने थियो। यस कार्याशाला गोष्ठीमा कार्यापालिकाका पदाधिकारी, सबै विषय क्षेत्र योजना तर्जुमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषयविज्ञ तथा अगुवा, समाजसेवी बुद्धीजिवि, लक्षित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र समुदायिक संस्थाका प्रतिनिधि ईत्यादीको उपस्थिति गरिएको छ। यस कार्यशालाको निष्कर्ष तथा कार्यशाला र सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी शुद्दोदन गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ।

# परिच्छेद २

# गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

शुद्दोदन गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाको पुर्वमा तिलोत्तमा नगरपालिका, पश्चिममा गैडहवा गाउँपालिका, उत्तरमा सैनामैना न.पा. र बुटवल उप म.न.पा. र दक्षिणमा सियारी गा.पा. र मायादेवी गा.पा.मा रहेको जिल्लाको सदरमुकाम भैरहवावाट पश्चिम उत्तर अवस्थित गाउँपालिका हो। शुद्दोदन गाउँपालिका जिल्लाको राजनीतिक विभाजनमा निर्वाचन क्षेत्र नम्बर ३ 'ख' मा पर्दछ। यस गाउँपालिका ७ वटा वडामा बिभाजित छ। विश्व मानचित्रमा २७.६२३५° उत्तरी अक्षांस र ८३.४१६०° पूर्वी देशान्तरसम्म फैलिएको यो गाउँपालिकाको कूल क्षेत्रफल ५७.६६ वर्ग किमी रहेको छ।

साविकका सौ. फर्साटीकर, मानपकडी, माननटेरीया र ख. वनगाई गा.वि.स. हरुको समायोजनवाट ७ वडामा विभाजित यो गाउँपालिकाको नाम गौतम बुद्धका पिताको नामबाट नामाङ्कित भएकोले यस शुद्दोदन गाउँपालिकाको छुट्टै पहिचान रहेको छ। यस गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि बाहेक प्रशासनिक संरचनामा प्रमुखका रुपमा कार्यकारी प्रमुख रहेका छन् भने, पालिका प्रशासनलाई स्वास्थ्य, कृषि, कृषि विकास, आई.टि. शाखा, पशु सेवा र प्राविधिक शाखामा विभाजन गरिएको छ। त्यसैगरी वडा सचिवहरु भौगोलिक हिसाबले रहेका वडाहरुमा कार्यरत भएको देखिन्छ तथा महिला विकास जस्ता अन्य उपसाखा पनि रहेका छन्।

*तस्विरः १ शुद्दोदन गाउँपालिकाको वाड सहितको नक्सा*



*तस्विरः २ शुद्दोदन गाउँपालिकाको प्रशासनिक नक्सा*




## २.१.२प्राकृतिक तथा साँस्कृतिक सम्पदा

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका समुन्द्र सतहबाट ९२ मिटरको उचाई सम्म फैलिएको छ।उष्ण प्रदेशिय हावा यहाँको हावापानीको विशेषता हो।यस गाउँपालिका क्षेत्रमा तापक्रम न्यूनतम ८.७५ डीग्री सेल्सीयस देखि अधिकतम ४४ डिग्री सेल्सीयस रहन्छ र वार्षिक औषत वर्षा १३९१ मि.मि. हुन्छ।यस गाउँपालिकामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन।चैत्र महिनादेखि आश्विनको सूरुसम्म गर्मी हुन्छ।आश्विन, कार्तिक, मंसिर र फागूनमा यहाकां हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ। जेष्ठको अन्त्यदेखि आश्विनको सूरुसम्म मनसूनी वायूका कारण प्रशस्त बर्षा हूने गर्छ।

गाउँपालिकाको भूगोल मूलतः कृषी क्षेत्र ,ग्रामीण क्षेत्रहरु, चरन क्षेत्र, खोला-नाला तथा ढुगां बालुवाले ढाकिएर रहेको छ।पालिकाको ८३.७४ प्रतिशत खेती योग्य जमिनले ढाकिएको छ भने वनले तथा झाडी तथा बुट्यानहरुले ७.९६ प्रतिशत क्षेत्र ढाकिएको छ।यस्तै करिब ३.६० प्रतिशत भूमिमा नदीको घाट तथा तीर रहेको छ भने पाखो बारीले ३.०२ प्रतिशत भूमि ओगटेको छ।खोला तथा नालाहरुले कुल भूमिको ०.९८ प्रतिशत क्षेत्र ओगटेको छ भने ताल तथा तलाऊहरुले ०.०८ प्रतिशत क्षेत्र ओगटेको छ।गाउँपालिकाको जम्मा क्षेत्रफल ५७.६६ वर्ग किमी क्षेत्र रहेको छ ।यस गाउँपालिकालाई नदी तथा खोलाले घेरेको छ।तिनाऊ, दानव,सियारी, सुखाली, ईमुरीया तथा घमहा यस गाउँपालिका हुँदै वग्ने मुख्य नदी तथा खोलाहरु हुन।त्यस्तै दरबहवा क्षेत्र, सियाभार मन्दिर तथा शहरोन्मूख क्षेत्र फर्साटीकर बजार यहाँका पर्यटकीय तथा साँस्कृतिक क्षेत्रहरु हुन।

विश्व विख्यात शान्तिका प्रतिक गौतम बुद्धका पिता शुद्धोदनको नामवाट यस गाँउपालिकाको नामाकरण गरिएको हो। परापूर्व कालदेखि यस स्थानमा थारु, यादव, मुसलमान लगायतका विभिन्न बासिन्दाहरुको बासोबास छ। कृषिमा आधारित जीवनशैली, पुरानो इतिहास नै भेटाउन गाह्रोपर्ने यहांका हाटबजार जहाँवाट रैथाने बासिन्दाहरुले सामान साटासाट र किनबेच गर्ने चलन, समूहमा मिलेर बस्ने बानी, गुचुप्प परेका बस्तीहरु, लामो इतिहास बोकेको दरवाहा मेला, मौलिक चार्डपर्व, परामपरा, संस्कृति र भाषा गाँउपालिकाका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन्।

शुद्दोदन गाउंपालिका धार्मिक, सामाजिक सहिष्णुता भएको गाउंपालिका हो। यहाँ ब्राह्मण, क्षेत्री, मगर, गरुुङ्ग, नेवार, कामी, सार्की, दमाइ लगाएत पहाडी मूलका विभिन्न मानिस र रैथाने थारु, यादब, लोध, कुर्मी, हरिजन, मुसलमान आदि लगाएतका थुप्रै जातजातिका साथै हिन्दू, बुद्ध, इसाइ, इस्लाम धर्मावलम्बीहरु बसोबास गर्दछन्। दशैं, तिहार, जनैपूर्णीमा, तिज, छठ, होली, बुद्धजयन्ती क्रिसमस, इद लगाएतका विभिन्न चाडपर्व यहाँ मनाइन्छ। मठमन्दिर, विभिन्न धार्मिक स्थल, देउसीभैलो, भजनकृतन, कौरा, थारुनाच आदि यहाँका मौलिक साँस्कृतिक धरोहर हुन्।

## २.१.३ जनसांख्यिक अवस्था

नेपालमा सामाजिक तथा आर्थिक अवस्थामा आएको सकरात्मक परिवर्तनले गर्दा जनसङ्ख्या र वृद्धिदर कम हुदै गएको छ। जनसङ्ख्या वृद्धि, आकार, वितरण, घनत्व, बसाईंसराई आदिले कुनै पनि स्थानको जनसङ्ख्या व्यवस्थापनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ। स्थानीय जनतालाई शिक्षा, स्वास्थ्य, रोजगार लगायत विभिन्न सुविधाहरू उपलब्ध गराएर उनीहरूको जीवनस्तर माथि उठाउन सकिन्छ। यहाँका मानिसहरूलाई आधुनिक विविध सुविधाहरू उपलब्ध गराई उनीहरूको गुणस्तरीय जीवन कायम गर्नु आजको अपरिहार्य आवश्यकता हो।

*तस्विरः ३ शुद्दोदन गाउँपालिकाको वडागत जनसंख्या*




राष्ट्रिय जनगणना २०७८ शुद्दोदन गाउँपालिकाको जम्मा घरधुरी संख्या ८,६७६ र जनसंख्या ४१,९०७ रहेको छ ।उक्त जनसंख्यामध्ये २१,३३७ महिला तथा २०,५७० जना पुरुष छन्। कुल जनसंख्यामा महिलाको प्रतिशत ५० दशमलव ९२ छ भने पुरुषको प्रतिशत ४९ दशमलव ०८ छ। उक्त जनसंख्या तथा घरधुरीको आधारमा औसत परिवार संख्या प्रति घरधुरी ४ दशलवम ८३ जना हुन्छ साथै जनघनत्व ७२७ प्रति वर्ग कि.मी. रहेको छ। यस्तै यस गाउँपालिकामा मतदाताको संख्या २७,५७८ रहेको छ। सबैभन्दा बढी

जनसंख्या वडा नं. ४ मा छ। उक्त वडाको जनसंख्या ६,४९५ अर्थात गाउँपालिकाको कूल जनसंख्याको १५ दशमलव ५० प्रतिशत छ। त्यस्तै दोश्रो ठूलो वडाको रुपमा रहेको वडा नं. १ को जनसंख्या ६,४०१ छ। यो गाउँपालिकाको कूल जनसंख्यको १५ दशमलव २७ प्रतिशत हुन आउँछ। सबैभन्दा कम जनसंख्या वडा नं.६ मा छ। यस वडाको कूल जनसंख्या ४,९३६ मात्र छ। यो कूल जनसंख्याको ११ दशमलव ७८ प्रतिशत हो। गाउँपालिकाको दोश्रो सानो वडाको रुपमा रहेको वडा नं. ७ को जनसंख्या ५,८०० छ। यो गाउँपालिकाको जम्मा जनसंख्याको १३ दशमलव ८४ प्रतिशत हो। यसरी हेर्दा गाउँपालिकाको वडागत जनसंख्या वितरणमा कम्तीमा ४,९३६ देखि बढीमा ६,४९५ सम्म छ। वडागत रुपमा लैंगिक जनसंख्याको अवस्था विचार गर्दा वडा नं. १ वाहेक सबै वडामा महिलाको संख्या बढी छ।

*तस्विरः ४ जातजातिको आधरमा जनसंख्या*




यस गाउँपालिकामा सवभन्दा धेरै ३६ प्रतिशत मधेशी समुदायका मानिसहरुको बसोवास रहेको छ भने ३३ प्रतिशत थारु सहितका जानजातिको वसोवास रहेको छ। त्सतै ब्राम्हण तथा क्षेत्रीको प्रतिशत २२ छ भने ६ प्रतिशत दलित समुदायको वसोवास रहेको छ। २ प्रतिशत मुसलमान तथा १ प्रतिशत अन्य जातको बसोवास रहेको छ। यसै गरी यस गाउँपालिकाका बासिन्दाले मान्ने धर्ममध्ये सबैभन्दा बढी हिन्दूधर्मालम्बी छन। ९५ दशमलव ८० प्रतिशत बासिन्दा हिन्दू छन् भने १ दशमलव ९० प्रतिशत  १ दशमलव ७६ प्रतिशत बौद्ध धर्मालम्बी र अन्य धर्मालम्बी ० दशमलव ५४ प्रतिशत रहेका छन्।

गाउँपालिका क्षेत्रभित्र फरक क्षमता हुनेहरुको जम्मा संख्या ६७५ छ। यसमा २६८ जना महिला तथा ४०७ जना पुरुषहरु छन्। शारीरिक वा मानिसक कुनै न कुनै रुपमा अपांग मानिसहरुलाई फरक क्षमता अन्तर्गत राखिएको छ। यस गाउँपालिकामा ६ वटा निजी बैङ्कहरु मार्फत नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिन्छ।

### २.१.४ कृषि तथा खाद्य सुरक्षा

गाउँपालिका भित्र कुल घरधुरी ७६.३७% ले कृषि तथा पशुपालनलाई निर्वाहमुखि व्यवसायको रुपमा प्रयोग गर्दै आएका छन्।विगत एक दशक देखि ताजा तरकारी र दुग्ध उत्पादनलाई कृषि पेशा भित्रको आम्दानीको स्रोतका रुपमा विकास हुदै आएको छ।यस पालिकाले वरिपरिका स्थानीय तहका वजारहरूमा ताजा तरकारीको आपुर्ति गरिरहेको अवस्था छ।यहाँ उत्पादन हुने धान,गहुँ, मकै,वदाम र दलहन प्रमुख अन्नका रुपमा महत्वपूर्ण मानिएको छ।व्यवसायिक तरकारी बाली, पशुपालन, कुखुरापालन तथा मत्यपालन पनि यस गाउँपालिकाका किसानहरुले गर्दै आएका छन।ताजा तरकारीको उत्पादन अहिले फस्टाउँदो व्यवसाय रहिआएको छ र त्यस व्यवसायलाई सहज बनाउन वडाहरुमा टनल पनि प्रदान गरिएको पाईन्छ।समग्रमा दुग्ध उत्पादन, ताजा तरकारी उत्पादन, धान तथा दलहन आदि उत्पादनलाई व्यवसायिक रुपमा अगाडि बढाउन किसानहरूले प्रयत्न गरिरहेको अवस्था छ।उत्पादित खाद्यान्य तथा तरकारी नजिकैका हाटबजारहरु, भैरहवा र वुटवलमा बेचविखन गरिन्छ।यस गाउँपालिकाका ६६२६ किसानहरुले ३७६९.८ हेक्टर जमिनमा कृषि कार्य गरेको पाईन्छ।यस्तै पशुपालन अन्तर्गत ७२१ कृषकहरुले २०२७ गाई तथा गोरु, २७२४ कृषकहरुले ७३९३ राँगा तथा भैंसी, ३४४३ कृषकहरुले १८,६३९ बाख्रा तथा च्याङग्रा, ९४ कृषकहरुले ८३२ सुगुँर तथा बंगुर र १७०६ कृषकहरुले ३४,६५१ कुखुरा पालेको पाईन्छ। यस गाउँपालिकामा १३ वटा कुखुरापालन, १४ वटा बाख्रा, ३ वटा वङ्गुर, २५ रोपनिमा माछापालन माछाहरूको व्यवसायिक उत्पादनको लागि फर्महरूको स्थापना गरी सञ्चालन  गरिएको छ भने १ वटा तरकारी तथा फलफुल बिक्रि केन्द्र तथा ७ वटा हाट वजार दर्ता भएका छन्।

गाउँपालिकाले उपलव्ध गराएको तथ्याङ्क अनुशार गाउँपालिकाका ७०१ घरपरिवारलाई आफ्नो कृषि उत्पादनले ३ महिना मात्र खान पुग्ने देखिएको छ।यसैगरी १५६४ घरपरिवारलाई ४ देखि ६ महिना, १७४३ परिवारलाई ७ देखि ९ महिना, १७४१ परिवारलाई १० देखि १२ महिना खान पुग्ने एवम् ३४४ परिवारलाई १२ महिना खान पुगीकन बेचबिखन समेत गर्ने घरधुरी सर्भेक्षणबाट देखिएको छ त्यस कारण खाद्य सुरक्षाको समस्या धेर नभएको देखिन्छ।

### २.१.५ पर्यटन तथा संस्कृति

ऐतिहासिक हिसाबले प्रगाड यस गाउँपालिकाले  मौलिक साँस्कृतिक तथा पुरातात्विक सम्पदा र जैविक विविधताका कारण पर्यटकीय सम्भावना वोकेका छ। यिनै  सम्पदा,  जैविक विविधताका प्रवर्द्धन र विविधिकरण गर्दै पर्यटकीय स्थलका रुपमा विकास गरी अर्थतन्त्रमा जोड दिन सक्ने कुरामा विश्वास राख्दै पर्यटन क्षेत्रमा जोड दिइएको हो।हुनतः नेपालको आन्तरिक र वाह्य राजनीतिको प्रत्यक्ष प्रभाव वाह्य पर्यटकहरूको सङ्ख्यामा पर्दछ।विगत एक दशकदेखि वाह्य पर्यटनको आगमन दरमा निक्कै आरोह अवरोह रहेको छ।दरबहवा क्षेत्र, सियाभार मन्दिर तथा शहरोन्मूख क्षेत्र फर्साटीकर बजार यहाँका पर्यटकीय तथा साँस्कृतिक क्षेत्रहरु हुन।

### २.१.६ उद्योग, व्यापार , व्यवसाय र आपूर्ति

राष्ट्रिय जनगणना २०७८ अनुशार  शुद्दोदन  गाउँपालिकाका जनसंख्याको मुख्य पेशा कृषि देखिएको छ।यो गाउँपालिकाको जम्मा जनसंख्याको ५५.४२ प्रतिशत हुन्छ। दोश्रो मुख्य पेशाको रुपमा अस्थाई मजदुरी देखिएको छ जुन १९.४० प्रतिशत हुन्छ। गाउँपालिकाका १२.३५ प्रतिशतको मुख्य पेशा नाकरी

भएको देखिन्छ।त्यस्तै व्यापार तथा व्यवसाय गर्ने ९.७६ प्रतिशत रहेका छन। आवासिय होटल ३१, किराना तथा व्यापारिक बस्तुमा ११४ दर्ता भएको पाईन्छ भने २४ वटा विभिन्न फर्महरु दर्ता भएको पाईएको छ।

तरकारी, दुग्धजन्य पदार्थ, र वनजन्य पैदावारहरू पालिका स्तरमै खपत हुने देखिन्छ भने केहि मात्रामा निर्यात पनि हुने गरेको पाईन्छ।आयात हुने वस्तुहरूमा दैनिक उपभोग हुने तयारी सामाग्रीहरूका अलावा खाद्यान्नमा चामल, तेल, दाल र तयारी खाजा आदि रहेका छन्।वढ्दो सडक संजालको विस्तारका कारण लुगा कपडा, मोवाईल, पार्टस, आदिहरूको आयात वढ्दो अवस्थामा रहेको छ।कृषि, वागवानी, पशुपन्छिका लागि आवश्यक विऊ, विषादी, मल, दाना र औषधिहरूमा आयात वढ्दो छ भने आयातित नश्लको विकासले स्थानीय रैथाने नश्लको अवस्था विस्थापनमा परेको अवस्था छ।

### २.१.७ आम्दानी, रोजगारी र वित्तीय सेवा

राष्ट्रिय जनगणना २०७८ अनुशार शुद्दोदन गाउँपालिकाका जनसंख्याको मुख्य आम्दानीको श्रोत कृषि देखिएको छ।यो गाउँपालिकाको जम्मा जनसंख्याको ५५.४२ प्रतिशत हुन्छ। दोश्रो मुख्य पेशाको रुपमा अस्थाई मजदुरी देखिएको छ जुन १९.४० प्रतिशत हुन्छ। गाउँपालिकाका १२.३५ प्रतिशतको मुख्य पेशा नाकरी भएको देखिन्छ।त्यस्तै व्यापार तथा व्यवसाय गर्ने ९.७६ प्रतिशत रहेका छन।

### २.१.८ सहकारी

यस गाउँपालिकामा जम्मा ३८ वटा सहकरी संस्थाहरु रहेका छन जस मध्ये १४ वटा कृषि तथा २४ वटा बचत तथा ऋण सहकारी संस्था रहेका छन।६२.१% स्थानीयको सहकारीमा खाता भएको पाइन्छ , वित्तीय संस्था वचत तथा ऋण सहकारीमा पहुँच नभएका घरधुरी ९.५ प्रतिशत रहेका छन्।

## २.२ सामाजिक विकासको अवस्था

### २.२.१ स्वास्थ्य तथा पोषण

यस गाउँपालिकामा सरकारी अस्पताल, हरेक वडामा स्वास्थ्य चौकी, विभिन्न निजि क्लिनिक तथा औषधि पसल, गाउँघर क्लिनिक आदि विभिन्न स्वाश्थ्य केन्द्र रहेको पाईन्छ। सेवाहरू क्रमशः क) प्रसुति सेवा ख) ल्याव सेवा ग) क्लिनिक सेवा / सामान्य फार्मेसी घ) सुरक्षित मातृत्व सेवा ङ) रक्त संचारसेवा च) एक्सरे सेवा छ) खोप सेवा ज) एससिटी सेवा झ) परामर्श सेवाहरू हुन्।तुलनात्मक रुपमा कुल जनसङ्ख्याको अधिकांश जनसङ्ख्याले कुनै न कुनै स्वास्थ्य सेवा लिन सफल भएको देखिन्छ। त्यसैगरी दिगो रोगीहरुको तथ्यांक अनुसार रक्त चापका विरामीको वर्चस्व रहेको देखिन्छ भने मानसिक रोग, क्यान्सर, मुटु रोग आदि पनि देखिएको छ।स्वास्थ्य विमाको सन्धर्भमा करिब ४.४% घरधुरीमा मात्र गरिएको पाइन्छ भने जीवन विमा १६.८%ले गरेको देखिन्छ।

### २.२.२ शैक्षिक विकास

यस गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ अनुसार ८१.२५% साक्षरता भएको देखिन्छ जसमा पुरुषको साक्षरता दर ८८.७१ तथा पुरुषको साक्षरता दर ७४.१६ रहेको छ। त्यसैगरी एस.इ.ई तहका २८०७, प्लस टु ३७८३, स्नातक तहका ९४६ , स्नातकोत्तर तह ४०१ जना रहेको पाईन्छ।साक्षर मध्ये पनि शिक्षा संकायमा अध्ययन गर्नेको अनुपात बढी रहेको देखिन्छ भने व्यवस्थापन तथा प्राविधिक शिक्षा

क्रमसः रहेको देखिन्छ।यस गाउँपालिकमा १० वटा संस्थागत विद्यालयहरुमा ४,२२६ विद्यार्थीहरुले अध्ययन गरेका छन।यस्तै १८ वटा सामूदायिक विद्यालयमा वालवालिका ४९२ जना, छात्रा १८९१ जना र छात्र २३३२ जना गरी ५२२३ जनाले अध्ययन गरिरहेका छन जसमा १२७ जना शिक्षकहरु रहेका छन।यस्तै ४वटा कलेजहरुमा शिक्षा, वाणिज्य तथा आर्टस विषयमा पढाई भई रहेकोछ।

### २.२.३ खानेपानी तथा सरसफाई

यस गाउँपालिकाको कुल घरधुरी मध्ये सबै घरधुरीमा कुनै न कुनै खानेपानीको सुविधा पुग्न सकेको देखिन्छ।५८.३९ प्रतिशत घरधुरीले नल्का तथा बोरीङको पानी प्रयोग गरेका छन। त्यस्तै २६.७६ प्रतिशत घरधुरीमा पानीको धारा घरमानै रहेकोछ भने १३.६६ प्रतिशत घर धुरीको श्रोत पाईपधारा सार्वजनिक रहेको।खानेपानीको रासायनिक र जैविक तत्वको जाँच हुन सकेको छैन। त्यसैगरी सरसफाईको सन्धर्भमा ५०.८४ प्रतिशत घरधुरीहरुले सेप्टिक ट्याङ्क नभएको कच्ची शौचालय प्रयोग गरेका छन।४३.४५ प्रतिशत घरधुरीहरुले सेप्टिक ट्याङ्क सहितको फलस फलस भएको शौचालय प्रयोग गरेका छन भने ३.५ प्रतिशत घरधुरीले फलस भएको शौचालय ढलमा व्यवस्थापन गर्ने शौचालय प्रयोग गरेका छन।त्यस्तै ०. ४८ प्रतिशत घरधुरीले सार्वजनिक शौचालय प्रयोग गरेका छन भने १. ७२ प्रतिशत  घरधुरीको आफ्नो शौचालय नभएको पाईएको छ।बजार र बस्तीहरूमा ढल निकासको व्यवस्था भने नाजुक रहेको छ।

### २.२.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

यस गाउँपालिकामा पाँच वर्ष भन्दा माथिका १९,७३५ महीला मध्ये १४,६२९ महीला साक्षर छन् भने अन्य निरक्षण रहेका छन भने त्यसैगरी ६७५ अपाङ्ग रहेका छन।सामजिक सुरक्षा भत्ता लिनेको संख्या २२९५ रहेकोछ। यस गाउँपालिकामा १६३ अपाङ्गले परिचय पत्र लिएको पाईन्छ।यस गाउँपालिकामा करिब २०.५% घरधुरी महीला मुली रहेको देखिन्छ।

### २.२.५ युवा, खेलकुद तथा कला

मौलिक कला र संस्कृति रहेको यस गाउँपालिकामा संरक्षणको आवश्यकता देखिन्छ।विभिन्न जातिबाट प्रदर्शनी गरिने विभिन्न मौलिक नाच तथा नृत्य लोप हुँदै गरेको अवस्था छ। वडामा केहि खेल मैदान युवा क्लवहरुले संरक्षण गरेको भएनी समग्रमा खेल मैदानको अवस्था सन्तोषजनक नरहेको पाईन्छ। खेल मैदान गाउँपालिकाको विभिन्न ठाउँमा रहेको भएपनि व्यवस्थित बनाउन नसकेको देखिन्छ। चाडपर्वको तथ्यांक अनुसार दशैं सर्वाधिक मनाइने गरेको देखिन्छ भने जनै पुर्णिमा, कृष्ण जन्माष्टमी, ल्होसार,छट आदि चाडहरु महत्त्वपूर्ण रहेको पाइन्छ।

## २.३ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.३.१ भू-उपयोग र भुमि व्यवस्थापन

विश्व मानचित्रमा २७.६२३५$^{0}$ उत्तरी अक्षांस र ८३.४१६०$^{\circ}$ पूर्वी देशान्तरसम्म फैलिएको यो गाउँपालिकाको कूल क्षेत्रफल ५७.६६ वर्ग किमी रहेको छ। साविकका सौ. फर्साटीकर, मानपकडी, माननटेरीया र ख. वनगाई गा.वि.स. हरुको समायोजनवाट ७ वडामा विभाजित यो गाउँपालिकाको नाम गौतम बुद्धका पिताको नामबाट नामाङ्कित भएकोले यस  शुद्दोदन  गाउँपालिकाको छुट्टै पहिचान रहेको

छ।जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका समुन्द्र सतहबाट ९२मिटरको उचाई सम्म फैलिएको छ।उष्ण प्रदेशिय हावा यहाँको हावापानीको विशेषता हो।यस गाउँपालिका क्षेत्रमा तापक्रम न्यूनतम ८.७५ डीग्री सेल्सीयस देखि अधिकतम ४४ डिग्री सेल्सीयस रहन्छ र वार्षिक औषत वर्षा १३९१ मि.मि. हुन्छ।यस गाउँपालिकालाई नदी तथा खोलाले घेरेको छ।तिनाऊ, दानव तथा घमहा यस गाउँपालिका हुँदै वग्ने मुख्य नदी तथा खोलाहरु हुन।

*तस्विरः ५ शुद्दोदन गाउँपालिकाको जमिनको अवस्था*




## २.३.२ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

लुम्बिनी प्रदेशमा ६०.५ प्रतिशत जनता शहरमा र ३९.५ प्रतिशत मानिसहरू गाउँमा बस्ने गरेका छन। शुद्दोदन गाउँपालिका भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद् जोखिममा रहेका घर परिवारलाई सुविधा सम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ।

## २.३.३ सडक, पुल तथा यातायात

शुद्दोदन गाउँपालिका अन्तरर्गतका सबै वडाहरूमा ग्राभेल तथा कालो पत्रे सडकहरु रहेका छन।पालिका भित्रका ३३२ कि.मी. सडक मध्ये १४८ कि.मी. कालोपत्रे तथा १८४ कि.मी. ग्राभेल सडक रहेका छन।तामनगर सेमलार मार्ग, भुजौली लुम्विनी सडक, तामनगर वेथारी सडक, वुद्ध सर्किट सडक, फर्साटिकर वुटवल सडक, वकुली वेथर सडक, शिशहवा वनगाई सडक यस गाउँपालिकामा रहेका मुख्य सडकहरु हुन।यस्तै पालिका भित्र पाँचवटा वसपार्कहरु रहेका छन

## २.३.४ विद्युत तथा वैकल्पिक उर्जा

यस गाउँपालिकामा खाना बनाउने उर्जाको श्रोत आधारमा एलपी ग्याँसनै सबैभन्दा बढी प्रयोग भएको देखिन्छ।त्यसपछि क्रमशः दाउरा, गुँइठा र वायो ग्याँस रहेको छ।५८.५३% घरधुरीहरुले एलपी

ग्याँस, ३३.६७% घरधुरीहरुले दाउरा, ४.०९% घरधुरीहरुले गुँइठा र ३.३४% घरधुरीहरुले वायो ग्याँस उर्जाको लागी प्रयोग गरेको पाईन्छ। उर्जाको लागी विद्युत वत्तिका आधारमा विजुलीको विस्तार गाउँपालिकाको अधिकांश स्थानहरुमा भएको देखिन्छ भने केही सिमित घरहरु सोलार वत्तिको प्रयोग गर्ने गरेको देखिन्छ।

### २.३.५ सूचना, संचार तथा प्रविधि

यस गाउँपालिकामा अधिकांश स्थलहरुमा मोबाईल नेटवर्क टिप्ने गरेको देखिन्छ भने TV तथा मोबाईल अधिकांशको घरमा हुने गरेको देखिन्छ ।८० प्रतिशत घरधुरीमा मोवाईल भएको देखिन्छ भने ४५ प्रतिशत घरधुरीमा टेलिभीजन रहेको पाईन्छ। करिब ७५% घरधुरीले ईन्टरनेट प्रयोग गर्ने गरेको देखिन्छ भने ३५० घरधुरी संग कम्प्युटर रहेको देखिन्छ ।

## २.४ वन, वातावरण तथा विपद जोखिम् न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.४.१ वन तथा जैविक विविधता

यस गाउँपालिकामा साल, सिसौ, बहुर, सफेडा आदी जस्ता रुखहरू र स्याल, गोरो,निलागाई, वन बिरालो, बँदेल, स्याल, खरायो आदि प्रकारका जनावरको बासस्थानको रुपमा रहेको छ ।यस गाउँपालिकामा 4 वटा सामुदायिक वन रहेको छ भने जसमा १२२ घरधुरी आवद्ध छन भने यसको क्षेत्रफल ८४.८ हे. रहेको छ।

### २.४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस गाउँपालिकामा तिनाऊ, दानव तथा घमहा नदी तथा खोलाहरु रहेको पाइन्छ। यी नदीहरुको किनारमा रहेको जमीनमा वर्षेनी भू-संरक्षणका कार्यक्रमहरुको आवश्यकता पर्ने देखिन्छ। त्यसैगरी यस गाउँपालिकामा रहेका विभिन्न पानीका मुहानहरुलाई संरक्षणको आवश्यकता भएको देखिन्छ।

### २.४.३ महामारी तथा विपद व्यवस्थापन

शुद्दोदन गाउँपालिका क्षेत्र विशिष्ट भौगोलिक बनौट, कमजोर चट्टान र प्राकृतिक तथा जलवायु एवं मानवीय क्रियाकलापबाट सिर्जित विपद्का दृष्टिले जोखिममा रहेको छ। प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनाहरूबाट धनजन तथा विकासका पूर्वाधारहरूको क्षतिले आर्थिक तथा सामाजिक विकासमा ठुलो असर पर्न सक्छ ।दुर्गम र कठिन भौगोलिक बनावटका कारण यो क्षेत्रको आधारभूत सेवामा पहुँच कठिन भएको र विकास प्रक्रियाहरूमा वाधा पर्दै आएको छ।

# परिच्छेद ३

## सोच तथा विकासको अवधारणा

### ३.१ पृष्ठभूमि

देशको कुनै पनि भूभागको विकास त्येसको योजनामा आधारित हुन्छ। योजनाबद्ध विकास गर्नु कुनैपनि गाउँ तथा नगरको प्रमुख एजेन्डा हुने गर्दछ। त्यसै अनुरुप यस आवधिक योजना निर्माण पनि योजनावद्ध विकासको अपरिहार्य कार्यका रुपमा हामीले लिएका छौं। कुनै पनि योजना को सुरुवात, त्यस गाउँ तथा नगरको दिर्घकालिन सोचमा अधिएको हुन्छ जसले योजनाको मार्ग दर्शाउने गर्दछ। दिर्घकालिन सोचको निर्माणले आवश्यक उपयुक्त नीति, सिद्धान्त, रणनीति, कार्यक्रम पहिचान गर्न सहज हुने र त्यसको स्पष्टताले योजनाले लक्षित गरेका सूचकहरुको पहिचान गरि सोच हासिल गर्न सकिन्छ। शुद्दोदन गाउँपालिकाका अग्रणी क्षेत्रहरुमा कृषि, उद्योग तथा पूर्वाधार विकासलाई मानिएको छ। यस आवधिक योजनामा पनि तिनै क्षेत्रहरुलाई गाउँपालिकाको दिर्घकालिन विकासका प्रमुख पक्षहरु मानिएको छ।

### ३.२ रणनीतिक स्तम्भ

- स्थानीय अर्थतन्त्र प्रवर्धन र खाद्य सुरक्षा सुनिस्चितता
- उत्पादनमुलक, जलवायु परिवर्तन प्रतिसोधक उत्थानशील विकास
- चुस्त सांगठानिक स्वरूप, अचुक सेवा प्रवाह
- समानुपातिक समावेशी र सहभागितामुलक विकास र समतामूलक समाजको निर्माण
- पारदर्शी सूचना प्रवाहमा आधारित जवाफदेही विकास व्यवस्थापन

### ३.३ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य नं. १ र २ अन्तर्गतका ६ वटा क्षेत्रहरूका १९ वटा सूचकहरूलाई आर्थिक विकास क्षेत्रको सूचकका रुपमा ग्रहण गरिएको छ।आर्थिक क्षेत्रका ६ वटा नतिजा लक्ष्य क्षेत्रहरू क्रमश गरिबी, मानव विकास, आर्थिक वृद्धि, व्यापार सञ्चिती, रोजगार, पर्यटन र कृषि तथा पशुपन्छीपालन रहेका छन् । शुद्दोदन गाउँपालिकाको आवधिक विकास योजना निर्माणमा पुर्वाधार, कृषि, खाद्य सुरक्षा र स्वास्थ्यलाई प्रमुख सूचकहरूलाई गाउँपालिकाले आवश्यकताका आधारमा चयन गरिएको छ।

#### ३.३.१ दिर्घकालिन सोच

*"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वधारः सुशासन, समृद्धि शुद्दोदन गाउँपालिकाको मूल आधार"।*

#### ३.३.२ लक्ष्य

*भौतिक पूर्वाधार एवं मानवीय क्षमताका साथै दिगो पुँजीको निर्माण गर्दै समृद्ध, आधुनिक र सुन्दर गाउँपालिका बनाउँदै सवृद्ध शुद्दोदन निर्माणको आधार तयार गर्ने।*

लक्ष्यमा परिभाषित सुचकहरूः सामुदायिक पुँजीलाई निम्न सात स्तम्भमा राखिएको छ । (क) मानवीय पुँजी — शिक्षा, स्वास्थ्य, सिप र आत्मा सम्मान (ख) सामाजिक पुँजी — नेतृत्व, सामुदायिक सहयोग, समुह र सहकार्य (ग) सौँस्कृतिक पुँजी — भाषा, संस्कृति, परम्परा र रहन सहन (घ) प्राकृतिक पुँजी — वन,

जैविक विविधता, जमिन र पानी (ङ) वित्तिय पुँजी — आय, लगानी, सम्पति (च) पुर्वाधार पुँजी — वाटो, सार्वजनिक भवन, खानेपानी एवं ढल, विजुली र सार्वजनिक संचार (छ) राजनीतिक पुँजी — सहभागीता, समावेशीकरण र गुनासाका सम्वोधन। संविधानका उल्लेखित खाद्य सुरक्षाको मौलिक हकलाई प्रत्याभुति प्राथमिकतामा राखिएको छ। खाद्य सुरक्षाका सवाललाई वहुपक्षिय आधारमा ग्रहण गरिएको छ

## ३.४ समस्टिगत उद्धेश्यहरू

१. आर्थिक विकासका क्षेत्रहरूमा लगानी गरी आत्मनिर्भर पालिकाको आधार तयार गर्नु।
२. सामाजिक क्षेत्रको विकासद्वारा नागरिकको आधारभूत सेवामा पहुँचको सुनिश्चितता गर्नु।
३. प्राथमिकताका आधारमा दीगो एवं आधुनिक भौतिक संरचनाको विकास गरी सम्मृद्ध पालिका निर्माण गर्नु।
४. भू-उपयोग तथा वातावरण संरक्षण नीतिको कार्यान्वयन गरी विपद् तथा जलवायू परिवर्तनका असरहरू न्यूनिकरण गर्नु।
५. संस्थागत विकास र सुशासनका माध्यमबाट सार्वजनिक सेवालाई जनउत्तरदायी बनाउनु।
६. सामाजिक न्यायका आधारमा समतामुलक समाजको निर्माण गर्नु।
७. स्थानीय उद्योग तथा व्यवसाय प्रवद्र्धन र रोजगारी सृर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्ने।
८. कृर्षिमा पकेट क्षेत्र निर्धारण गरी मत्स्य पर्यटन एवं धार्मिक पर्यटकीय नगरीको रुपमा विकास गर्ने।

## ३.५ परिमाणात्मक लक्ष

### १. भौतिक विकास

- **सडकः** बार्है महिना यातायात सुचारु हुने सडकको लम्बाई ४०० किमी भई पक्कि सडकमा पुग्ने समय अधिकतममा २० मिनट हुन सक्दछ। दिगो विकासको अवधारणा अँगालेर ९० किमी सडकको साइडमा वृक्षारोपण भई सडकमा हुने ध्वनि र वायु प्रदुषणमा कमि आउन सक्दछ।

**२. उर्जाः** विद्युतीय ट्रान्समिसन लाईन ९५ किमी सम्म विस्तार भई ४५ घरपरिवारमा सोलार विद्युतीय सेवा पुग्न

### ३. सामाजिक विकास

- **शिक्षाः** १५ देखि १०० उमेर समुहको साक्षरता १०० प्रतिशत भई प्राविधिक शिक्षा हासिल गर्ने संख्या १०२ पुग्न सक्नेछ। व्यास्वस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएको विद्यालय संख्या ४५ पुगी सबै तहको विद्यार्थीमा आमुल वृद्धि हुन सक्नेछ। त्यसैगरी महीला केन्द्रित शिक्षाले स्नातक उत्तीर्ण महीला संख्या पनि वृद्धि हुन सक्ने देखिन्छ।
- **स्वास्थ्यः** यस गाउँपालिकाको १०० प्रतिशत जनता स्वास्थ्य सेवाबाट अधिकतममा ३० मिनट दुरीमा हुन सक्नेछन भने प्राथमिक स्वास्थ्य सेवा तथा अस्पताल पुग्न औसत समय १५ मिनट हुन सक्नेछ। विरामी परेको खण्डमा स्वास्थ्य सेवा रोज्ने जनसंख्या १०० प्रतिशत हुन सक्ने देखिन्छ भने परिवार नियोजनका साधनको प्रयोग दर ९५ प्रतिशत पुग्ने र १०० प्रतिशत शिशु स्वास्थ्य संस्थामा जन्मिन सक्नेछन्।

## ४. आर्थिक विकास

- **कृषि तथा पशुपालनः** आफ्नो उत्पादन र आम्दानी बाट खाद्य सुरक्षा सुनिश्चित गर्ने परिवार ४०% पुग्न सक्नेछ। तरकारी उत्पादन ३०७६ मे.ट. भएर १५ व्यावसायिक नर्सरी संख्या १५ पुगेको हुने सक्नेछ। आर्थिक राहतका लागि ४० कृषि सहकारी संस्था कार्यरत हुन सक्नेछन भने ६ कोल्ड स्टोर निर्माण भएको हुन सक्नेछ। त्यसैगरी व्यावसायिक पशुपालन फर्म संख्या ५१ पुगी बुटबल लगायत छिमेकी बजारहरुमा तरकारी, फलफुल तथा पशु उत्पादन निर्यात हुन सक्नेछ।
- **उद्योग तथा बजार व्यवस्थापनः** उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति संख्या ७८२ पुगी ६४२ घरेलु तथा लघु उद्योग स्थापना भएको हुन सक्नेछ। ४५ उद्यमीले उद्यम सिर्जना र यस सम्बन्धि तालिम प्राप्त गरि १२५९ जनाले ब्यापार व्यवसाय सुचारु भएको हुन सक्नेछन्। त्यसैगरी वित्तीय संस्था संख्या ४५ पुगेर खाता हुने परिवार संख्या ५८३९ भएको हुन सक्नेछ।
- **धार्मिक क्षेत्र तथा पर्यटनः** वार्षिक भ्रमण गर्ने बाहिरी पर्यटक संख्या ७२४७ पुगी पर्यटन तथा सेवामुलक व्यवसायम संलग्न व्यक्ति संख्या ५४ पुगेको हुन सक्नेछ। त्यसैगरी १४ व्यवस्थित वनभोज तथा पार्क निर्माण भई १५ पर्यटकीय सम्पदा स्तरोन्नति गरिएको हुन सक्नेछ। कृषि पर्यटन पनि फस्टाएको हुन् सक्नेछ भने २१ होटल तथा रेस्टुरेन्ट सुचारु हुन सक्नेछन्।

## ५. वन, वातावरण तथा विपद व्यवस्थापन

- **वन तथा वातावरणः** यस गाउँपालिकाको १२% जमिन वनले ढाकेको हुन सक्नेछ। वनमा आधारित उद्योगको संख्यामा वृद्धि भई ४ सामुदायिक वन उपभोक्ता समिति निर्माण हुन सक्नेछ। त्यसैगरी दाउरा प्रयोग गर्ने परिवार संख्या १५% हुन सक्नेछ भने ४ ल्यान्डफिल साईट हरु विकास भएको हुन सक्नेछन् । त्यो बाहेक हरेक घरमा कम्पोस्टको अवधारणा विकास भई आफ्नै घर सिमानामा फोहोर व्यवस्थापन हुन सक्नेछ।
- **विपद व्यवस्थापनः** यस गाउँपालिकामा रहेका १० पानीमुहान संरक्षण भएको हुन सक्नेछ भने ४९ किमी नदि तटबन्धन भएको हुन सक्नेछन्। गाउँपालिकाले स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकुल कार्ययोजना तर्जुमा तयार पार्न सक्नेछ। त्यसैगरी ४ जोखिमयुक्त बस्तीको स्थान्तरण भई ५० जनाले विपद सम्बन्धि तालिम प्राप्त गरेको हुन सक्नेछ।

६. **संस्थागत विकासः** गाउँपालिका सँग साझेदारी गर्ने संस्थाको संख्या १९ पुग्न सक्नेछ भने गाउँपालिकाले १५ कानुन, नीति तथा ऐन स्वीकृत गरेको हुन सक्नेछ। राजस्व सुधार योजना तयार तथा कार्यन्वयन भई ३१ सेवा केन्द्रहरुमा विस्तार भएको हुन सक्नेछन्। गाउँपालिकामा कार्यरत मानव संसाधन संख्या ९८ पुगी १८ पटक स्थानीय योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धि क्षमता विकास कार्यक्रम संचालित हुन सक्नेछन्। त्यसैगरी गाउँपालिकाको भू-उपयोग नीति पनि तयार भई ७ वटै वडाको आफ्नै भवन निर्माण भएको हुन सक्नेछ।

## ३.६ रणनीति तथा कार्यनीति

*तालिका: १ शुद्धोदन गाउँपालिकाकोआगामी पाँच बर्षका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **१. आर्थिक विकासका क्षेत्रहरूमा लगानी गरी आत्मनिर्भर पालिकाको आधार तयार गर्नु ।** | |
| **१.१:** कृषि, वागवानी र पशुपन्छि पालन पेशालाई व्यवसायिक एवं मर्यादित बनाई रोजगारका अवसरहरू सिर्जना गर्ने। | १. पकेट क्षेत्रको विस्तार र उत्पादन सहयोग कार्यक्रम सञ्चालन गरिने।<br>२. उत्पादित वस्तुको गुणस्तर कायम गरिनेछ।<br>३. तरकारीमा विषादी न्युनिकरण गर्न कार्ययोजना बनाई कार्यक्रम संचालन गरिनेछ ।<br>४.एकवडा एकबाली पकेट क्षेत्र कार्यक्रमलाई प्राथमिकताका आधारमा अगाडि बढाईनेछ।<br>५. एक वडा एक नमुना कृषि फार्म स्थापना गर्ने नीति लिइनेछ।<br>६. शुद्दोदन गाउँपालिकालाई दुध, अण्डा, माछा र मासुमा आत्मनिर्भर बनाउन व्यवसायिक पशुपंक्षी पालक कृषकलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।<br>७. कृषि तथा पशुपालन क्षेत्रमा लगानी बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ, जसको लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।<br>८. व्यवसायिक तरकारी, पशु पालन, फलफूल, मौरी पालन तथा च्याउ खेतीमा प्रोत्साहन गर्नको लागि उत्पादनमा आधारित अनुदान प्रदान गर्ने नीति लिइनेछ । |
| **१.२**:पर्यटन क्षेत्रको विकास र विस्तारगर्ने। | १. नयाँ गन्तव्य क्षेत्रका संभाव्यता अध्ययन र विकास गरिनेछ ।<br>२. भौतिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.३**:लघुउद्यमशिलता र स्वरोजगार निर्माण गर्ने। | १. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।<br>२. लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकतामा राखी उद्यम विकासका माध्यमबाट आर्थिक उपार्जन गरी समग्र पालिकाको आर्थिक विकास तथा समृद्धिमा सेवा पुग्ने मूल नीति लिइनेछ।<br>३. लक्षित वर्गको माग, आवश्यकता र बजार माग अनुरुप सीप विकास तालिम प्रदान गरी गरिबी न्यूनीकरण गर्न सहयोग पुग्ने नीति लिइने छ। |
| **१.४**:सुरक्षित श्रम तथा रोजगारको सुनिश्चितता गर्ने । | १. सुरक्षित श्रम तथा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सुरक्षित वैदेशिक रोजगारको व्यवस्था मिलाइनेछ ।<br>३. स्थानीय स्तरमा आधारित परियोजनामाको प्रवर्द्धन गरिनेछ । |
| **१.५:** वित्तिय संस्था र सहकारीको परिचालन व्यवस्थित गर्ने। | १. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सार्वजनिक—निजी—सहकारी क्षेत्रको सहकार्य मार्फत स्थानीय स्रोत साधनको समुचित प्रयोग तथा परिचालन गरी दिगो स्थानीय आर्थिक विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ।<br>२. सहकारी संस्थाबाट युवा उद्यमी तथा स्वरोजगारहरुलाई सहुलियत कर्जा उपलब्ध गराउने नीति लिइनेछ।यसका लागि सहकारी संस्थालाई थोक कर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।<br>३. गरिवी र उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।<br>४.एकटोल एकवचत समुह र सबै घरधुरी सहकारीमा आवद्ध हुने व्यवस्था मिलाइनेछ ।<br>५. सहकारीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>६. गरिवी र उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ७. एक टोल एक वचत समुह र सबै घरधुरी सहकारीमा आवद्ध हुने व्यवस्था मिलाइनेछ ।<br>८. सहकारीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| २. **सामाजिक क्षेत्रको विकासद्वारा नागरिकको आधारभूत सेवामा पहुँचको सुनिश्चितता गर्नु ।** | |
| **२.१:** सर्वसुलभ गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने । | १. आधारभूत रुपमा सामान्य चिकित्सा सेवाको शीघ्र र प्रभावकारी सेवा प्रदान गरिनेछ ।<br>२. निदानात्मक, उपचारात्मक, प्रवर्धनात्मक र प्रतिरोधात्मक स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।<br>३. जीवनपथको अवधारणा अनुरुप बहुपक्षीय पोषण नीतिको कार्यान्वयन गरी समग्र विकास गरिनेछ ।<br>४. परिवार व्यवस्थापन सेवालाई थप विस्तार गरिनेछ ।<br>५. सीमान्त एवं गरिबीको अवस्थामा रहेका समुदायलाई दीर्घजीवन सहयोग प्रदान गरिनेछ । |
| **२.२**:सवैकालागिगुणस्तरिय र अनिवार्य माध्यमिक शिक्षाको व्यवस्था गर्ने । | १. नतिजामा केन्द्रित शिक्षण विधि र जीवन उपयोगी शिक्षा लागू गरिनेछ ।<br>२. प्राविधिक र व्यवसायिक शिक्षा सञ्चालन गरिनेछ ।<br>३. सवैका लागी गुणस्तरिय शिक्षाका अवसर सुनिश्चित गरिनेछ । |
| **२.३:** सबैका लागी स्वच्छताको अवसर र सफा पिउने पानी सुनिश्चितता गर्ने । | १. सवैलाई खानेपानी र सरसफाईको अवसर सुनिश्चित गरिनेछ ।<br>२. स्वच्छताको वातावरण र रोग संक्रमणको जोखिमबाट सुरक्षाको अनुभुति गराइनेछ । |
| **२.४:** विशेष र खास समुहका नागरिकहरू (अपाङ्गता),जोखिम अवस्थाका वालवालिका हिंसा प्रभावित, जेष्ठ नागरिक, अल्पसंख्यक र सिमान्तकृतनागरिक लाई प्राथामिकताको साथ संरक्षण गरिनेछ। | १. सवै क्षेत्रमा लैंगिक समानता सुनिश्चित गरिनेछ ।<br>२. महिलामाथी हुने सवै प्रकारका हिंसालाई निरुत्साहित गरिनेछ ।<br>३. जातिय समावेशिकरणको सहज पहुँच स्थापित गरिनेछ ।<br>४. विशेष समुह, वर्ग र समुदायको विशेष संरक्षण, सहभागीता र सुरक्षालाई विकास योजनामा प्राथमिकता दिइनेछ ।<br>५. लैंगिक समानता, राजनीतिक, आर्थिक र सामाजिक जीवनमा सवै नागरिकद्धारा सार्वभौम समानता र सुरक्षाको अनुभुति गराइनेछ । |
| ३. **प्राथमिकताका आधारमा दीगो एवं आधुनिक भौतिक संरचनाको विकास गरी सम्मृद्ध पालिका निर्माण गर्नु।** | |
| **३.१**:वस्तिस्तर सम्मका सडक सञ्जालहरूको विस्तार गरी वाह्रै महिना चल्ने दिगो सडक निर्माण गर्ने । | १. सङ्घीय तथा प्रदेश सरकारसँगको साझेदारिता गरिनेछ ।<br>२. गाउपालिका भित्र निर्माण हुने सडकहरूलाई मापदण्डका आधारमा क) ३०मिटर ख) १६ मिटर ग) १० मिटर घ)८ मिटर ङ) ६ मिटर चौडाईका सडकहरु निर्माण गरिनेछ।<br>३. सडकका स्तरोन्नती र सुरक्षित यातायात प्रबन्ध मिलाइनेछ ।<br>४. सवै वस्तिहरू सम्म ट्र्याक खोलिनेछ । |
| **३.२:** विद्युत र संचार संजालमा पहुँच विस्तार गर्ने । | १. सवै घरमा विद्युत उर्जा विस्तार गरिनेछ ।<br>२. सबै बस्तीहरूमा ईन्टरनेट सेवाको विस्तार गरिनेछ । |

| | |
|---|---|
| **३.३**: सुरक्षित आवास र वस्ति विकास गर्ने। | १. एकिकृत वस्ति विकासका लागि निजी क्षेत्र र सहकारीहरूसँग साझेदारिता गरिनेछ ।<br>२. आवास तथा वस्तिहरूको उत्थानशिलता विकास गरिनेछ । |
| ४. **भू-उपयोग तथा वातावरण संरक्षण नीतिको कार्यान्वयन गरी विपद् तथा जलवायू परिर्तनका असरहरू न्यूनिकरण गर्नु।** | |
| **४.१**: भू–उपयोग नीति तथा वातावरण संरक्षण नीति निर्माण गरी कार्यान्वयन गर्ने । | १. गैर काष्ठजन्य पदार्थहरूको व्यवसायिक उत्पादनमा जोड दिइनेछ ।<br>२. जैविक विविधताको संरक्षण गरिनेछ ।<br>३. पर्यटन व्यवसायसँग समन्वय विस्तार सामुदायिक वन उपभोक्ता समितिसँगको साझेदारिता गरिनेछ ।<br>४. कृतिम सिमसार क्षेत्रको विस्तार गरिनेछ ।<br>५. शुष्म जलाधार व्यवस्थापन गरिनेछ । |
| **४.२**: जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी वैज्ञानिक भुउपयोग व्यवस्था लागू गर्ने। | १. सामुदायिक वन उपभोक्ता समितिसँगको साझेदारिता गरिनेछ।<br>२. कृतिम वाँधको निर्माण गरी पोखरी निर्माण गरिनेछ ।<br>३. उपयोगका आधारमा जमिनको चक्लावन्दिको व्यवस्था मिलाइनेछ ।<br>४. वाँझो जमिनको उपयोग गरिनेछ।<br>५. वैज्ञानिक वन व्यवस्थापन गरिनेछ।<br>६. भुमि वैकको व्यवस्थापन गरिनेछ । |
| **४.३**:जलवायु अनुकुलन विधिद्धारा विपद व्यवस्थापन गर्ने । | १. जलवायू अनुकुलन कार्य योजना तर्जुमा गरिनेछ।<br>२. परम्परागत रुपमा अभ्यास गर्दै आएका वर्षे पानी सङ्कलन पोखरीहरूको सुधार र संरक्षण गरिनेछ । |
| **४.४**: विपद् व्यवस्थापन र प्रतिकार्य क्षमताको विकास गर्ने । | १. विपद पूर्वतयारी योजना निर्माण गरिनेछ ।<br>२. विपद व्यवस्थापन मैत्री पूर्वाधार निर्माण गरिनेछ ।<br>३. स्वास्थ्य विपद् व्यवस्थापन गरिनेछ ।<br>४. विपद्का समयमा गर्नु पर्ने उद्धार खोज कार्यका लागि विपद व्यवस्थापन समितिको संस्थागत क्षमता विकास गरिनेछ । |
| ५. **संस्थागत विकास र सुशासनका माध्यमबाट सार्वजनिक सेवालाई जनउत्तरदायी बनाउनु ।** | |
| **५.१**: कानूनी तथा नीतिगत व्यवस्था र अध्यावधिक गर्ने । | १. नियमावली र निर्देशिकाहरू निर्माण गरिनेछ ।<br>२. आवश्यक ऐनहरूको निर्माण र संशोधन गरिनेछ ।<br>३. नीतिहरूको निर्माण र अध्यावधिक गरिनेछ ।<br>४. कार्यकारिणी समिति अन्तर्गतका उप समितिको कार्यसम्पादन निर्देशिका तयार– गरिनेछ । |
| **५.२**: सेवाप्रदायकहरूको संस्थागत संरचनामा सुधार गर्ने । | १. गाउँपालिकाको सेवाहरू चुस्त र दुरुस्त बनाइनेछ ।<br>२. डिजिटल तथ्याङ्कको व्यवस्थापन गरिनेछ ।<br>३. कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **५.३**:सुशासन, जवाफदे हिता र पारदर्शिताको सुनिश्चितता गर्ने । | १. सेवाग्राही सन्तुष्टि सर्भेक्षण डयास बोर्डमा प्रर्दशन गरिनेछ ।<br>२. साप्ताहिक कार्य सम्पादन र खर्चको अवस्थालाई डयास वोर्डमा प्रदर्शन गरिनेछ ।<br>३. सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण सार्वजनिक सुनुवाई तथा GESI परीक्षण नियमित रुपमा गरिनेछ । |

| ६. सामाजिक न्यायका आधारमा समतामुलक समाजको निर्माण गर्नु । | |
|---|---|
| ६.१: सामाजिक न्यायका आधारमा लैङ्गिक, धार्मिक, साँस्कृतिक रुपमा सारभूत समानता कायम गर्ने । | १. जातिय छुवाछुत तथा भेदभाव रहितका नीति, ऐन र सामाजिक जागरणका कार्यक्रम तय गरिनेछ ।<br>२. जनजाति र दलितको सशक्तिकरणका लागि अभियान सञ्चालन गरिनेछ ।<br>३. बाल संरक्षण समितिको सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. स्कूलमा आधारित बालक्लव परिचालन गरिनेछ ।<br>५. Geriatric Care र Orthopaedic Care सहित स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।<br>६. सङ्घीय सरकारबाट उपलव्ध सामाजिक सुरक्षा प्राप्त गर्ने नागरिकको अनुगमन गरी थप व्यवस्थाको आवश्यकता ठहर भएका नागरिकका लागि थप भत्ताको व्यवस्थापन गरिनेछ ।<br>७. जातिय छुवाछुत तथा भेदभाव प्रति शून्य सहनशिलता कायम गरिनेछ ।<br>८. बालबालिका तथा किशोरकिशोरीहरू माथि हुने उपेच्छा, हिंसा, दुव्यर्वहार र शोषण प्रति शून्य सशनशिलता निति अपनाइनेछ ।<br>९. जेष्ठ नागरिकको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गरिनेछ ।<br>१०. सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन र विमा योजना सञ्चालन गरिनेछ । |

## ३.७ लगानी, श्रोत अनुमान र बाँडफाँड

### ३.७.१ आयको प्रवृत्ति र प्रक्षेपण

आर्थिक वर्ष ७९/८० बाट ८०/८१ जाँदा शुद्दोदन गाउँपालिकाकोआय वृद्धि ७.७ % ले बढेको देखिन्छ। यही प्रक्षेपण गरेर हेर्दा कुल पाँच बर्षको कुल आय ४.९५ अर्ब पुग्छ। गाउँपालिकाको हालको चालु र पुंजीगत खर्चको अनुपात ७० र ३० प्रतिशत रहेको छ।यसै आयलाई मध्यनजर गरेर व्यय विवरण पच्छिल्लो अध्यायमा गरिएको छ।

ससर्त अनुदानको बढोत्तरी धेरै भएको हुनाले यस आय प्रक्षेपणमा कुल अनुदानको मात्र प्रक्षेपण गरिएको छ।

*तालिका: २ गाउँपालिकाको बार्षिक आय प्रक्षेपण*

| क्र.सं. | वजेटका श्रोतहरु | आ.व. | वार्षिक प्रक्षेपण (आर्थिक वर्ष अनुसार, हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | कुल वजेट | ७४६,९२४ | ८०४,४३७ | ८६६,३७९ | ९३३,०९० | १,००४,९३८ | १,०८२,३१९ |
| २ | आन्तरिक आय | ५०,००० | ५३,८५० | ५७,९९६ | ६२,४६२ | ६७,२७२ | ७२,४५२ |
| ३ | नेपाल सरकार समानिकरण अनुदान | ३२०,६०० | ३४५,२८६ | ३७१,८७३ | ४००,५०७ | ४३१,३४७ | ४६४,५६० |
| ४ | प्रदेश सरकार समानिकरण अनुदान | २६,६४२ | २८,६९३ | ३०,९०३ | ३३,२८२ | ३५,८४५ | ३८,६०५ |
| ५ | नेपाल सरकार तथा प्रदेश सरकार राजस्व बाँडफाँड | ९२,७५४ | ९९,८९६ | १०७,५८८ | ११५,८७२ | १२४,७९४ | १३४,४०४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | नेपाल सरकार सामाजिक सुरक्षा | १२०,००० | १२९,२४० | १३९,१९१ | १४९,९०९ | १६१,४५२ | १७३,८८४ |
| ७ | सडक बोर्ड नेपाल | २,००० | २,१५४ | २,३२० | २,४९८ | २,६९१ | २,८९८ |
| ८ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | ४५० | ४८५ | ५२२ | ५६२ | ६०५ | ६५२ |
| ९ | गत आ.व. को बैंक मौजदात | १३४,४७८ | १२४,१२४ | ११४,५६६ | १०५,७४४ | ९७,६०२ | ९०,०८७ |




### ३.७.२ व्ययको प्रवृति र प्रक्षेपण

योजना बैंकको सम्पूर्ण योजनाहरु कार्यान्वयन गर्नलाई कुल लागत ३.६१ अर्ब देखिन्छ जसमध्ये २.३६ अर्ब पालिकाले आफ्नै, प्रदेश तथा संघ गरि खर्च गर्न सक्ने र त्यसै योजना बैंकमा रहेका अन्य योजनाहरुका लागि स्रोत खोज्नु पर्ने यस योजनाले देखाउदछ।

*तालिका: ३ पालिकाको बार्षिक व्यय प्रक्षेपण*

| क.सं. | व्यय शिर्षकहरु | आ.व. | वार्षिक खर्च (आर्थिक वर्ष अनुसार, हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | वडा कार्यालय गत बजेट | ७०,००० | ७५,३९० | ८१,१९५ | ८७,४४७ | ९४,१८० | १०१,४३२ |
| २ | आर्थिक विकास | २४,३३० | २६,२०३ | २८,२२१ | ३०,३९४ | ३२,७३४ | ३५,२५५ |
| ३ | सामाजिक विकास | ५७,५५९ | ६१,९९१ | ६६,७६४ | ७१,९०५ | ७७,४४२ | ८३,४०५ |
| ४ | पुर्वाधार विकास | १९६,५५७ | २११,६९२ | २२७,९९२ | २४५,५४८ | २६४,४५५ | २८४,८१८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सुशासन तथा संस्थागत विकास | १२,४३७ | १३,३९५ | १४,४२६ | १५,५३७ | १६,७३३ | १८,०२२ |
| ६ | वन वातावरण तथा विपद व्यवस्थपन | १४,३५० | १५,४५५ | १६,६४५ | १७,९२७ | १९,३०७ | २०,७९४ |
| | | ३७५,२३३ | ४०४,१२६ | ४३५,२४४ | ४६८,७५७ | ५०४,८५२ | ५४३,७२५ |

*तस्विरः ६ व्यय विवरण*



# परिच्छेद ४

## आर्थिक क्षेत्र

### ४.१ कृषि तथा पशुपन्छी

**पृष्ठभूमि**

कृषि विकास यस गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्रको रुपमा लक्षका रुपमा लिइएको छ । यस क्षेत्रको उर्भर जमिनको सम्भावना उपयोग गर्नका निम्ति उच्च सिप तथा विउ, विजन र माटो उपर्युक् खेति तथा मलको आवश्यक पर्दछ। पशुपन्छी विकासको दृष्टिकोणले पनि यस गाउँपालिकामा रहेको उर्भर जमिन, चरण क्षेत्र तथा स्थानीयमा देखिएको उत्साहले थप सम्भावना विकास गरेको पाइन्छ।

**प्रमुख समस्या**

आम मानिसको धारणामा कृषि, वाग वानी तथा पशुपन्छीपालनलाई पेशा तथा व्यवसायका रुपमा भन्दा पनि निर्वाहमुखि जिविकोपार्जनको माध्यम मानिएको छ। यातायात र सूचना तथा संचार क्षेत्रमा आएको प्रगतिका कारण उत्पादन लागत,वस्तुको गुणस्तर,वस्तुको बजार प्रतिस्पर्धा र उत्पादनमा संलग्न जनशक्तिको सिप र प्रविधिले यहाँको उत्पादनले बजारलाई प्रतिस्पर्धा गर्न सकिराखेको छैन । तर वास्तविकतामा आम मानिसमा रहेको ज्ञान सिप र क्षमताको व्यवसायका रुपमा पनि कृषि तथा पशुपन्छीपालन नै रहेको छ। कृषकले बजारको माग र आपूर्तिको आधारमा उत्पादन गर्न भन्दा मौषमी रुपमा परम्परागत रुपमा खेति गर्दै वस्तुहरूका नै उत्पादन गर्ने गरेको पाइन्छ। उपभोक्तामा आएको जागरण स्वरुप वजारको मागका रुपमा विकास हुदै गएको स्वस्थ्य एवं विशेष प्राङ्गारिक अन्न, तरकारी र नगदेवालीको उत्पादनलाई कृषकले वजारीकरण गर्न सकिराखेको अवस्था छैन। मागलाई अवसरको रुपमा लिने र सोही अनुसार उत्पादन चक्र निर्माण गरी योजनाबद्ध उत्पादन गर्न सकिराखेको पाईदैन। हुनतः हाल सिमित सङ्ख्यामा कृषि, वागवानी तथा पशुपन्छीपालनको व्यवसायिक विकासका रुपमा केही फर्महरू स्थापना गरिएका छन् र व्यवसायिक उत्पादनमा प्रयास गरिरहेको अवस्था छ। ति व्यवसायिक फर्मको विकासका लागि प्रधानमन्त्री कृषि योजनालगायत विगतका कृषि विकासका योजनाहरूको प्रभाव रहेको देखिन्छ। गाउँपालिकाले कृषि, बागवानी र पशुपन्छी व्यवसायको दर्ता अभियान सञ्चालन गर्दैछ। गाउँपालिकाले उत्पादनको पकेट क्षेत्र निर्माण र कृषि जमिनको चक्लावन्दि गर्न र कृषि सडकको विस्तार हुने गरि विशेष कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकेको अवस्था छैन।

**चुनौती तथा अवसर**

राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको पन्ध्रौं पञ्च वर्षिय योजनाको आधारपत्रले प्रथम चरणमा उत्पादन निर्यातका लागि भौतिक पुर्वाधारलाई प्राथमिकतामा राख्ने कुरा उल्लेख छ। गाउँपालिकाको खेति योग्य, मलिला जमिन को करिब ३६.५४% सिंचाई भएको जमिनलाई अवसरका रुपमा लिन सकिन्छ। निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्याको जीवननिर्वाहको मूल आधार भनेको साना किसान तथा कृषि मजदुरी रहेको छ। निर्वाहमुखी कृषिमा आश्रित जनसङ्ख्यालाई व्यवसायिक योजना अनुसार कृषि, वागवानी र पशुपन्छीपालनमा अगाडि वढाउदै प्रतिव्यक्ति आय वढाउन सकिन्छ ।

यस गाउँपालिकाको भूगोल, हावापानी, वातावरण र जनशक्तिको आधारमा वाड नं १ मा तरकारी उत्पादन, वाड नं २ मा पशुपालन तथा कृषि, वाड नं ५ धान तथा गहुँ, वाड नं ६ मा धान, गहुँ तथा तरकारी खेती तथा वाड नं ७ मा कृषि, तरकारी तथा दुध उत्पादनको प्रचुर सम्भावना देखिएको छ। बाख्रा र

गाई भैसीपालनको लागि शुद्धोदनको हावापानी र भूगोलको अवस्था प्रचुर मात्रामा अवसरको रुपमा रहेको छ। स्थानीय रैथाने जातका कुखुरापालन, मौरीपालन तर्फ रहेको किसानहरूको रुझान र फस्टाउदै गएका अवस्थामा पर्यटन व्यवसायलाई कृषि व्यवसायको मौलिकतामा समेट्न सकिन्छ। त्यसका लागि प्राङ्गारिक खेती, एकीकृत सत्रुजीव व्यावस्थापन, एकीकृत खेती प्रणाली जस्ता विधिहरूको प्रयोग गरि रासानिक विषादिको प्रभाव रोक्न सकिने अवस्था छ ।

**उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

रासायनिक विषाक्त खाद्य उत्पादन मुक्त क्षेत्र घोषणा गर्दै प्राङ्गारिक ताजा तरकारी तथा फलफुलको व्यवसायिक उत्पादन ।

***लक्ष्य***

कृषि तथा पशुपन्छि पालनको व्यवसायिक विकास र क्षमता अभिवृद्धि ।

***उद्देश्य***

१. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु।
३. हरेक उत्पादन समूहको लागि वस्तुको गुणस्तरीय उत्पादनको लागि क्षमता अभिवृद्धि गर्नु।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु।
५. गाउँपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः १ कृषि तथा पशुपन्छी रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु ।** | |
| **१.१ः** कृषि क्षेत्रको उत्पादकत्व बृद्धि र आधुनिकीकरण गर्ने । | १. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>२. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यवसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिंचाई सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>३. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि)मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>४. कृषिमा आधुनिकीकरणका लागि आवस्यक कृषि औजारको व्यवस्था गरिनेछ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २ः निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| **२.१ः** तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताका लागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवं वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ । |

| | |
|---|---|
| खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | ३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन (कोदो, च्याउ, अदुवा, कफी) प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।<br>७. सुरक्षित खानपान र पौष्टिकतत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः हरेक उत्पादन समूहको लागि वस्तुको गुणस्तरीय उत्पादनको लागि क्षमता अभिवृद्धि गर्नु ।** | |
| **३.१ः** जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा बृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवं विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवं उत्पादकत्व बृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |
| **उद्देश्य ४ः पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **४.१ः** कृषकलाई पशुपन्छी पालन तथा शुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लाक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यवसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यवसायिक पशुपन्छी पालनका साथै ट्राउट जातका माछा पालन तथा मौरी पालनकाका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६. प्रत्येक वार्डमा पशु प्राविधिकको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ५ः गाउँपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता गर्नु ।** | |
| **५.१ः** गाउँपालिका बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| गर्ने । | ३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्यवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ । |

## ***कार्यक्रम तथा आयोजना***

*तालिका: २ कार्यक्रम तथा आयोजना: कृषि तथा पशुपन्छी*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने स्थान, वडा/पालिका |
|---|---|---|
| कृषि तथा पशुपन्छी | वडा १- व्यवसायिक तरकारी उत्पादनको लागि टनेल खेती प्रवर्धन कार्यक्रम | १ |
| कृषि तथा पशुपन्छी | वडा १- व्यवसायिक कृषिमा संलग्न कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम | १ |
| कृषि तथा पशुपन्छी | वडा १ वा २ भित्र चिस्यान केन्द्र (कोल्ड स्टोर) डी.पी.आर. तयार | १ र २ |
| कृषि तथा पशुपन्छी | वडा १- उन्नत जातका बिऊ विजन तथा आधुनिक कृषि औजार अनुदान कार्यक्रम | १ |
| कृषि तथा पशुपन्छी | वडा १-बेलवा तरकारी ऊत्पादन संकलन एवम् वितरण केन्द्र स्थापना | १ |
| कृषि तथा पशुपन्छी | वडा १नं र वडा नं२ को लागि चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माण | २ |
| कृषि तथा पशुपन्छी | वडा २- समुहमा मौसमी तथा वेमौसमी तरकारी खेती उत्पादन कार्यक्रम (परिजुलीटार, गैरी, असीमुरे फाँट) | २ |
| कृषि तथा पशुपन्छी | वडा २-आधुनिक कृषि औजार तथा प्लास्टीक टनेल वितरण कार्यक्रम | २ |
| कृषि तथा पशुपन्छी | वडा २-अनुदानमा उन्नत विउ, विजन, मल वितरण कार्यक्रम | २ |
| कृषि तथा पशुपन्छी | वडा २-केरा खेती कार्यक्रम | २ |
| कृषि तथा पशुपन्छी | वडा २-फलफुल उत्पादन कार्यक्रम | २ |
| कृषि तथा पशुपन्छी | वडा २-ब्रोइलर, लेयर्स कुखुरा पालन कार्यक्रम | २ |
| कृषि तथा पशुपन्छी | वडा २-बाख्रा पालन कार्यक्रम | २ |
| कृषि तथा पशुपन्छी | वडा ३- वडा भित्रका कृषक समुहलाई व्यवसायिक कृषि र पशुपालन कार्यको लागि अनुदान कार्यक्रम सञ्चालन | ३ |
| कृषि तथा पशुपन्छी | वडा ३- पशुपालनका लागि चरण क्षेत्र व्यवस्थापन कार्यक्रम | ३ |
| कृषि तथा पशुपन्छी | वडा ३- आधुनिक कृषि औजार तथा मल विउ वितरण कार्यक्रम | ३ |
| कृषि तथा पशुपन्छी | वडा ३- नगदेवाली उत्पादनका लागि टनेल निर्माण कार्यक्रम | ३ |
| कृषि तथा पशुपन्छी | वडा ३- व्यवसायिक मौरीपालन कार्यक्रम सञ्चालन | ३ |
| कृषि तथा पशुपन्छी | वडा ३- व्यवसायिक कुखुरापालन कार्यक्रम प्रर्वधन | ३ |

| | | |
|---|---|---|
| कृषि तथा पशुपन्छी | वडा ३- कृषि उपज संकलन तथा विक्रि केन्द्र निर्माण | ३ |
| कृषि तथा पशुपन्छी | वडा ४- व्यवसायिक कुखुरा पालन प्रवर्धन कार्यक्रम | ४ |
| कृषि तथा पशुपन्छी | वडा ४- व्यवसायिक गाई, भैंसी, वाख्रा, वङ्गुर र स्थानीय च्वाँचे पालन कार्यक्रम | ४ |
| कृषि तथा पशुपन्छी | वडा ४- पशुजन्य दूध र मासु उत्पादन विकास कार्यक्रम | ४ |
| कृषि तथा पशुपन्छी | वडा ४- साना किसान सहकारी संस्थाद्वारा आय आर्जन वृद्धि गर्न विभिन्न उद्योग तथा दुध उत्पादन तथा संकलन केन्द्र संचालन गरी रोजगार अवसर सृजना कार्यक्रम | ४ |
| कृषि तथा पशुपन्छी | वडा ४- व्यवसायिक कृषक छनोट र प्रोत्साहन कार्यक्रम | ४ |
| कृषि तथा पशुपन्छी | वडा ४- कृषि र पशुजन्य स्थानीय उत्पादन संकलन केन्द्र निर्माण साथै व्यवसायिक कालिज फर्म संचालन तथा | ४ |
| कृषि तथा पशुपन्छी | वडा ४- मौसमी तथा वेमौसमी तरकारी खेती गर्ने व्यवसायिक कृषक समुहलाई प्रोत्साहन गर्ने तथा व्यवसायिक पशुपालन गर्ने समुहलाई प्रोत्साहन गर्ने | ४ |
| कृषि तथा पशुपन्छी | वडा ५- टनेलमा तरकारी खेती कार्यक्रम (गोलभेडा, सिमी, मौसमी तरकारी) | ५ |
| कृषि तथा पशुपन्छी | वडा ५- व्यवसायिक वाख्रा पालन कार्यक्रम | ५ |
| कृषि तथा पशुपन्छी | वडा ५- व्यवसायिक भैंसी पालन कार्यक्रम | ५ |
| कृषि तथा पशुपन्छी | वडा ५- व्यवसायिक मौरी पालन कार्यक्रम | ५ |
| कृषि तथा पशुपन्छी | वडा ६र ७ को लागि चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माण | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६-वडा भित्र दुध संकलन केन्द निर्माण | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६- व्यवसायिक कृषि उत्पादन तालिम तथा अभिमुखीकण | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६- कृषि उत्पादन संकलन तथा वितरण केन्द्र निर्माण | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६- माटोको उर्वरा शक्ति परीक्षण तथा कम्पोष्ट मल उत्पादन कार्यक्रम | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६-एक घर एक टनेल सञ्चालन कार्यक्रम | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६-कृषि विमा कार्यक्रम सञ्चालन | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६-एक गाउँ एक उत्पादन, एक वडा एक उत्पादन अवधारणा कार्यान्वयन | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६-आधुनिक कृषि औजार तथा मल वीउ वितरण कार्यक्रम | ६ |
| कृषि तथा पशुपन्छी | वडा ६-धान, गहुँ, तथा तरकारी पकेट क्षेत्र कार्यक्रम | ६ |
| कृषि तथा पशुपन्छी | वडा ७-वाँझो जग्गा न्युनीकरण गरी कृषि उत्पादन कृषक अनुदान कार्यक्रम | ७ |
| कृषि तथा पशुपन्छी | वडा ७-मासु तथा दुग्ध जन्य उत्पादन क्षेत्र (पकेट क्षेत्र) कार्यक्रम | ७ |
| कृषि तथा पशुपन्छी | वडा ७-आधुनिक कृषि औजार एवं विउ अनुदान कार्यक्रम | ७ |

| | | |
|---|---|---|
| कृषि तथा पशुपन्छी | वडा ७-उन्नत जातको नश्ल सुधारका कार्यक्रम | ७ |
| कृषि तथा पशुपन्छी | वडा ७-व्यवसायिक कृषिका लागि टनेल खेती प्रवर्धन कार्यक्रम | ७ |
| कृषि तथा पशुपन्छी | वडा ७-व्यवसायिक कृषिमा संलग्न कृषकलाई उत्पादनमा आधारित आनुदान कार्यक्रम | ७ |
| कृषि तथा पशुपन्छी | वडा ७-व्यवसायिक केरा खेती प्रवर्धन कार्यक्रम | ७ |
| कृषि तथा पशुपन्छी | वडा ७-माटोको उर्वराशक्ति परिक्षण तथा कृषि चुन वितरण | ७ |
| कृषि तथा पशुपन्छी | वडा ७-स्थानिय स्तरमा उत्पादन हुने अमिलो प्रजातिका फलफुल (कागती) खेती कार्यक्रम | ७ |

**<u>अपेक्षित उपलब्धि तथा नतिजा खाका</u>**

***<u>अपेक्षित उपलब्धि</u>***

१. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गरिन्छ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गरिनेछ।
३. हरेक उत्पादन समूहको लागि वस्तुको गुणस्तरीय उत्पादनको लागि क्षमता अभिवृद्धि गरिनेछ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन हुनेछ ।
५. गाउँपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता गरिनेछ।

## *नतिजा खाका*

*तालिका: ६ नतिजा खाका: कृषि तथा पशुपालन*

| नतिजा शृंखला | सूचक | | आधार बर्ष | लक्ष्य | | | | | पुस्टयाईका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८□/८□ | | |
| प्रभाव१.कृषि,पशु जन्यऔद्योगिक तथा पर्यटकीय उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता गुणस्तर र उपयोगमा वृद्धि गरी रोजगारीको सुनिश्चिता तथा खाद्य सुरक्षामा सुधार | आफ्नो उत्पादन र आम्दानी बाट बर्षभरि खान पुग्ने परिवार | प्रतिशत | २८.६०% | ३१.५०% | ३३.५०% | ३५.५०% | ३७.०% | ४०.०% | फिल्ड सर्भे,गाउँ बस्तुगत विवरण कृषि शाखा तथा पशुपालन को प्रतिवेदन | प्रकोपले अवरोध नगरेको अवस्था |
| | साना किसन तथा उत्पादकको औसत वार्षिक आय | हजारमा | १९४०२२ | २१३४२४ | २३४७६७ | २५८२४३ | २८४०६८ | ३१२४७४ | | |
| | बैदेशिक रोजगारीमा गएको संख्या | संख्या | ४४५ | | | | | | | |
| | व्यवसायिक, प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | १३ | १४ | १६ | १७ | १९ | २१ | | |
| | गैर कृषि पेशा (उद्यम, व्यापार, र जागिर)मा निर्भर | प्रतिशत | १६% | १५% | १४% | १३% | १२% | ११% | | |
| असर१:कृषि,पशु, व्यवसायिक र पर्यटकीय लगायत | कृषि तथा पशुपालनमा संग्लग्न जनसंख्या | प्रतिशत | ८४% | ८५.००% | ८६.००% | ८७.००% | ८८.००% | ८९.००% | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्पादन मुलक सेवा तथा सुविधाउपलब्धता, गुणस्तर र उपयोगमा वृद्धि भएको हुनेछ | पशुपन्छी र सो जन्य उत्पादन (बार्षिक ) | क्वीन्टल | ४५१८ | ४९७० | ५४६७ | ६०१३ | ६६१५ | ७२७६ | | |
| | व्यवसायिक उत्पादन संलग्न कृषक | संख्या | १४८० | १६२८ | १७९१ | १९७० | २१६७ | २३८४ | | |
| प्रतिफल १.१. कृषि उपजको व्यवसायीकरण र उत्पादन वृद्धि भएको हुनेछ | वार्षिक तरकारी उत्पादन | मे. ट. | १९१० | २१०१ | २३११ | २५४२ | २७९६ | ३०७६ | | बजेट व्यवस्थापन सरकारी, गैसस, र निजी क्षेत्रको कार्यक्रम र लगानीमा |
| | वार्षिक फलफुल उत्पादन | मे. ट. | १५० | १६५ | १८२ | २०० | २२० | २४२ | | |
| | दैनिक दुध उत्पादन | लिटर | ११६४४ | १२८०८ | १४०८९ | १५४९८ | १७०४८ | १८७५३ | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ३ | ८ | ९ | १२ | १३ | १५ | | |
| | कृषि सहकारी संस्था | संख्या | १२ | २२ | २५ | २९ | ३७ | ४० | | |
| | सहकारीमा आबद्ध कृषक | संख्या | ५४० | ५९४ | ६५३ | ७१९ | ७९१ | ८७० | | |
| | कोल्ड स्टोर | संख्या | १ | ० | ० | १ | २ | २ | | |
| | डेरी | संख्या | ४ | ५ | ७ | ९ | ११ | १२ | | |
| | कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | ८ | ८ | ९ | ९ | १० | १० | | |
| | कुखुरा फार्म | संख्या | १३ | १४ | १६ | १७ | १९ | २१ | | |
| | बाख्रा फार्म | संख्या | १४ | १५ | १७ | १९ | २० | २३ | | |
| | वङ्गुर फार्म | संख्या | ३ | ३ | ४ | ४ | ४ | ५ | | |
| | माछा पालन | रोपनी | २५ | २८ | ३० | ३३ | ३७ | ४० | | |
| | गाई भैंसी फर्म | संख्या | ३५ | ३९ | ४२ | ४७ | ५१ | ५६ | | |
| | मौरी पालन | गोला | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ | ४८३ | | |
| प्रतिफल १.३. आधुनिक पशुपालन | व्यवसायिक पशुपालनमा संग्लग्न परिवार | संख्या | २४० | २६४ | २९० | ३१९ | ३५१ | ३८७ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवसायको माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ | पशुजन्य उत्पादन विक्री गर्ने परिवार | संख्या | २४० | २६४ | २९० | ३१९ | ३५१ | ३८७ | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | ४० | ४५ | ५० | ५५ | ६० | ७० | | |
| | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | २ | ३ | ६ | ७ | ८ | ८ | | |
| | चालु घरेलु उद्योग | संख्या | १२ | १३ | १५ | १६ | १८ | १९ | | |
| | उद्योगवाट रोजगारीको सिर्जना | संख्या | ९९२ | १०९१ | १२०० | १३२० | १४५२ | १५९८ | | |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ९७१ | १०६८ | ११७५ | १२९२ | १४२२ | १५६४ | | |
| | उद्धम सिर्जना र विकास सम्बन्धि तालिम प्राप्त उद्दमी | संख्या | ४०७ | ४४८ | ४९२ | ५४२ | ५९६ | ६५५ | | |
| | साना तथा घरेलु व्यवसायमा संलग्न घरपरिवार | संख्या | ७२३ | ७९५ | ८७५ | ९६२ | १०५९ | ११६४ | | |
| | व्यवसायिक सीपमुलक तालिम प्राप्त व्यक्ति | संख्या | ३७८ | ४१६ | ४५७ | ५०३ | ५५३ | ६०९ | | |

## ४.२ सिंचाई

**पृष्ठभूमि**

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिंचाई महत्वपूर्ण माध्यम हो। सिंचाई हाम्रो समग्र देशको सम्भावना बोकेको क्षेत्र भएपनी पर्याप्त विकास नभएको क्षेत्र हो। यस गाउँपालिकामा रहेका पानीका स्रोतहरू मध्ये निकै कमले मात्रै बर्षैभरी तथा केही कुलाहरूबाट बर्षायाममा मात्र सिंचाई सुविधा उपलव्ध हुने गरेको छ। तल्लो भागमा रहेका खोला एवं नदीहरूबाट लिफ्टिङ गरेर सिंचाई गर्ने संभावना छ। डिप वोरीङग नै यहाँको सिंचाईको मुख्य श्रोत रहेकोछ।

**प्रमुख समस्या**

कृषि योग्य जमिनमा न्यून सिंचाई सुविधा हुनु, सिंचाई विकासमा आधुनिक प्रविधि (थोपा सिंचाई, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, प्रयाप्त सिंचाई कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाई आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाई स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाई आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाई बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन्।

**चुनौती र अवसर**

तराई भुभाग रहेकोले डिप वोरींङ्ग नै सिंचाइको मुख्य श्रोत हुनु तथा यस्तो सिंचाई योजना निर्माण खर्चिलो र कठिन हुनु, कृषियोग्य जमिनमा सर्वयाम सिंचाई सुविधा उपलव्ध गराउन नसक्नु, कृषि र सिंचाई बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाई आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु , धेरै श्रोतहरु सामाजीकरण गर्न नसक्नु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिंचाई प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु तथा सिंचाई कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु यहाँका चुनौतीहरू हुन्।

सिंचाईका लागि पर्याप्त स्रोतहरूको उपलव्धता हुनु, आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिंचाई निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिंचाई गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिंचाई क्षेत्र समावेश हुनु तथा सिंचाईका लागि उपयुक्त फाँटहरूको उपलव्धता हुनु अवसरहरू हुन्।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य,रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

"दिगो सिंचाईको पूर्वाधार, उत्पादन र उत्पादकत्व बृद्धिको मूल आधार"

***लक्ष्य***

सिंचाई प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने।

***उद्देश्य***

१. परम्परागत सिंचाई संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाई स्रोतको पहिचान गर्नु।
२. कृषियोग्य जमिनमा सिंचाईको पहुँच बृद्धि गर्न दिगो सिंचाई प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।

***रणनीति र कार्यनीति*** :

*तालिकाः ७ सिंचाईका रणनीति तथा कार्यनीतिहरू- सिचाई*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिंचाई संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाई स्रोतको पहिचान गर्नु ।** | |
| १.१: परम्परागत सिंचाई संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिंचाईको पहुँच बृद्धि गर्ने। | १. परम्परागत सिंचाईका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ।<br>४. आधारभूत सिंचाईको पहुँच बृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| १.२:आधारभूत सिंचाईको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाईको पहुँच बृद्धि गर्ने । | १. सिंचाईका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिंचाईको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाई संरचनाको निर्माण गरिनेछ ।<br>६. सतह सिंचाईको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिंचाई गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१०. सिंचाई आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता बृद्धि गरिनेछ। |
| **उद्देश्य २: कृषियोग्य जमिनमा सिंचाईको पहुँच बृद्धि गर्न दिगो सिंचाई प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |
| २.१: खेतीयोग्य जमिन भएको तर सिंचाईको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिंचाईको पहुँच बृद्धि गरिनेछ । | १. सिंचाई नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिंचाई कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिंचाईको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिंचाईको लागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिंचाईका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिंचाईको व्यवस्थापनको लागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ। |
| २.२: दिगो सिंचाई | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ । |

| | |
|---|---|
| प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | २. सिंचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिंचाई सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिंचाईको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा बृद्धि गरिनेछ ।<br>४. सिंचाई पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>५. सिंचाई आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |
| २.३: जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

***कार्यक्रम तथा आयोजना***

*तालिका: ८ कार्यक्रम तथा आयोजना-सिंचाई*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने स्थान, वडा/पालिका |
|---|---|---|
| सिंचाई | वडा नं १-एक वटा डीप बोरिङ्ग जडान | १ |
| सिंचाई | वडा नं १-दश वटा मिड बोरिङ्ग जडान | १ |
| सिंचाई | वडा नं १-पचहत्तर वटा स्यालो ट्युव बोरिङ्ग जडान | १ |
| सिंचाई | वडा नं १- पुराना सिंचाई कुलाहरुको मर्मत | १ |
| सिंचाई | वडा नं २- पुराना सिंचाई कुलाहरुको मर्मत तथा संभार | २ |
| सिंचाई | वडा नं २- मोहरी वाँध निर्माण | २ |
| सिंचाई | वडा नं २- चपर खोलामा वाँध निर्माण | २ |
| सिंचाई | वडा नं २-दुई वटा डीप बोरिङ्ग जडान | २ |
| सिंचाई | वडा नं २-पाँच वटा मिड बोरिङ्ग जडान | २ |
| सिंचाई | वडा नं २-पचास वटा स्यालो ट्युव बोरिङ्ग जडान | २ |
| सिंचाई | वडा नं ३-पुरानो झरन कुला मर्मत | ३ |
| सिंचाई | वडा नं ३-पाँच वटा वटा पुरना संचालनमा रहेका सतही सिंचाई आयोजना (बोरीङ्गमा पम्प हाउस) विस्तार | ३ |
| सिंचाई | वडा नं ३-सियारी खोलामा तीन वटा नयाँ बाँध निर्माण गर्ने | ३ |
| सिंचाई | वडा नं ३-पचास वटा स्यालो ट्युव बोरिङ्ग जडान | ३ |
| सिंचाई | वडा नं ४- छ वटा पुरना संचालनमा रहेका सतही सिंचाई आयोजना (बोरीङ्गमा पम्प हाउस) विस्तार | ४ |

| | | |
|---|---|---|
| सिंचाई | वडा नं ४- पुरनो झरन कुला तथा तिनाउ नदीको सिंचाई कार्यक्रम | ४ |
| सिंचाई | वडा नं ४-एक वटा डीप बोरिङ्ग जडान | ४ |
| सिंचाई | वडा नं ४-दश वटा मिड बोरिङ्ग जडान | ४ |
| सिंचाई | वडा नं ४-सत्तरी वटा स्यालो ट्युव बोरिङ्ग जडान | ४ |
| सिंचाई | वडा नं ५-पुरनो झरन कुलाहरुको मर्मत | ५ |
| सिंचाई | वडा नं ५-वेलहवा वाँध रजाड र सुखनी खोला वाँध खजुरीया निर्माण | ५ |
| सिंचाई | वडा नं ५-कुवारी सिंचाई आयोजना (पुरैनी कुलो वाट) नयाँ निर्माण | ५ |
| सिंचाई | वडा नं ५-दश वटा मिड बोरिङ्ग जडान | ५ |
| सिंचाई | वडा नं ५-पचास वटा स्यालो ट्युव बोरिङ्ग जडान | ५ |
| सिंचाई | वडा नं ५- पुरना संचालनमा रहेका बोरीङ्गमा (छ वटा) पम्प हाउस, सतही सिंचाई आयोजना विस्तार | ५ |
| सिंचाई | वडा नं ६-पुरनो झरन कुलाहरुको मर्मत | ६ |
| सिंचाई | वडा नं ६- पुरना संचालनमा रहेका बोरीङ्गमा (पाँच वटा) मर्मत तथा सतही सिंचाई विस्तार | ६ |
| सिंचाई | वडा नं ६- एक वटा डीप बोरिङ्ग जडान | ६ |
| सिंचाई | वडा नं ६- दश वटा मिड बोरिङ्ग जडान | ६ |
| सिंचाई | वडा नं ६-सत्तरी वटा स्यालो ट्युव बोरिङ्ग जडान | ६ |
| सिंचाई | वडा नं ७- पुरना संचालनमा रहेका बोरीङ्गमा (छ वटा) पम्प हाउस, सतही सिंचाई विस्तार | ७ |
| सिंचाई | वडा नं ७-दश वटा मिड बोरिङ्ग जडान | ७ |
| सिंचाई | वडा नं ७-पचास वटा स्यालो ट्युव बोरिङ्ग जडान | ७ |
| सिंचाई | विभिन्न सिंचाई योजनाहरुको डी.पी.आर. निर्माण | गाउँपालिका |

**<u>अपेक्षित उपलब्धि</u>**

१. परम्परागत सिंचाई संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाई स्रोतको पहिचान भएको हुनेछ।

२. कृषियोग्य जमिनमा सिंचाईको पहुँच बृद्धिगर्न दिगोसिंचाई प्रणालीको विकास तथा व्यवस्थापन गरिनेछ।

***<u>नतिजा खाका</u>***

*तालिका: ९ नतिजा खाका: सिंचाई*

| नतिजा शृंखला | सूचक | | आधार बर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८□/८□ |
| प्रतिफल१.२खेति योग्य जमीनमा सिंचाई सुविधा उपलब्ध भएको हुनेछ | सिंचाई सुविधा भएका खेत क्षेत्र | प्रतिशत | ९२.२६ | ९३ | ९४ | ९५ | ९६ | ९७ |
| | सुचारु सिंचाई आयोजना | संख्या | ५ | ६ | ७ | ९ | १२ | १५ |

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

**पृष्ठभूमि**

पर्यटन विकास नेपालको अधिकांश स्थलहरुको आर्थिक विकासको चालक रहेको छ भने पर्याप्त विकास तथा सम्भावना उपयोग गर्न नासकिएको अवस्था रहेको छ। यस गाउँपालिकामा पनि किम्बदन्तीहरुको पर्याप्त अध्ययन नभएको अवस्था छ भने, पर्यटकीय विकासका थुप्रै बाधक रहेको छ।

**प्रमुख समस्या**

पर्यटन तथा अतिथि सत्कार उद्योग क्षेत्र विकासका लागि शुद्धोदनको ऐतिहासिक, प्राकृतिक र मौलिक विशेषताहरूलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ। ऐतिहासिक महत्वका सांस्कृतिक सम्पदा र जैविक विविधताहरूको संरक्षण गर्दै पर्यटकहरूलाई राम्ररी संदेश दिनु पर्दछ। जैविक विविधता र ऐतिहासिक महत्व रहेका स्थान र प्रकृतिको व्यवस्थित अध्ययन गर्न सकिएको छैन । यसका लागि साँस्कृतिक सम्पदा एवं जैविक विविधताको संरक्षण, अभिलेखन र पर्यटक गाईडहरूलाई अनुशिक्षण गर्न आवश्यक हुन्छ। सघन जैविक खेती र प्राङ्गारिक खेती प्रणालीको व्यवसायिक विकास गर्दै स्थानीय ज्ञान सीप र अनुभवलाई प्रचारप्रसार गर्न सकिएको छैन। हाल पर्यटन व्यवसायमा संलग्न होटल, लज, गेष्टहाउस, रेष्टुरेण्ट र होमस्टेलाई वातावरणमैत्री विकास गर्नका लागि परिचालन हुन सकेको अवस्था छैन। गन्तव्य बिन्दुहरू, पैदलमार्ग, होमस्टेलाई कृषि संस्कृतिसँग जोड्ने वन र जलाधार क्षेत्रमा रहेका जैविक विविधतालाई संरचनागत रुपमा संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गर्न सकिएको छैन।

**चुनौती तथा अवसर**

शुद्धोदनको जैविक विविधता, सांस्कृतिक विविधता र पुरातात्विक महत्वका स्थानहरू छन् ।पोखरा भ्रमण गर्न आउने भारतिय पर्यटकहरूका लागि केहि दिनको समय लम्वाउन र नेपालका प्रख्यात हिम श्रृखलाहरूको अवलोकन गराउन सकिने संभावना छ। अहिले पनि मोटर सडकबाट नै विभिन्न ऐतिहासिक सम्पदा अवलोकन गर्न एवं हिम श्रृखला अवलोकन स्थलहरूमा पुग्न सकिन्छ। गौतम बुद्धको जन्म स्थान जस्तो महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थल जाने बाटोमा पर्ने भएको कारण छोटो समयमा पुग्न सकिने स्थलहरुलाई केन्द्रित गरेर पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिन्छ।

होमस्टेका सबै बस्तीहरूलाई जातीय संस्कृति, मानव विकास, वातावरणमैत्री पूर्वाधारहरूको विकास गरी जनपर्यावरणमैत्री गाउँका रुपमा रुपान्तरण गर्दै पर्यटन क्षेत्रबाट हुने आयलाई गाउँस्तरसम्म पुऱ्याउन सकिन्छ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

कृषि, संस्कृति र प्रकृतिको अन्योन्याश्रित सम्वन्धमा विकसित परम्परागत सम्पदा, मनोरम प्राकृतिक दृश्य र जैविक विविधतालाई पर्यटन आकर्षणका रुपमा विकास

***लक्ष्य***

अति गरिबीको रेखामुनि रहेका र खेति योग्य जमिन विहिन जनसङ्ख्याका लागि गैर कृषि क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने ।

***उद्देश्य***

१ पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
२ पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
३ मानव संसाधन विकास गर्नु ।

४ स्रोतसाधनको व्यवस्थापन गर्नु ।

***रणनीति तथा कार्यनीति***

*तालिकाः १० पर्यटन रणनीति तथा कार्यनीतिहरू- पर्यटन,संस्कृति र सम्पदा*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| **१.१:** गाउँपालिकामा हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने। | १. स्थानीय होटेल, लज, रेस्टुराँ र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतिका लागि गाउँपालिकाको पहलमा सहुलियत दरको पुँजीको खोजी गरिदिइनेछ । |
| **१.२:** गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने। | १. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोस्योर तयार गरी छिमेकी जिल्लाहरूमा बितरण गरिनेछ ।<br>४. जिल्लाका ब्याचलर्स/ मास्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानकालागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा नियात्राकारहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेखरचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. वेबसाइट, युट्युव, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवस्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य २: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| **२.१:** पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पदमार्ग, झोलुङ्गे पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ । |
| **२.२:** पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ। |
| **उद्देश्य ३: मानव संसाधन विकास गर्नु ।** | |
| **३.१:** गाउँपालिकाभित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसायप्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा ब्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Hiking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ । |
| **उद्देश्य ४: अध्ययन अनुसन्धान गर्नु।** | |
| **४.१:** बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ।<br>२. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ। |

| | |
|---|---|
| ४.२: आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

*तालिका: ११ कार्यक्रम तथा आयोजना-पर्यटन,संस्कृति र सम्पदा*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| पर्यटन, संस्कृति तथा सम्पदा | पुरातात्विक तथा धार्मिक क्षेत्र गुरुयोजना निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | सङग्राहालय डी.पी.आर. निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | पालिका स्तरीय पिकनिक स्पट तथा पार्क डी.पी.आर. निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं १- बेद माता गायत्री मन्दिरको लागी थप संरचना निर्माण, मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं १- अन्य साना मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २- समाई देवी मन्दिरको लागी थप संरचना निर्माण, मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २- वडा भित्रका साना मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २-माथिल्लो खैरनीको चपरकोना गोरकट्टा तालमा पार्क तथा पिकनीक स्थल निर्माण तथा डि.पी.आर. तयार गर्ने |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ३- सियाभार मन्दिरमा कृयापुत्री घर लगायत थप संरचना निर्माण तथा मर्मत |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ३- पुराना पाँचवटा मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ३- जनकपुर सेयारी पोखरीमा जनकपुर पार्क निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ४-केबलपुरको सिवालय मन्दिरको लागी थप संरचना निर्माण, मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ४- वडा भित्रका पुराना मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- थारु सङग्राहालय को डी.पी.आर. तयार तथा निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- दर्रहवा-कोटमाई मन्दिर क्षेत्रमा पिकनिक स्थल निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- वडा भित्रका थारु डिउहार मर्मत तथा व्यवस्थापन |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- मानपकडीको शिव मन्दिर मर्मत तथा व्यवस्थापन |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- खजुरियाको वौद्ध गुम्वा मर्मत तथा संरक्षण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ६- नागेश्वर दर्शन धाम मन्दिरको मर्मत तथा थप संरचना निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ६- समई माई थान (वकूल्ली वेल) मा नयाँ मन्दिर निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ६- चपर खोला तालमा पार्क र पिकनिक स्थल निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ७-पुर्व मधुवनी समई माई थान धार्मिक मन्दिर तथा पार्क निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २-माथिल्लो खैरनीको चपरकोना गोरकट्टा तालमा पार्क तथा पिकनीक स्थल निर्माणको लागि डि.पी.आर तयार गर्ने |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

***अपेक्षित उपलब्धि***

१ पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गरिनेछ ।

२ पर्यटकीय पूर्वाधारहरूको विकास हुनेछ ।

३ मानव संसाधन विकास गरिनेछ ।

४ स्रोतसाधनको व्यवस्थापन गरिनेछ।

***नतिजा खाका***

*तालिका: १२ नतिजा खाका: पर्यटन,संस्कृति र सम्पदा*

| नतिजा शृंखला | सूचक | | आधारबर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **इकाई** | **०८१/८२** | **०८२/८३** | **०८३/८४** | **०८४/८५** | **०८५/८६** | **०८६/८७** |
| प्रतिफल १.५ पर्यटकीय पूर्वाधार, सेवा तथा सुबिधाको प्रवर्द्धन भई पर्यटकको आगमनमा वृद्धि हुनेछ | भ्रमण गर्ने वार्षिक पर्यटक बाह्य) | संख्या | १००० | १२०० | १४५० | १७०० | २००० | २५०० |
| | भ्रमणगर्ने वार्षिक पर्यटक आन्तरिक | संख्या | ५००० | ५५०० | ६१०० | ६७०० | ७५०० | ८२०० |
| | पर्यटन, सेवामुलक व्यवसायमा संलग्न व्यक्ति | जना | २५ | २८ | ३८ | ४५ | ५० | ५४ |
| | पर्यटकिय स्तरको होटेल रेस्टुरेन्ट | संख्या | ५ | ७ | ८ | ८ | ९ | १० |
| | | | | | | | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | ३ | ५ | ७ | १० | १२ |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | १० | २० | ३० | १०० | १५० |
| | व्यवस्थित वनभोज तथा पार्क | संख्या | ७ | १० | ११ | १२ | १३ | १४ |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संख्या | ५ | ७ | ८ | ९ | १० | ११ |

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

**पृष्ठभूमि**

मानिसको ज्ञान, सीप, चाहना, दख्खल, रुची, अनुभव र स्रोतको आधारमा व्यावसायको छनौट गरिने भएपनि शुद्दोदन गाउँपालिकाकोअवस्था र परिवेश भने श्रमिक आपुर्तिलाई प्राथमिकतामा राख्ने गरेको पाइन्छ।नेपाल सरकारले लघु उद्यम, व्यापार र रोजगारको मापदण्डका रुपमा मुख्यतया चारवटा आधारलाई लिएको छ।जस अनुसार (क) आफैंले नै व्यवस्थापन हेर्ने (ख) नौं जनासम्म जनशक्ति परिचालन हुने (ग) १० किलो वाट भन्दाकम जलविद्युत स्रोतवाट सञ्चालन हुने (घ) साना व्यापार भन्नाले वार्षिक रु. पाँच लाखदेखि एक करोडसम्मको व्यापार कारोवारलाई तोकिएको छ।

यस गाउँपालिकामा प्राङ्गारिक खाद्यान्न वस्तुमा आधारित उद्यमशिलताहरूको प्रचुर सम्भावना रहेको हुँदा, औद्योगीकरणको प्रक्रियामा लैजान सकिन्छ।तरकारी र फलफूल उत्पादन तथा वजारीकरणको परिमाण दरलाई वढाउने लघु उद्यमशिलता र स्व-रोजगारमा सुस्त विकास भई राखेको अवस्था छ।

**प्रमुख समस्या**

खुल्ला बजारको राप र तापमा पिल्सिएको हाम्रो समाजमा स्वरोजगार, व्यावसाय प्रवर्द्धन गर्न दुरुह र कठिन मेहनतको आवश्यकता पर्दछ।समग्र रुपमा उपभोगको संस्कृति मौलाई रहेको अवस्थामा गाउँको गरिबीको खाडल गहिरिएर गएको अवस्था छ।अहिले देशको अर्थतन्त्रको करिब २३ प्रतिशत हिस्सा रेमिटेन्सले ओगटेको छ भने कुल ग्राहस्थमा चौथो स्थानमा रहि राष्ट्रिय अर्थतन्त्रमा सहयोग गरिरहेको भए पनि औद्योगिक क्षेत्रको योगदान खुम्चिदै गएको अवस्था हो।विकासको अवधारणा अनुसार कृषि तथा पशुपालन क्षेत्रलाई प्रथम स्तम्भ, उद्योग तथा वाणिज्य क्षेत्रलाई दोस्रो स्तम्भ र सेवा क्षेत्रलाई तेस्रो स्तम्भका रुपमा विकास गर्नुपर्ने कुरामा विज्ञहरूले जोड दिएको पाइन्छ ।अधिकांश स्थानीय तहमा सञ्चालन हुने विकासका परियोजनाहरूले सामाजिक विकासको क्षेत्र तथा भौतिक पूर्वाधार क्षेत्रहरूमा मात्र प्राथमिकतामा राख्ने गरको हुदा लगानी र लगानीको वातावरणलाई नै प्रमुख समस्याको रुपमा लिइएको छ।सामाजिक विकास तथा भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक लघु उद्यम विकास र साना व्यावसायको माध्यमबाट रोजगारी अभिवृद्धि गर्न पेशागत सीप र ज्ञानको विविधिकरण गर्न नसक्नुलाई अर्को समस्याको रुपमा लिइएको छ।औद्यौगिक उत्पादनलाई वजार श्रृखला तयार गर्न नसक्नु तेस्रो समस्याको रुपमा लिइएको छ।

**चुनौती तथा अवसर**

राष्ट्रिय लक्ष्य अनुसार सरकारको कुलग्राहस्थ उत्पादनमा लघु, साना र मझौला उद्योगहरूको योगदान बढाउने र वेरोजगारी दर घटाउने कुरालाई सूचकको रुपमा लिएको छ।तर खुल्ला र प्रतिस्पर्धात्मक अर्थव्यवस्थाले राष्ट्रिय अर्थराजनीतिमा प्रभाव पारिरहेको अवस्थामा स्थानीय माग र उत्पादनको आधारमा व्यवसायिक विकास गरी आपूर्ति सन्तुलन गर्न निक्कै चुनौतीपुर्ण मानिएको छ। वास्तवमा शुद्दोदन गाउँपालिकाभित्र व्यक्तिगत तहबाट गरिरहेका आयआर्जनको प्रयासलाई स्थानीय सरकारको तर्फबाट सहयोग, साझेदारी र सहजिकरण गर्न खोजिएको छ।लघुउद्यमको विकासबाट कृषि, बागवानी, पशुपन्छी र मौरीपालनका उत्पादनमा मुल्य थप गर्नको लागि सहयोग गर्नुको अलावा पर्यटन क्षेत्रको लागि आवश्यक वस्तु तथा सेवा आपूर्ति गर्न सहयोग मिल्ने छ।व्यवसायिक प्रवर्द्धनले मानिसहरूको उत्पादन गर्ने क्षमता अभिवृद्धि हुने र स्वरोजगार सिर्जना गर्न सहयोग गर्नेछ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

उद्यमशिलता र व्यवसायको प्रवर्द्धन र विकास , गाउँपालिका भित्र वेरोजगारको निकास

***लक्ष्य***

हाल उद्यमशिलता र स्व-रोजगारमा संलग्न कुल जनसङ्ख्यालाई दोब्बर बनाउने।

***उद्देश्य***

१. सहकारी, रेमिट्यान्स र वाह्य वित्तिय स्रोतको उत्पादनशिल क्षेत्रमा परिचालन गर्नु।
२. लघु उद्यम, स्वव्यवसाय र व्यापार संलग्न नागरिकलाई व्यवसायिक सिप र ज्ञान प्रदान गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः १३ लघु उद्यमशिलता विकास र स्व-व्यवसायको प्रवर्द्धनका रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः सहकारी, रेमिटयान्स र वाह्य वित्तिय स्रोतको उत्पादनशिल क्षेत्रमा परिचालन गर्नु ।** | |
| १.१ः बजारको मागमा आधारित उत्पादन र बजार व्यवस्थापन गर्ने । | १ बजार श्रृङ्खलामा आधारित लघु उद्यम विकासमा सहयोग गरिनेछ ।<br>२ कृषि, वागवानी तथा पशुपन्छीजन्य उत्पादन सङ्कलन केन्द्र स्थापना गरिनेछ। |
| **उद्देश्य २ः लघु उद्यम, स्व-व्यवसाय र व्यापार संलग्न नागरिकलाई व्यवसायिक सिप र ज्ञान प्रदान गर्नु।** | |
| २.१ः व्यवसायिक सिप र ज्ञानमा विकास गरी व्यवसायहरूको विकास र विस्तारका लागि वित्तिय पहुँचमा वृद्धि गर्ने। | १. हालको निर्वाहमुखि आर्थिक उपार्जनमा आश्रित परिवारलाई लघु उद्यमशिलतामा रुपान्तरण गरिनेछ।<br>२. साना तथा घरेलु उद्योगमा रहेका व्यवसायको कारोवारमा बृद्धि गर्न सहजिकरण गरिनेछ।<br>३. लघु उद्योग र साना तथा घरेलु उद्योगहरूको विकास र क्षमता अभिवृद्धि गरिनेछ। |

***प्रमुख कार्यक्रम***

*तालिकाः १३ कार्यक्रम तथा आयोजना*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | वडा नं १-हाट वजार निर्माण तथा सञ्चालन |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | वडा नं १-आधुनिक च्याउ उद्योग स्थापना गर्ने अनुदान प्रदानगर्ने |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | वडा नं २-भुजोली, गोपालपुर तथा बनगाई हाट वजारमा थप संरचणा निर्माण तथा सञ्चालन |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | वडा नं ३-वेतही भाटामा नयाँ हाट वजार निर्माण |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | वडा नं ४-फर्साटिकर हाट वजारमा थप पुर्वाधार निर्माण तथा व्यवस्थापन |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | वडा नं ५-मानपकडीको हाट वजार मर्मत तथा थप पूर्वाधार निर्माण तथा व्यवस्थापन |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | वडा नं ७-सिसवा क्षेत्रमा हाट वजारको लागि पूर्वाधार निर्माण तथा व्यवस्थापन |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

***अपेक्षित उपलब्धि***

१ सहकारी, रेमिट्यान्स र वाह्य वित्तिय स्रोतको उत्पादनशिल क्षेत्रमा परिचालन गरिनेछ।

२ लघु उद्यम, स्व-व्यवसाय र व्यापार संलग्न नागरिकलाई व्यवसायिक सिप र ज्ञान प्रदान गरिनेछ।

***नतिजा खाका***

*तालिका: १५ नतिजा खाका- उद्योग*

| नतिजा शृंखला | सूचक | | आधारबर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| प्रतिफल १.४स्थानीय कच्चा पदार्थमा आधारित उद्दोगको स्थापना एवं बजारको विकास भएको हुनेछ | चालु लघु उद्योग | संख्या | २० | २२ | २५ | २७ | ३० | ३० |
| | चालु घरेलु उद्योग | संख्या | १२ | १३ | १५ | १६ | १८ | १९ |
| | उद्योगवाट रोजगारीकोसिर्जना | संख्या | ९९२ | १०९१ | १२०० | १३२० | १४५२ | १५९८ |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ९७१ | १०६८ | ११७५ | १२९२ | १४२२ | १५६४ |
| | उद्धम सिर्जना र विकास सम्बन्धि तालिम प्राप्त उद्दमी | संख्या | ४०७ | ४४८ | ४९२ | ५४२ | ५९६ | ६५५ |
| | साना तथा घरेलु व्यवसायमा संलग्न घरपरिवार | संख्या | ७२३ | ७९५ | ८७५ | ९६२ | १०५९ | ११६४ |
| | व्यवसायिक सीपमुलक तालिम प्राप्त व्यक्ति | संख्या | ३७८ | ४१६ | ४५७ | ५०३ | ५५३ | ६०९ |
| प्रतिफल १.६ वित्तीय सेवा तथा सुविधाको पहुँचमा अभिवृद्धि हुनेछ | उत्पादन र बजारीकरणमा आबद्ध सदस्य | घर परिवार | १२० | १४० | १७० | २०० | २५० | ३०० |
| | सेवा सुचारु बैंक शाखा तथा वित्तीय सेवा प्रदायक | संख्या | २४ | २६ | २८ | ३० | ३२ | ३४ |

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

**पृष्ठभूमि**

श्रम तथा रोजगारी हरेक क्षेत्रको मेरुदण्ड रहेको छ भने स्थानीयको समिद्धि तथा जिवनोस्तर उत्थानका निम्ति अति आवश्यक क्षेत्र हो। उचित श्रम तथा रोजगारीको विकास गर्नका निम्ति गाउँपालिकाको नीतिमा उपर्युक्त भू-उपयोगको अवधारणा विकास गर्नु पर्ने देखिन्छ भने अवसर उत्पादनमा आवश्यक लगानी गर्ने तथा निम्त्याउने नीति हुनु पर्ने देखिन्छ।

**प्रमुख समस्या**

युवाहरूको पहिलो रोजाई वैदेशिक रोजगार रहेको अवस्थामा तयारी विना रोजगारीमा जाने हुदाँ राम्रो काम, तलव र सामाजिक सुरक्षाको प्रत्याभुति हुन सकेको अवस्था छैन। विदेशमा विशेष गरि जोखिमयुक्त,

फोहरयुक्त वातावरण र कठिन काम गर्नु पर्ने अवस्था रहेको छ। दैनिक ठगी, विरामी र मृत्यु सम्मका घट्नाहरूले समाचारपत्रहरू भरिने गरेको अवस्था छ। यस गाउँपालिकावाट खाडीमुलुक, भारतको कोईलाखाँद र मलेशिया लगायतका अन्य मुलुकहरूमा जाने प्रचलन धेरै रहेको छ। पर्याप्त सुचनाका अभाव, तयारी विना र खासै सिप विना कामकालागी जाने हुदाँ राम्रो तलव र सुविधा विनानै काम गर्नु पर्ने अवस्था रहेको छ।

**अवसर र चुनौती**

यस गाउँपालिकामा युवा र आर्थिक रुपले सक्रिय जनसङ्ख्याको बाहुल्यता रहेको छ। जसको परिचालन मार्फत गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रुपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैमा एउटा महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ। त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने अवसर देखिन्छ। अर्को तर्फ बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक तथा सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ। गाउँमा भित्रि रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा दैनिक उपभोगमा नै सिमित रहेको पाइन्छ। अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनःएकिरकणका सवालहरू सम्बोधन नहुनु साथै वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु यस गाउँपालिकाको लागि चुनौती देखिन्छ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

सुरक्षित र सम्मानित रोजगारी सवैको सरोकार।

***लक्ष्य***

सुचना र सिप सहितको रोजगारीको अवसरको छनौट गर्ने क्षमतामा अभिवृद्धि गर्ने।

***उद्देश्य***

वैदेशिक रोजगारीबाट आएका युवाहरूको ज्ञान सिपको सदुपयोग गर्दै स्थानीय स्तरमा रोजगारीका अवसरहरू श्रृजना गर्नु।

***रणनीति र कार्यनीति***

*तालिका: १६ श्रम तथा रोजगार र वैदेशिक रोजगारका रणनीति र कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारीबाट आएका युवाहरूको ज्ञान सिपको सदुपयोग गर्दै स्थानीय स्तरमा रोजगारीका अवसरहरू श्रृजना गर्नु ।** | |
| **रणनीति १.१:** रोजगारी पुर्वको तयारी र अनुशिक्षण गर्ने। | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी सूचना प्रवाह,सीपतालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथासहकार्य गरिनेछ।<br>३. सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यलाई बढावा |

| | |
|---|---|
| | दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धिको सेवाहरू प्रवाह गरिनेछ। |
| **रणनीति १.२:** लगानी क्षेत्रमा पुँजीको परिचालन गर्ने। | १. गाउँपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीयसाक्षरता सञ्चालनगर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिकरोजगारका कारण व्यक्ति,तथा समाजमा उत्पन्न नकारात्म क असरलाई न्यूनीकरणकालागि मनोसामाजिक परामर्शसेवा प्रदान गरिनेछ<br>२. वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>३. मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्यशाखा अन्तरगत आन्तरिकीकरणगर्दै सोसम्बन्धी सेवालाई दिगो रुपमा प्रवाह गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

१. रोजगार सूचना केन्द्र स्थापना (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन।
२. सचेतनामुलक (रिटर्नी स्वयंसेवक परिचालन र अन्तरक्रिया र होर्डिङ बोर्ड र जानकारीमुलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन।
३. आर्थिक र वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवसायिक सीप विकास तालिम सञ्चालन।
४. वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा कार्यक्रम।
५. बैदेशिक रोजगारसँग सम्बन्धित ठगी लगायतका समस्याहरूमा पिडितहरूको न्यायमा पहुँचका लागि जिल्ला प्रशासन कार्यालय र बैदेशिक रोजगार विभागसँग आवश्यक समन्वय र सहजिकरण।
६. वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम।

**अपेक्षित उपलब्धि**

वैदेशिक रोजगारीबाट आएका युवाहरूको ज्ञान सिपको सदुपयोग गर्दै स्थानीय स्तरमा रोजगारीका अवसरहरू श्रृजना भएको हुनेछ।

# परिच्छेद ५

## सामाजिक क्षेत्र

### ५.१ स्वास्थ्य र  पोषण

**पृष्ठभूमि**

नेपालको संविधान २०७२ मा आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क दावी गर्न सक्ने गरी मौलिक हकका रुपमा व्यवस्था गरिएको छ। संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणाले नागरिकको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गर्नका लागि लगानी गर्नु पर्ने कुरालाई केन्द्रित गर्दछ। दिगो विकास लक्ष्य नं.२ ले उन्नत पोषणको सुनिश्चित गर्ने र लक्ष्य नं.३ अन्तर्गत सबै उमेर समूहका व्यक्तिहरूको लागि स्वस्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने भनी तोकिएको छ।

**प्रमुख समस्या**

सबै वर्ग तथा समुदायका व्यक्तिलाई स्वास्थ्य सेवाका पहुँचमा ल्याउन नसक्नु, स्वास्थ्य सेवा लिने अभ्यास कम देखिनु, संक्रमण र महामारीजन्य रोगहरूको समुचित नियन्त्रण नहुनु, प्राकृतिक विपद र दुर्घटना वा चोटपटकबाट समग्र स्वास्थ्यमा पर्ने जोखिम न्यूनिकरण गर्ने प्रयास अव्यवस्थित बसाईँसराइ र आश्रित जनसङ्ख्याको बढ्दो अनुपात स्वास्थ्य तथा पोषण क्षेत्रमा देखा परेका प्रमुख समस्याहरू हुन्। स्वस्थ्य सेवाहरूलाई गुणस्तरीय र प्रभावकारी वनाउन प्रविधिमैत्रि जनशक्ति परिचालन सकिएको छैन।

नागरिकले संवैधानिक हक अन्तर्गत प्राप्त गर्ने स्वास्थ्य सेवाप्रति उत्तरदायी एवं प्रयाप्त जनशक्ति विकास गर्न नसक्नु, आवश्यकता अनुसार आधुनिक उपकरण र विशेषज्ञहरूको अभाव, विश्वव्यापी रुपमा परिवर्तन हुदै आएको खानपान तथा जीवनशैलीबाट उत्पन्न समग्र स्वास्थ्य हक बढ्दै जानु अर्को समस्याका पाटाहरू हुन्।

**चुनौती तथा अवसर**

निःशूल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहबाट सर्बसुलभ रुपमा प्रदान गर्न, गरिव तथा सीमान्तकृत समुदायलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा प्रवाह गर्न र स्वास्थ्य उपचारमा लाग्ने खर्च घटाउनु पहिलो चुनौती भएको छ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

स्वास्थ्य प्रति जिम्मेवार र सेवाको गुणस्तरीय सुनिश्चिता

***लक्ष्य***

नेपाल सरकारले प्रदान गर्ने निदानात्मक, प्रवर्द्धनात्मक, पुनस्थापनात्मक र प्रतिरोधात्मक उपचारात्मक स्वास्थ्य सेवाहरूको सर्वसुलभ निशुल्क र गुणस्तरिय सुनिश्चित सहित पहुँच अभिवृद्धि।

***उद्देश्य***

१ शुद्दोदन गाउँपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु।

२ थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः १७ स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः शुद्धोदन गाउँपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।** | |
| **१.१ः** गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने। | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ।<br>२. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. स्वास्थ्यको सहज पहुँचका लागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवं जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ।<br>६. ल्याव सेवा सञ्चालनका लागि आवश्यक पहल अघि बढाइनेछ। |
| **१.२ः** गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने। | १. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ः थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।** | |
| **२.१ः** स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यवसायिक सङ्घ-संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवं सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। |
| **२.२ः** गाउँपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास विकास गर्ने। | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवं विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ। |

## *कार्यक्रम तथा आयोजना*

*तालिका: १८ योजना तथा कार्यक्रमहरु -स्वास्थ्य तथा पोषण*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने स्थान, वडा/पालिका |
|---|---|---|
| स्वास्थ्य तथा पोषण | वडा नं १-दुई वर्ष मुनिका वालवालिका लक्षित नमुना पोषण कार्यक्रम | १ |
| स्वास्थ्य तथा पोषण | वडा नं १-गर्भवती तथा सुत्केरी घरदैलो जाँच कार्यक्रम | १ |
| स्वास्थ्य तथा पोषण | वडा नं १-सरुवा तथा नसर्ने रोग रोकथाम तथा सचेतना कार्यक्रम | १ |
| स्वास्थ्य तथा पोषण | वडा नं १-स्वस्थ्य आमा समुहको वैठकमा खाजा तथा भत्ता व्यवस्था | १ |
| स्वास्थ्य तथा पोषण | वडा नं १-महिला स्वास्थ्य स्वयं सेविक गोष्ठी तथा तालिम भत्ता वृद्धि कार्यक्रम | १ |
| स्वास्थ्य तथा पोषण | वडा नं १-अशक्त तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा तथा औषधि वितरण | १ |
| स्वास्थ्य तथा पोषण | वडा नं १-एक घर एक प्राथमिक उपचार वक्स (First Aid Box) वितरण | १ |
| स्वास्थ्य तथा पोषण | वडा नं २-दुई वर्ष मुनिका वालवालिका लक्षित नमुना पोषण कार्यक्रम | २ |
| स्वास्थ्य तथा पोषण | वडा नं २-गर्भवती तथा सुत्केरी घरदैलो जाँच कार्यक्रम | २ |
| स्वास्थ्य तथा पोषण | वडा नं २-सरुवा तथा नसर्ने रोग रोकथाम तथा सचेतना कार्यक्रम | २ |
| स्वास्थ्य तथा पोषण | वडा नं २-स्वस्थ्य आमा समुहको वैठकमा खाजा तथा भत्ता व्यवस्था | २ |
| स्वास्थ्य तथा पोषण | वडा नं २-महिला स्वास्थ्य स्वयं सेविक गोष्ठी तथा तालिम भत्ता वृद्धि कार्यक्रम | २ |
| स्वास्थ्य तथा पोषण | वडा नं २-अशक्त तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा तथा औषधि वितरण | २ |
| स्वास्थ्य तथा पोषण | वडा नं २-एक घर एक प्राथमिक उपचार वक्स (First Aid Box) वितरण | २ |
| स्वास्थ्य तथा पोषण | वडा नं ३-दुई वर्ष मुनिका वालवालिका लक्षित नमुना पोषण कार्यक्रम | ३ |
| स्वास्थ्य तथा पोषण | वडा नं ३-गर्भवती तथा सुत्केरी घरदैलो जाँच कार्यक्रम | ३ |
| स्वास्थ्य तथा पोषण | वडा नं ३-सरुवा तथा नसर्ने रोग रोकथाम तथा सचेतना कार्यक्रम | ३ |
| स्वास्थ्य तथा पोषण | वडा नं ३-स्वस्थ्य आमा समुहको वैठकमा खाजा तथा भत्ता व्यवस्था | ३ |
| स्वास्थ्य तथा पोषण | वडा नं ३-महिला स्वास्थ्य स्वयं सेविक गोष्ठी तथा तालिम भत्ता वृद्धि कार्यक्रम | ३ |
| स्वास्थ्य तथा पोषण | वडा नं ३-अशक्त तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा तथा औषधि वितरण | ३ |
| स्वास्थ्य तथा पोषण | वडा नं ३-एक घर एक प्राथमिक उपचार वक्स (First Aid Box) वितरण | ३ |
| स्वास्थ्य तथा पोषण | वडा नं ४-दुई वर्ष मुनिका वालवालिका लक्षित नमुना पोषण कार्यक्रम | ४ |
| स्वास्थ्य तथा पोषण | वडा नं ४-गर्भवती तथा सुत्केरी घरदैलो जाँच कार्यक्रम | ४ |
| स्वास्थ्य तथा पोषण | वडा नं ४-सरुवा तथा नसर्ने रोग रोकथाम तथा सचेतना कार्यक्रम | ४ |
| स्वास्थ्य तथा पोषण | वडा नं ४-स्वस्थ्य आमा समुहको वैठकमा खाजा तथा भत्ता व्यवस्था | ४ |

| | | |
|---|---|---|
| स्वास्थ्य तथा पोषण | वडा नं ४-महिला स्वास्थ्य स्वयं सेविक गोष्ठी तथा तालिम भत्ता वृद्धि कार्यक्रम | ४ |
| स्वास्थ्य तथा पोषण | वडा नं ४-अशक्त तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा तथा औषधि वितरण | ४ |
| स्वास्थ्य तथा पोषण | वडा नं ४-एक घर एक प्राथमिक उपचार वक्स (First Aid Box) वितरण | ४ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-दुई वर्ष मुनिका वालवालिका लक्षित नमुना पोषण कार्यक्रम | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-गर्भवती तथा सुत्केरी घरदैलो जाँच कार्यक्रम | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-सरुवा तथा नसर्ने रोग रोकथाम तथा सचेतना कार्यक्रम | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-स्वस्थ्य आमा समुहको वैठकमा खाजा तथा भत्ता व्यवस्था | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-महिला स्वास्थ्य स्वयं सेविक गोष्ठी तथा तालिम भत्ता वृद्धि कार्यक्रम | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-अशक्त तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा तथा औषधि वितरण | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-एक घर एक प्राथमिक उपचार वक्स (First Aid Box) वितरण | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-मानपकडी स्वास्थ्य चौकीमा सेवा सुविधा विस्तार तथा थप पुर्वाधार निर्माण | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ५-पुरैनी सामुदायिक स्वास्थ्य केन्द्र स्तरोउन्नति | ५ |
| स्वास्थ्य तथा पोषण | वडा नं ६-दुई वर्ष मुनिका वालवालिका लक्षित नमुना पोषण कार्यक्रम | ६ |
| स्वास्थ्य तथा पोषण | वडा नं ६-गर्भवती तथा सुत्केरी घरदैलो जाँच कार्यक्रम | ६ |
| स्वास्थ्य तथा पोषण | वडा नं ६-सरुवा तथा नसर्ने रोग रोकथाम तथा सचेतना कार्यक्रम | ६ |
| स्वास्थ्य तथा पोषण | वडा नं ६-स्वस्थ्य आमा समुहको वैठकमा खाजा तथा भत्ता व्यवस्था | ६ |
| स्वास्थ्य तथा पोषण | वडा नं ६-महिला स्वास्थ्य स्वयं सेविक गोष्ठी तथा तालिम भत्ता वृद्धि कार्यक्रम | ६ |
| स्वास्थ्य तथा पोषण | वडा नं ६-अशक्त तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा तथा औषधि वितरण | ६ |
| स्वास्थ्य तथा पोषण | वडा नं ६-एक घर एक प्राथमिक उपचार वक्स (First Aid Box) वितरण | ६ |
| स्वास्थ्य तथा पोषण | वडा नं ७-दुई वर्ष मुनिका वालवालिका लक्षित नमुना पोषण कार्यक्रम | ७ |
| स्वास्थ्य तथा पोषण | वडा नं ७-गर्भवती तथा सुत्केरी घरदैलो जाँच कार्यक्रम | ७ |
| स्वास्थ्य तथा पोषण | वडा नं ७-सरुवा तथा नसर्ने रोग रोकथाम तथा सचेतना कार्यक्रम | ७ |
| स्वास्थ्य तथा पोषण | वडा नं ७-स्वस्थ्य आमा समुहको वैठकमा खाजा तथा भत्ता व्यवस्था | ७ |
| स्वास्थ्य तथा पोषण | वडा नं ७-महिला स्वास्थ्य स्वयं सेविक गोष्ठी तथा तालिम भत्ता वृद्धि कार्यक्रम | ७ |
| स्वास्थ्य तथा पोषण | वडा नं ७-अशक्त तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा तथा औषधि वितरण | ७ |
| स्वास्थ्य तथा पोषण | वडा नं ७-एक घर एक प्राथमिक उपचार वक्स (First Aid Box) वितरण | ७ |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

### अपेक्षित उपलब्धि

सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि हुनेछ । १५ शैयाको अस्पताल सम्पन्न भई गा.पा.बाट विशेषज्ञ टोलीबाट सेवा उपलब्ध हुनेछ। परिवार नियोजनको प्रयोगकर्ताको सङ्ख्यामा बृद्धि भएको हुनेछ।वालवालिकको खोप लगाउनेको दरमा उल्लेखनिय बृद्धि हुनेछ।संस्थागत प्रसुती सेवा लिनेको सङ्ख्या बढेको तथा महीला स्वास्थ्य सुधार भएको हुनेछ।गुणस्तरीय र पोषणयुक्त खाद्य सामाग्रीमा पहुँच वृद्धि हुनेछ।लगानी मैत्री वातावरण सिर्जना भई स्वास्थ्य सेवा प्रवर्द्धन हुनेछ।

### *नतिजा खाका*

*तालिकाः १९ नतिजा खाकाः स्वास्थ्य तथा पोषण*

| नतिजा शृंखला | सूचक | | आधारबर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| | ३० मिनेट भित्र स्वास्थ्य पहुँच भएका जनसंख्या | प्रतिशत | ७६ | ८५ | ८८ | ९० | ९५ | १०० |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | ३० | २४ | २३ | २० | १८ | १५ |
| प्रतिफल २.२ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच अविवृद्धि भइ म्राती शिशु तथा बाल मृतुदर्र घटी स्वास्थ्य समाजको सृजना भएको हुनेछ | बिरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | १०० |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ६५ | ७५ | ८० | ८५ | ९० | ९५ |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

**पृष्ठभूमि**

शिक्षा विकासको आधार हो। संविधानले आधारभुत तहसम्मको शिक्षामा पहुँच, आधारभुत तहसम्मको अनिवार्य र निशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभुत गरेको छ। अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभुत गरेको छ। साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक तथा रोजगारमुलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लागीनलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने निती अवलम्बन गरेको छ।

**प्रमुख समस्या**

यस गाउँपालिकामा १८ वटा सरकारी शैक्षिक संस्था सञ्चालनमा आएको भएपनि आधारभुत तहमा देश, समाज र समुदायको बारेमा पाठ्यक्रमको विकास नहुनु माध्यमिक र उच्च माध्यमिक तहमा व्यावहारिक र प्राबिधिक शिक्षाको कमी हुनु, सामुदायिक र संस्थागत बिद्यालय बिचको गुणस्तरमा फरक देखा पर्नु, शिक्षक दरवन्दी आवश्यकता अनुसार पुरा नहुनु, पुस्तकालयको व्यवस्था समय र आवश्यकता अनुसार प्रबन्ध नहुनु, शैक्षिक सामग्री आवश्यकता अनुसार उपलब्ध नहुनु, गरिब सिमान्त्कृत परिवारको बालबच्चाको लागि बिशेष छात्रबृतिको व्यवस्था नहुनु, सबै विद्यालयमा इन्टरनेट को पहुँच नहुनु, कम्प्युटरको यथोचित व्यवस्था नहुनु, कक्षाको स्तर अनुसार बिज्ञान प्रयोगशला नहुनु, स्थानीय आवश्यकता र पहिचान झल्काउने स्थानीय बिशेषतामा आधारित पाठ्यक्रम अझै सम्म पनि तयार हुन नसक्नु गाउँपालिकाको शैक्षिक क्षेत्रमा देखा परेको समस्या हुन्। दिवा खाजा प्रभावकारी ढँगले व्यवस्था नहुनु, खेलकुद मैदानहरू सबै स्कुलहरूमा यथोचित मात्रामा व्यवस्था नहुनु, गरिब र जेहेन्दारको लागी आबासिय बिद्यालय स्थापना हुन नसक्नु, बिद्यालय भवन तथा अन्य भौतिक सुबिधाहरू यथोचित मात्रामा उपलब्ध नहुनु आदी यस गाउँपालिकाको शैक्षिक क्षेत्रमा देखा परेका अन्य समस्याहरू हुन्।

**चुनौती तथा अवसर**

विद्यालय भवन, फर्निचर, खेलकुद मैदान लगायत अन्य भौतिक सुविधा उपलब्ध गराउनु विद्यालयहरू समायोजन गरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी ढंगले सञ्चालन गराउनु साक्षरता दरमा लिङ्ग, जातिगत, फरक हुंदा समानस्तरमा ल्याउनु विद्यालय छोड्ने दर शुव्यमा झार्न, समुदायलाई विद्यालय प्रति अपनत्व कायम गर्न आदि चुनौतीहरू रहेका छन्। यसै गरी विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना पूर्वप्राथमिक शिक्षालाई समुदाय एवं विद्यालयस्तरमा सञ्चालन गर्नु प्राविधिक विद्यालय स्थापना र सञ्चालन गर्न यस गाउँपालिकाको लागि अन्य चुनौतीको रुपमा रहेका छन्। साथै अनुगमन पद्धतीलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउनु विद्यालयहरू आपसमा गाभ्न तथा मर्ज गर्न, दलित र अति गरिव समुदायका केटाकेटीहरूलाई विद्यालय ल्याउन र टिकाउन आदी जस्ता पक्षहरू पनि चुनौती को रुपमा देखा परेका छन्।

चुनौतीका बाबजुद अधिकांश अभिभावकमा शिक्षाको जागरण रहनु, गाउँपालिकाको शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय सरकारलाई भएकाले प्रदेश र संघीय सरकारसँग समन्वय गरी शिक्षक दरवन्दी बढाउन पहल गर्न सकिने, स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन अनुसार नै पाठ्यपुस्तक, शैक्षिक सामाग्री, पाठ्यक्रम,

पठनपाठन, भौतिक सुविधा, खेलकुद, पुस्तकालय, विद्यालय व्यवस्थापन, अनुगमन र निरिक्षणलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सकिने अवसरहरू रहेका छन्। यसै प्रकारले गाउँपालिकाका वडा कार्यालय तथा वस्तिसम्म सडक संजाल जोडिनु नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले शिक्षा क्षेत्रको गुणस्तर कायम गर्न प्रतिवद्धता देखाउनु शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिकाको अवसरहरू हुन्।

**<u>उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना</u>**

***<u>सोच</u>***

सामाजिक आर्थिक रुपान्तरणका अवधारणा, शैक्षिक विकसित मानव संसाधन।

***<u>लक्ष्य</u>***

गुणस्तरिय शिक्षा मार्फत सिर्जनशील, दक्ष प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव श्रोतको विकास गर्ने।

***<u>उद्देश्य</u>***

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउनु।
२. प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु।
३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधी मैत्री र रोजगारमूलक बनाउने ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु।
४. स्थानीय कृषिलाई प्रवर्द्धन गर्न कृषिमा आधारित शिक्षा र तालिमको व्यवस्था गर्नु।

***<u>रणनीति तथा कार्यनीति</u>***

*तालिकाः २० शिक्षाका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउनु।** | |
| १.१: यस गाउँपालिकाको माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क, प्रविधि मैत्री तथा भौतिक सुबिधा सम्पन्न बनाउन पहल गर्ने तथा कार्यन्वयन गर्ने। | १. शैक्षिक सामाग्री, स्तरीय भवन, फर्निचर, प्रयोगशाला तथा सवारी साधन सहित सुविधा सम्पन्न विद्यालय बनाइनेछ।<br>२. गाउँपालिकामा कम्तिमा १ वटा सुविधा सम्पन्न प्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गरिनेछ ।<br>३. सबै विद्यालयमा आधारभूत तह देखि नै अंग्रेजी, गणित, विज्ञान,कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइने।<br>४. सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ।<br>५. सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक वन समिती, क्लव तथा स्थानीय गैससलाई परिचालन गरिनेछ। |

| | |
|---|---|
| **उद्देश्य २ः प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विसतार र गुणस्तर सुनिश्चित गर्नु।** | |
| २.१ः समावेशी सहितको व्यवसायिक सिप विकासको लागि प्राविधिक शिक्षाको आधारशिला तयार पार्ने। | १. महिला, दलित, अपाङ्ग, विपन्न तथा सिमान्तकृत समूहको गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षामा पहुँच सुनिश्चित गर्दै लगिनेछ।<br>२. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस र निजी क्षेत्र समेतसँग समन्वय गरी उपयुक्त विद्यालयमा छात्रवृत्ति सहित पठनपाठनको व्यवस्था गरिनेछ।<br>३. सवै विद्यालयमा आधारभूत तह अन्तर्गत शुरु देखि नै अंग्रेजी, गणित, विज्ञान,कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइनेछ। |
| **उद्देश्य ३ः पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधमैत्री र रोजगारमूलक बनाउने ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु।** | |
| ३.१ः शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधमैत्री र रोजगारमूलक बनाउने। | १. आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूह का किशोरकिशोरीहरूलाई उनीहरूको अनुकूल अनौपचारिक सीपमूलक र डिजिटल साक्षरता कक्षा सञ्चालन गरिनेछ।<br>२. आधारभुत तहमा स्थानीय सिपको प्रतिनिधित्व हुने गरी स्थानीय पाठ्यक्रममा यस सम्बन्धी सामग्री समावेश गरिनेछ।<br>३. हरेक विद्यालयमा बिज्ञान प्रयोगशाला निर्माण गर्न भौतिक र प्राविधिक पक्षलाई सुदृढिकरण गरिनेछ।<br>४. साधारण विषय पढाउने विद्यालयलाई कम्तिमा एउटा प्राविधिक र एउटा व्यवसाहिक विषय पढाउन प्रोत्साहन गर्दै जनाशक्ती र श्रोतको लागि सहयोग गरिनेछ। |
| **उद्देश्य ४ः स्थानीय कृषिलाई प्रवर्द्धन गर्न कृषिमा आधारित शिक्षा र तालिमको व्यवस्था गर्नु।** | |
| ४.१ः कृषिलाई व्यवसायिकरण गर्ने खालको शिक्षा लाई प्रोत्साहन गर्ने। | १. आधारभुत तह देखी नै कृषि सम्बन्धी प्राविधिक र सैद्धान्तिक ज्ञानलाई प्रोत्साहन मिल्ने खालको शिक्षाको शुरुवात गरिनेछ।<br>२. गाउँपालिका क्षेत्र भित्रै प्रांगारिक मल तथा फलफुल र बिभिन्न तर्कारीको बिउ उत्पादनलाई प्रोत्साहन गर्न तालिम र आधारभुत तह देखी नै पाठ्य विषयको व्यवस्था गरिनेछ।<br>३. कृषि र दुग्ध पदार्थमा आधारित उत्पादन, प्याकिङ र स्टोरेज को लागि विद्यालय स्तरमै ऐक्षिक विषयको व्यवस्था गरिनेछ। |

## *कार्यक्रम तथा आयोजना*

*तालिका: २१ कार्यक्रम तथा आयोजना: शिक्षा*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | गाउँपालिका शिक्षा गुरुयोजना निर्माण |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं १ प्रत्येक विद्यालयमा First Aid Box र , एक स्ट्रेचर व्यवस्थान |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं १ फुलवारी प्रा.वि.मा थप दुई नयाँ कोठाको भवनमा निर्माण |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं १ वडा भित्र संचालित सम्पूर्ण विद्यालयहरुमा प्रविधी मैत्री सिकाई सहजीकरणका लागि ईन्टरनेट जडान |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं १ -शिक्षक-शिक्षिकाहरुलाई ICT तालिम सञ्चालन |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं १ वडा भित्र संचालित विद्यालयहरुको लागि २ वटा मझौला विद्युतिय सवारी साधन खरीद |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं १सिसै मा.वि.को भवनमर्मत सम्भार तथा सरस्वतिको मन्दिरनिर्माण |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं २ वडा भित्र संचालित विद्यालयहरुको लागि २ वटा मझौला विद्युतिय सवारी साधन खरीद |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ३ वडा भित्र संचालित विद्यालयहरुको लागि २ वटा मझौला विद्युतिय सवारी साधन खरीद |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ३- वडा भित्र संचालित यज्ञदय दुधनाथ वहुमुखी क्याम्पसको लागि १ वटा मझौला विद्युतिय सवारी साधन खरीद |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ४-फर्साटिकर मा.वि. तथा ईन्जिनियरिङ्ग क्याम्पासकोलागि २ वटा विद्युतिय सवारी साधन खरीद |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ४- वडा भित्रका आधारभुत तहमा कार्यरत शिक्षकलाई मन्टेश्वरी तालिम प्रदान गर्ने |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ४- वडा भित्र कार्यरत शिक्षकलाई प्रविधि मैत्री तालिम सञ्चालन गर्ने |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ५- भगलपुर मा.वि.मा फर्निचर, ईलेक्टीकल तथा वाल उद्यान निर्माण तथा वसको व्यवस्था |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ६- वडा भित्रका आधारभुत तहमा कार्यरत शिक्षकलाई मन्टेश्वरी तालिम प्रदान गर्ने |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | वडा नं ६- सिमान्तकृत र विपन्न वालवालिकालाई स्टेशनरी, ड्रेस, व्याग, खाजा सहितको पुर्ण छात्रवृतिको व्यवस्था |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

### *अपेक्षित उपलब्धि*

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउइनेछ।

२. प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गरिनेछ।

३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधी मैत्री र रोजगारमूलक बनाउने ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गरिनेछ।

४. स्थानीय कृषिलाई प्रवर्द्धन गर्न कृषिमा आधारित शिक्षा र तालिमको व्यवस्था गरिनेछ।

## *नतिजा खाका*

*तालिकाः २२ नतिजा खाका- शिक्षा*

| नतिजा शृंखला | सूचक | | आधारबर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| प्रभाव २: आधार भूत र गुणस्तरीय शिक्षा,स्वास्थ्य तथा खाने पानी सेवा न्यायोचित पहुँचएवं लक्षित वर्गको सशक्तिकरण गरी समावेशी तथा समतामुलक समाज निर्माण | १५देखि ६० सम्मको साक्षर जनसंख्या | प्रतिशत | ७०% | ७५ | ८० | ८५ | ९० | १०० |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १२० | १३२ | १४५ | १६० | १७६ | १९३ |
| | उच्चा शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७८२ | ८६० | ९४६ | १०४१ | ११४५ | १२५९ |
| | स्नातक तह उतीर्ण गर्ने महिला | संख्या | १२४० | १२७० | १२९० | १३२० | १३५० | १३९० |
| | जीवनउपयोगी सीप प्राप्त तथा संस्थामा आबद्ध युवा | संख्या | २५६ | २८२ | ३१० | ३४१ | ३७५ | ४१२ |
| प्रतिफल २.१ जीवन उपयोगी गुणस्तरीय आधारभूत प्राविधिक तथा उच्च शिक्षामा सम्वेशी समतामुलक पहुँच वृद्धि भयी दक्ष जनशक्ति उत्पादन भएको हुनेछ | स्नातक तह उतिर्ण जनसंख्या | संख्या | १२५६ | १३८२ | १५२० | १६७२ | १८३९ | २०२३ |
| | कृषि बिज्ञान सम्बन्धि अध्यनरत विद्यार्थी | संख्या | ८ | २० | २२ | २४ | २७ | २९ |
| | सूचना प्रविधि सम्बन्धि अध्ययनरत विद्यार्थी | संख्या | ३४ | ५० | ५५ | ६१ | ६७ | ७३ |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भयको बिद्यालय | | ८ | १० | १५ | २२ | ३० | ४४ |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | १०० | ८० | ८५ | ९० | ९५ | १०० |
| | परिवार नियोजन का साधन प्रयोग दर | प्रतिशत | ३४ | ७५ | ८० | ८५ | ९० | ९५ |

## ५.३ खानेपानी तथा सरसफाई

**पृष्ठभूमि**

आधारभूत खानेपानी, सरसफाई तथा स्वच्छता सुविधा सबै नागरिकलाई प्रदान गर्नु लोककल्याणकारी राज्यको अर्को मौलिक जिम्मेवारी हो।नेपालको संविधानले खानेपानी तथा सरसफाईलाई मौलिक हक र मानव अधिकारको रुपमा स्वीकार गरेको छ।खानेपानी तथा सरसफाई क्षेत्रको सुधारबाट मात्र बालमृत्युदर कम गर्न तथा सरदर आयु बृद्धि गर्न सहयोग गर्दछ। नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशिल समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकूल सुधार गर्न योगदान गर्न सक्दछ।

**प्रमुख समस्या**

जनसङ्ख्या बसाईंसराइको चाप र जनसङ्ख्या वृद्धिसंगै बस्ती तथा शहरमा प्रदुषण वढ्दो छ। पर्यावरणीय असन्तुलन, प्लाष्टिकजन्य फोहरले शहरलाई कुरुप बनाउँदै गएको अवस्था छ। फोहरमैलाको विसर्जन र पुनःप्रयोग प्रणालीलाई कार्यान्वयन गर्न नसक्नु समग्र शहरी विकासको विकराल समस्याको रुपमा रहेको छ।समग्र सरसफाई योजनाको कार्यान्वयन गर्नु पर्ने अवस्था विद्यमान छ।खानेपानीको स्वच्छता र पानी जाँच गरी खानेपानी आपूर्ति हुन सकिरहेको छैन। खानेपानीको ट्रिटमेन्ट प्लानको योजना बनाउन आवश्यक देखिन्छ।बस्ती तथा बजारको ढल निकासको बृहत योजना र डिपिआर निर्माण गर्नु पर्दछ।खानेपानीलाई स्वच्छ र मध्यम स्तरको पिउनयोग्य मापदण्डको आपूर्ति हुन सकेको छैन भने आयोजनाको लाभग्राहीमा दोहोरोपना देखिन्छ। आयोजनाको प्रभावकारीता र दुरगामी प्रभावलाई आधार मानी अबका खानेपानीका आयोजनाको तर्जुमा गरिनु पर्दछ।

**चुनौती तथा अवसर**

राष्ट्रिय तथ्याङ्कलाई आधार मान्ने हो भने ९० प्रतिशत जनसङ्ख्याले आधारभूत खानेपानीको लाभ लिएको देखिए पनि मध्यमस्तरको खानेपानी आयोजनाबाट लाभलिने जनसङ्ख्या जम्मा २० प्रतिशतको हाराहारीमा रहेको कुरा पन्ध्रौं योजनाको आधारपत्रमा उल्लेख छ।दिगो विकास लक्ष्यले सबैका लागि सरसफाई तथा खानेपानीको उपलव्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्ने कुरा उल्लेख गरेको छ।खानेपानीको अवस्थालाई हेर्दा पानीको ट्रिटमेन्ट र रसायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चितता गर्न सकिएको छैन।खानेपानी निरन्तर आपूर्ति र गुणस्तरीयता कायम गर्नु यस उपक्षेत्रका चुनौतीहरू हुन्।त्यसैगरी ढल निकासलाई सिधै खोलामा मिसाईएको अवस्था छ तिनीहरूको ट्रिटमेन्ट गरिएको छैन।जनस्वास्थ्यको प्रमुख सरोकारको विषय भएको खानेपानी, सरसफाई र स्वच्छतालाई अभियान सञ्चालन गर्ने गरी जिम्मेवारी स्थानीय सरकारको रहेको छ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

एक घर एक धाराको राष्ट्रिय प्रतिवद्धतालाई पूर्णता, गुणस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता

***लक्ष्य***

खानेपानी उपभोक्ता समिति र गाउँपालिकाको समन्वय र सहकार्यमा (खानेपानी बोर्ड) मार्फत मध्यम स्तरमा खानेपानीको स्तरोन्नती गर्ने।

***उद्देश्य***

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिका: २३ खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ : आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु।** | |
| **१.१:** पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने। | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>२. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम लागु गरिनेछ।<br>४. आधारभूत खानेपानीको पहुँच बृद्धिको लागि ठाउँ ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ।<br>५. नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ। |
| **उद्देश्य २ : गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु।** | |
| **२.१:** आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ३: प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु।** | |
| **३.१:** प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने। | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ।<br>६. सरसफाइ सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। |

**कार्यक्रम तथा आयोजना**

*तालिका: २४  कार्यक्रम तथा आयोजना*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| खानेपानी तथा सरसफाई | वडा नं १-सिसै बजार क्षेत्रमा सार्वजनिक शैचालय निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं १-एक ओभरहेट ट्याङ्क निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं २-भुजौली, गोपालपुर तथा बनगाई क्षेत्रमा सार्वजनिक शैचालय निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं २- तल्लो र माथिल्लो खैरनीमा खानेपानी योजना निर्माण (२०० घरधुरी) |
| खानेपानी तथा सरसफाई | वडा नं ३- तिन वटा सार्वजनिक शौचालय निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ४- ३ वटा सार्वजनिक शौचालय निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ४-एक नयाँ खानेपानी ओभरहेट ट्याङ्क निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ५-मानपकडी र पुरैनी बजार क्षेत्रमा दुइ वटा सार्वजनिक शैचालय निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ५-जनचेतना वाल विकाश केन्द्रमा खानेपानी तथा पर्खाल निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ५-निर्माणधिन मानपकडी खानेपानी तथा सरसफाई योजनाको पाईप लाइन विस्तार तथा अन्य पुर्वाधार निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ६-बकुल्ली बजार क्षेत्रमा सार्वजनिक शैचालय निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ६-हाल वडा नं ६ र ७ मा निर्माणधिन खानेपानी तथा सरसफाई योजनाको पाईप लाइन विस्तार तथा अन्य पुर्वाधार निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ७- हाल वडा नं ७ मा निर्माणधिन ओभरहेट ट्याङ्क खानेपानी तथा सरसफाई योजनाको पाईप लाइन विस्तार तथा अन्य पुर्वाधार निर्माण |
| खानेपानी तथा सरसफाई | वडा नं ७-मंगलापुर बजार क्षेत्रमा सार्वजनिक शैचालय निर्माण |
| खानेपानी तथा सरसफाई | शुद्दोदन गाउँपालिकाको वास (WASH) गुरुयोजना निर्माण |

**अपेक्षित उपलब्धि**

१. आधारभूत खानेपानीको पहुँच विस्तार हुनेछ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि हुनेछ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन हुनेछ।

## ५.४ महिला, बालबालिका तथा लक्षित बर्ग

**पृष्ठभूमि**

मानव अधिकारको विकास र परिभाषा अनुसार नागरिकका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई सकारात्मक अधिकारको सूचीमा राखी राज्यले नागरिकको सुरक्षा र संरक्षणका लागि विशेष भूमिका खेल्नु पर्ने कुरा उल्लेख गरिन्छ। नेपालको संविधानको भाग ३ अन्तर्गत मौलिक हकको व्यवस्था गरी समानता, जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकका लागि राज्यले

विशेष व्यवस्था गर्ने प्रतिवद्धता उल्लेख गरिएको छ।संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्तहरू अन्तर्गत सामाजिक न्याय र समावेशिकरण सम्बन्धि नीतिले असहाय अवस्थामा रहेकानागरिक, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलाको पुनरुथापना, संरक्षण गर्ने कुरालाई जोड दिएको पाइन्छ। महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, हानीकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य मान्यता, प्रथा कायमै रहनु सामाजिक समस्याहरू हुन्।लैङ्गिक समानता प्रष्ट्याउने पर्याप्त खण्डिकृत तथ्याङ्कको कमि हुनु र सामाजिक रुपमा बहिष्करण र जोखिम अवस्थामा परेका समूह तथा वर्गलाई सुरक्षा र संरक्षण दिन सक्ने प्रभावकारी कार्यक्रम कार्यान्वयन हुन नसक्नु प्रशाशनिक समस्याहरू हुन्।आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम गर्नु, राज्यका सबै तह र निकायहरूमा लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहिकरण गरी लैङ्गिक उत्तरदायी शासन लागु गर्नु र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

दिगो विकास लक्ष्यले आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण प्रवर्द्धन गर्ने, आर्थिक र सामाजिक नीति अपनाउने कार्यमा राज्यको भूमिकालाई तोकिएको छ।अर्को लक्ष्य ले सबै प्रकारका हिंसा, शोषण, यातना र दुरुपयोगको नियन्त्रणका लागि प्रभावकारी, जवाफदेही र पारदर्शी नीति, कानून र निकायहरूको स्थापना गर्ने कुरा उल्लेख छ।

**<u>प्रमुख समस्या</u>**

समाजको वर्ण व्यवस्था प्रणाली र पितृ सत्तात्मक सामाजिक संरचनाका कारण लिङ्ग, जात र उमेरका आधारमा नागरिकहरू माथि विभेद र उत्पीडनको अवस्था कायम छ।सिमान्त समुह र वर्गको उत्थान र सशक्तिकरणका लागि उनीहरूको अवस्था र स्थानमा समानुपातिक प्रतिनिधित्वको अवस्था नाजुक रहेको छ।राज्यले उनीहरूको सहभागीता र समावेशिकरणलाई मौलिक हकको व्यवस्था गरे पनि सारभुत रुपमा मौलिक हकको उपभोग गर्न सकिराखेको अवस्था छैन।दिगो विकास लक्ष्य नं.१० मा उल्लेखित लैङ्गिक समानता, बालबालिका र किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुव्यर्वहार र बेचबिखन तथा ओसारपसारको अन्त्य, भोकमरी अन्त्य गर्ने, जेष्ठ नागरिकका विशेष संरक्षण र सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु र अपाङ्गता भएका नागरिकहरूको सम्मानजनक जीवनयापनको अधिकारको सुनिश्चित गर्ने विषयहरू उल्लेख गरिएको छ।वास्तवमा विकासका कार्यक्रमहरूमा उनीहरूका मुद्धाहरूको सम्वोधन हुन नसकेको अवस्थामा राज्यले प्रतिवद्धता जाहेर गरेका विषयवस्तुहरूको सुनिश्चितताका लागि सकारात्मक विभेदको कार्यक्रमहरूलाई कार्यक्रमको मुल प्रवाहमा प्रभावकारी कार्यान्वयन हुन सकिराखेको छैन।

**<u>चुनौती तथा अवसर</u>**

मानव विकास सूचांक सूचीको पिंधमा रहेका नागरिकहरूको विकास र समृद्धिको अवसर प्रदान गर्न स्थानीय तहको सरकारको विशेष जिम्मेवारीलाई आत्मासात गर्दै विकासको मूलप्रवाहमा प्रवाहिकरण गर्न विशेष योजनाको आवश्यकता रहन्छ।विविध कारणबाट सीमान्तकृत वर्ग वा समूहको खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने विषयलाई विभिन्न परिमाणत्मक सूचकहरूमा राखी योजना तर्जुमा गरिएको छ।महिलाका प्रसुतिका कारण हुने मृत्युलाई शून्य बनाउने र रक्त अल्पताको समस्याबाट मुक्त गर्नु चुनौती र अवसर रहेको छ।जातीय भेदभाव र वाल दुव्यर्वहार प्रतिको शून्य सहनशिलतालाई पालिकाले कठोर रुपमा अवलम्वन गर्नेछ।बालमैत्री र अपाङ्गतामा रहेका नागरिक मैत्री शासन पद्धती र भौतिक पूर्वाधारलाई क्रसकटिङ्ग सवालका

रुपमा स्वीकार गरिएको छ। राज्यले ति खास समुह वा वर्गको अवस्था र स्थानमा सुधार गर्ने संवैधानिक र नीतिगत लक्ष्य लिइरहेको परिप्रेक्षमा व्यवहारिक प्रयोग वा अभ्यासलाई अवसरका रुपमा लिइएको छ। बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधतावीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्नु चुनौती पनि रहेको छ।

**<u>उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना</u>**

***<u>सोच</u>***

समानुपातिक समावेशी र सहभागितामुलक विकास, समतामूलक समाजको निर्माण

***<u>लक्ष्य</u>***

नेपालको संविधानको प्रस्तावना खण्डमा गर्ने संकल्प र मौलिक हकका रुपमा रहेको सामाजिक समावेशिकरण र लैङ्गिक समानता सुनिश्चितता।

***<u>उद्देश्य</u>***

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु।
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु।
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु।
४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु।

***<u>रणनीति तथा कार्यनीति</u>***

*तालिकाः २५ महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु।** | |
| **१.१:** पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता बृद्धि गर्ने। | १. गाउँपालिकाका नीति निर्माण र कार्यान्वयनमा समान महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ। |
| **१.२:** लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने। | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ।<br>२. स्थानीयतहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षागृह स्थापना तथा सञ्चालनका साथै गाउँपालिकामा राहतकोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने। | १. बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ।<br>३. अनाथ, असहाय, पूर्णअपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ। |
| २.२:बालबालिकाको | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको |

| | |
|---|---|
| सहभागिता बृद्धि गर्ने। | सहभागिता बढाइनेछ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा बृद्धि गरिनेछ। |
| **२.३:** बालमैत्री वातावरणको विकास गर्ने। | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ। |
| **उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु।** | |
| **३.१:** ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने। | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ। |
| **३.२:** ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने। | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ। |
| **३.३:** ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने। | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान गरिनेछ। |
| **उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु।** | |
| **४.१:** अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना,पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ। |
| **४.२:**अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा बृद्धिका लागि आवस्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। |

## *कार्यक्रम तथा आयोजना*

*तालिकाः २६ कार्यक्रम तथा आयोजनाः महिला, वालवालिका तथा लक्षित वर्ग*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने स्थान, वडा/पालिका |
|---|---|---|
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा१-महिला क्षमता अभिवृद्धि तथा सिपविकास कार्यक्रम | १ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा १- महिला स्वरोजगार कार्यक्रम अन्तर्रगत सिलाई कटाई, व्युटिसियन कार्यक्रम सञ्चालन | १ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा १- लक्षितवर्ग (दलित, आदिवासी) आयआर्जन कार्यक्रम | १ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा १- प्रत्येक वर्ष नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रम (उद्यमी,सिर्जनशील,उदाहरणीय) | १ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा १- महिला निशुल्क स्वास्थ्य विमा कार्यक्रम | १ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा२-महिला क्षमता अभिवृद्धि तथा सिपविकास कार्यक्रम | २ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा २- महिला स्वरोजगार कार्यक्रम अन्तर्रगत सिलाई कटाई, व्युटिसियन कार्यक्रम सञ्चालन | २ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा २- लक्षितवर्ग (दलित, आदिवासी) आयआर्जन कार्यक्रम | २ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा २- प्रत्येक वर्ष नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रम (उद्यमी,सिर्जनशील,उदाहरणीय) | २ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा २- महिला निशुल्क स्वास्थ्य विमा कार्यक्रम | २ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा नं १- दुई वटा वाल उद्यान निर्माण | १ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा नं२-वडाभित्र विभिन्न चारस्थानमा वालउद्यान निर्माण | २ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ३- महिला क्षमता अभिवृद्धि तथा सिप विकास कार्यक्रम | ३ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ३- महिला स्वरोजगार कार्यक्रम अन्तर्रगत सिलाई कटाई, व्युटिसियन कार्यक्रम सञ्चालन | ३ |
| महिला,वालवालिका तथा लक्षितवर्ग | वडा ३- लक्षितवर्ग (दलित, आदिवासी) आयआर्जन कार्यक्रम | ३ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ३- प्रत्येक वर्ष नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रम (उद्यमी,सिर्जनशील,उदाहरणीय) | ३ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ३- महिला निशुल्क स्वास्थ्य विमा कार्यक्रम | ३ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा नं ३-पाँच वटा वाल उद्यान निर्माण | ३ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ४- महिला क्षमता अभिवृद्धि तथा सिप विकास कार्यक्रम | ४ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ४- महिला स्वरोजगार कार्यक्रम अन्तर्रगत सिलाई कटाई, व्युटिसियन कार्यक्रम सञ्चालन | ४ |

| | | |
|---|---|---|
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ४- लक्षितवर्ग (दलित, आदिवासी) आयआर्जन कार्यक्रम | ४ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ४- प्रत्येक वर्ष नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रम (उद्यमी,सिर्जनशील,उदाहरणीय) | ३ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ४- महिला निशुल्क स्वास्थ्य विमा कार्यक्रम | ४ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा नं ४-पाँच वटा वाल उद्यान निर्माण | ४ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ५- महिला क्षमता अभिवृद्धि तथा सिप विकास कार्यक्रम | ५ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ५- महिला स्वरोजगार कार्यक्रम अन्तर्रगत सिलाई कटाई, व्युटिसियन कार्यक्रम सञ्चालन | ५ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ५- लक्षितवर्ग (दलित, आदिवासी) आयआर्जन कार्यक्रम | ५ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ५- प्रत्येक वर्ष नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रम (उद्यमी,सिर्जनशील,उदाहरणीय) | ५ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ५- महिला निशुल्क स्वास्थ्य विमा कार्यक्रम | ५ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा नं ५-तीन वटा वाल उद्यान निर्माण ( शुद्दोदन पार्क, ट्री हाउस र नदी क्रसीङ्ग ब्रीज) | ५ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ६- महिला क्षमता तथा सिप विकास कार्यक्रम | ६ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ६- महिला स्वरोजगार कार्यक्रम अन्तर्रगत सिलाई कटाई, व्युटिसियन कार्यक्रम सञ्चालन | ६ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ६- लक्षितवर्ग (दलित, आदिवासी) आयआर्जन कार्यक्रम | ६ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ६- प्रत्येक वर्ष नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रम (उद्यमी,सिर्जनशील,उदाहरणीय) | ६ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ६- महिला निशुल्क स्वास्थ्य विमा कार्यक्रम | ६ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा नं ६-दुई वटा वाल उद्यान निर्माण | ६ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा नं ७- दुई वटा स्थानमा वाल उद्यान निर्माण | ७ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ७- महिला क्षमता अभिवृद्धि तथा सिप विकास कार्यक्रम | ७ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ७- महिला स्वरोजगार कार्यक्रम अन्तर्रगत सिलाई कटाई, व्युटिसियन कार्यक्रम सञ्चालन | ७ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ७- लक्षितवर्ग (दलित, आदिवासी) आयआर्जन कार्यक्रम | ७ |
| महिला, वालवालिका तथा लक्षित वर्ग | वडा ७- प्रत्येक वर्ष नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रम (उद्यमी,सिर्जनशील,उदाहरणीय) | ७ |
| महिला, वालवालिका तथा लक्षितवर्ग | वडा ७- महिला निशुल्क स्वास्थ्य विमा कार्यक्रम | ७ |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

***अपेक्षित उपलब्धि***

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम हुनेछ।
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गरिनेछ।
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गरिनेछ।
४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गरिनेछ।

***नतिजा खाका***

*तालिकाः २७ नतिजा खाका- महिला, बालबालिका तथा लक्षित वर्ग*

| नतिजा शृंखला | सूचक | | आधारबर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक एकल महिला, फरक क्षमता तथा पछाडी पारिएको वर्ग शसक्त भई निर्णायक तहमा सहभागिताको वृद्धि भएको हुनेछ | परिवर्तन स्थानीय संरचना तथा कानुन अनुसार समावेशी (महिला, बालबालि का, अपांगता भएका व्यक्ति र अन्य पिछडिएका वर्ग) समिति, संयन्त्र तथा संजाल | संख्या | ५ | ७ | ९ | १२ | १५ | २० |
| | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | ९७५ | १०७३ | ११८० | १२९८ | १४२७ | १५७० |

## ५.५ युवा तथा खेलकुद

**पृष्ठभूमि**

हरेक मानिसको जीवनको आधार नै युवा अवस्थामा नागरिकले प्राप्त गर्ने अवसर र हासिल गरेको सफलता वा नतिजाहरूबाट तयार हुने गर्दछ। सामाजिक विकासका प्रयासहरूले युवाहरूको मन छुने र क्षमतालाई बढाउन खेलकुदमा स्थानीय सरकारले प्रतियोगिताहरूको आयोजना गर्ने, कभर्ड हल र मैदान बनाउनको लागि लगानी गरेका छन् तर खेलाडीको क्षमता विकास एवं बृत्ति गर्ने योजनाहरू निर्माण गर्न सकिएको छैन। युवा स्वरोजगारलाई विशेष ध्यानाकर्षण गराई युवालाई कुलतबाट जोगाउन आवश्यक कदम चलाउन पर्ने देखिन्छ।

**प्रमुख समस्या**

युवा, खेलकुद र संस्कृतिलाई सामाजिक विकासको एक उपक्षेत्रको रुपमा प्रस्तुत गरिएको छ ।युवाको अहिलेको प्रमुख रोजाई भनेको रोजगारी प्राप्त गर्नु र परिवारलाई कृषिमा आधारित निर्वाहमुखी अवस्थाबाट व्यवसायिक एवं संगठित क्षेत्रमा स्थापित गराउनु रहेको छ। युवाहरूको रोजाईमा वैदेशिक रोजगार पर्नु रहर मात्र होइन वाध्यता पनि छ। युवा तथा किशोर जनशक्ति देश वाहिर रहँदा स्थानीय स्तरमा खेलाडीहरूको उत्पादन हुन सकेको छैन। खेलकुदलाई व्यवसायको रुपमा भन्दा मनोरञ्जन र व्यक्तित्व विकासको माध्यमको रुपमामात्र लिने अभ्यास रहेको छ। विश्व परिवेशमा खेलकुद प्रति आएको धारणागत परिवर्तनले व्यवसायिक खेलको दायरा विकास हुदै गएको पाइन्छ। युवाहरूको व्यवसायिक विकासमा खेलकुदलाई व्यवसायिक धारबाट योजना बनाउनु पर्दछ।

जातीय पहिचान, भाषिक विकासप्रति नागरिकहरूमा निक्कै संवेदनशिलता बढेको छ। गाउँपालिका भित्र रहेका विभिन्न जातीय समूहलाई सांस्कृतिक विकासका योजनामा आवद्ध गर्दै जातीय सहिष्णुता, पहिचान र सम्मानको अनुभूती गर्दै राष्ट्रिय एकता र अखण्डतालाई बलियो बनाउनु पर्दछ। जातीय मौलिक संस्कृतिको जगेर्ना गर्ने, भाषा र साहित्यको विकास गर्ने योजनाहरू तय गरिएका छन्।

**चुनौती तथा अवसर**

करिब २५ मुनिका धेरै युवाहरूको रोजाईमा खेलकुद क्षेत्रमा सीप, मनमा आँट वा दृढता, हृदयमा विश्वास सृजना हुन सकेको अवस्था छैन। खेलकुदलाई मनोरञ्जन भन्दा पनि व्यवसायिक र विश्व परिवेश अनुरुप प्रतिस्पर्धाको रुपमा जागरण गर्न सक्नु पर्दछ। खेलकुदका लागि आधार तयार गर्न वा भौतिक पूर्वाधार तयार गर्न, प्रशिक्षण कक्षा र प्रतियोगीताहरूको आयोजनालाई अवसरका रुपमा लिइएको छ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

खेलकुदको विकास-मानसिक र शारीरिक चुस्तता विकास।

***लक्ष्य***

खेलकुद क्षेत्र भित्र रहेको क्षमता र संभावनाहरूलाई व्यवस्थित रुपमा उजागर गर्दै भावि पुस्ताको मानसिक र शारीरिक चुस्तता विकास गर्नु।

***उद्देश्य***

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः २८ युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।** | |
| १.१ः विकासमा युवा सहभागिता बढाउने। | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. गाउँपालिकाको नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ। |
| १.२ः युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने। | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ। |
| १.३ः युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने। | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ। |
| १.४ः युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ।<br>२. विकास वा खेलकुद सम्वन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ।<br>३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २ः खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु।** | |
| २.१ः खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने। | १. पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण सुदृढ गरिनेछ।<br>३. प्रत्येक वार्डमा कभर्डहल तथा आवस्यक खेल सामग्रीको व्यवस्था गरिनेछ। |
| २.२ः खेल सम्बद्ध राष्ट्रिय र | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ |

| | |
|---|---|
| अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने। | संस्थासँग सहयोग र सहकार्य गरिनेछ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ। |
| २.४: प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने। | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवं पुरस्कार दिइनेछ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।<br>४. खेलकुदमा युवाको सहभागिता वृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

*तालिका: २९ कार्यक्रम तथा आयोजना- युवा तथा खेलकुद*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| युवा तथा खेलकुद | वडा नं १-युवालाई मोबाईल, टि. भी., इलेक्ट्रिसियन, प्लम्बिङ तालिम संचालन |
| युवा तथा खेलकुद | गाउँपालिका स्तरीय कभर्डहल डी.पी.आर. निर्माण |
| युवा तथा खेलकुद | वडा नं १-सिसै मा.बि.को वगर जग्गामा वडा स्तरिय खेल मैदान निर्माण |
| युवा तथा खेलकुद | वडा नं १-विभिन्न स्थानमा तीन वटा खुल्ला व्यायमशाला निर्माण |
| युवा तथा खेलकुद | वडा नं २- खेल मैदान निर्माण तथा व्यवस्थापन |
| युवा तथा खेलकुद | वडा नं २- वडा विभिन्न स्थानमा पाँच वटा खुल्ला व्यायमशाला निर्माण |
| युवा तथा खेलकुद | वडा नं ३-विभिन्न स्थानमा पाँच वटा खुल्ला व्यायमशाला निर्माण |
| युवा तथा खेलकुद | वडा नं ३-श्री रामेश्वर स्मृती खेल मैदान (कृकेट मैदान) निर्माण |
| युवा तथा खेलकुद | वडा नं ४-फर्साटिकर मा.वि. खेल मैदान स्तरोउन्नति |
| युवा तथा खेलकुद | वडा नं ४-फर्साटिकर युबा क्लवको गेट, पर्खाल, पेन्ट लागाउने |
| युवा तथा खेलकुद | वडा नं ४-विभिन्न स्थानमा पाँच वटा खुल्ला व्यायमशाला निर्माण |
| युवा तथा खेलकुद | वडा नं ५-विभिन्न स्थानमा पाँच वटा खुल्ला व्यायमशाला निर्माण |
| युवा तथा खेलकुद | वडा नं ५-पुरेनीमा फुटवल खेल मैदान निर्माण |
| युवा तथा खेलकुद | वडा नं ५-मानपकडी खेल मैदानमा भलिवल र व्याडमीन्टन कोर्ट निर्माण |
| युवा तथा खेलकुद | वडा नं ६-नागेश्वर खेल खेल मैदानमा थप पुर्वाधार निर्माण तथा मर्मत संभार |

| | |
|---|---|
| युवा तथा खेलकुद | वडा नं ६-चपर खोला ताल क्षेत्रमा क्रिकेट खेल मैदानको पुर्वाधार निर्माण तथा मर्मत संभार |
| युवा तथा खेलकुद | वडा नं ६-वडा भित्र विभिन्न स्थानमा खुल्ला व्यायमशाला निर्माण |
| युवा तथा खेलकुद | वडा नं ७- वडा विभिन्न स्थानमा खुल्ला व्यायमशाला निर्माण |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

***अपेक्षित उपलब्धि***

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गरिनेछ।

२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाइनेछ।

## ५.६कला, सम्पदा, संस्कृति र भाषा

सामाजिक सद्भाव, सृजनशीलता र पहिचानका खातिर ऐतिहासिक धरोहर, कला, संस्कृति र स्थानीय भाषाको जगेर्ना र प्रवर्धनका कार्यक्रम गर्न आवश्यक हुन्छ।जातीय संस्कृतिका लागि पोसाक, गरगहना, सामुहिक चाडपर्व मनाउन र भाषा एवं साहित्य प्रकाशनका लागि काम उत्साहजना भएको पाइन्न।यस गाउँपालिकामा बसोबास गर्ने दुरा जाति राष्ट्रिय पहिचानका आधारमा अल्पसंख्यक समुदायमा पर्दछ।जातीय पहिचान, भाषिक विकासप्रति नागरिकहरुमा निकै संवेदनशिलता बढेको छ।पालिकाभित्र रहेका विभिन्न जातीय समूहलाई सांस्कृतिक विकासका योजनामा आवद्ध गर्दै जातीय सहिष्णुता, पहिचान र सम्मानको अनुभूती गर्दै राष्ट्रिय एकता र अखण्डतालाई बलियो बनाउनु पर्दछ।जातीय मौलिक संस्कृतिको जगेर्ना गर्ने, भाषा र साहित्यको विकास गर्ने योजनाहरु तय गरिएका छन्।जातीय संस्कृतिका लागि पोषाक, गरगहना, सामुहिक चाडपर्व मनाउन र भाषा एवं साहित्य प्रकाशनका लागि केही काम भइरहेको पाइन्छ।मौलिक कला र संस्कृति रहेको यस गाउँपालिकामा संरक्षणको आवश्यकता देखिन्छ। विभिन्न जातिबाट प्रदर्शनी गरिने विभिन्न मौलिक नाच तथा नृत्य लोप हुँदै गरेको अवस्था छ।

**प्रमुख समस्या**

यस गाउँपालिकामा मौलिक जाति सम्बन्धि ईतिहास, मौलिक संस्कृति जगेर्ना गर्न जन तहबाट प्रयास भएको पाइन्छ भने पालिका स्तरबाट कुनै संस्कृति संरक्षण प्रति ध्यानाकार्षण नभएको महसुस हुन्छ। विभिन्न जाति सँग सम्बन्धित नाच, बाज्य बाजन, नृत्य आदि सम्बन्धि जानकार वृद्धको संख्या कम हुँदै गरेको र सो ज्ञानको कुशलता पुर्वक नयाँ पिँडीमा हस्तान्तरण नभएको पाईन्छ। त्यसैगरी गाउँपालिकामा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने स्थलको कमि तथा जना उत्साह विलिन हुँदै गरेको पाईन्छ। नयाँ पुस्तामा संस्कृति र पहिचानको महत्त्व सम्बन्धि ज्ञान प्रवर्धन गर्न अति आवश्यक देखिएको छ।

**चुनौती तथा अवसर**

जातीय पहिचानको राजनीतिक सवालले हरेक जातजातिहरुका आफ्ना इतिहास, भाषा, संस्कृति र सम्पदाहरुप्रति आम नागरिकमा चासो अभिवृद्धि भएको अवस्था छ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### सोच

गाउँपालिकाको मौलिक संस्कृतिको अध्ययन गरि सास्कृतिक जीवनका आयामहरूमा विकास गरि अवसरहरुमा पहुँच स्थापित।

### लक्ष्य

कला, साहित्य र मौलिक संस्कृतिका विविध क्षेत्र भित्र रहेको क्षमता र सम्भावनाहरूलाई व्यवस्थित रुपमा उजागर गर्दै भावि पुस्ताको पहुँच स्थापित गर्नु।

### उद्देश्य

१. मौलिक कला तथा संस्कृतिलाई लोप हुन बाट बचाई संरक्षण गर्नु।
२. गाउँपालिकाको ईतिहास र गौरवका रुपमा रहेका पाटी, पौवा, गुठी, कोटको संरक्षण गर्नु।

### रणनीति तथा कार्यनीति

*तालिका: ३० कला, संस्कृति, सम्पदा र भाषा सम्बन्धि रणनीति तथा कार्यनीतिहरु*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: मौलिक कला तथा संस्कृतिलाई लोप हुन बाट बचाई संरक्षण गर्नु।** | |
| १.१: मौलिक भाषा र रैथाने प्रविधिको अध्ययन। | १. स्थानीय अध्ययन केन्द्रको निर्माण र सवलीकरण<br>२. जातीय संघ्रालायाको निर्माण। |
| १.२: धार्मिक तथा सांस्कृतिक सिप तथा ज्ञान भएका व्यक्ति पहिचान। | १. मौलिक सिप सम्बन्धि प्रोत्साहन सहित युवा तालिम<br>२. मौलिक गित तथा बाजन सम्बन्धि विज्ञ वृद्धबाट प्रोत्साहन सहित युवालाई तालिम। |
| **उद्देश्य २: पालिकाको ईतिहास र गौरवका रुपमा रहेका पाटी, पौवा, गुठी, कोटको संरक्षण गर्नु।** | |
| २.१: ऐतिहासिक सम्पदाको संरक्षण। | १. ऐतिहासिक सम्पदाहरुको अध्ययन तथा प्रचार।<br>२. ऐतिहासिक सम्पदाहरुको पुनर्निर्माण र संरक्षण। |
| २.२: ऐतिहासिक स्थलहरु पहिचान तथा जनमानसमा प्रोत्साहन। | १. ऐतिहासिक स्थलहरुलाई पर्यटन क्षेत्रमा विकास गरि आम्दानीको श्रोत व्यवश्थापन।<br>२. संरक्षणमा जना सहभागिता वृद्धि गर्न तालिम तथा चेतना। |

### कार्यक्रम तथा आयोजना

*तालिका: ३१ कार्यक्रम तथा आयोजना*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| पर्यटन, संस्कृति तथा सम्पदा | पुरातात्विक तथा धार्मिक क्षेत्र गुरुयोजना निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | सङग्राहालय डी.पी.आर. निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | पालिका स्तरीय पिकनिक स्पट तथा पार्क डी.पी.आर. निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं १- बेद माता गायत्री मन्दिरको लागी थप संरचना निर्माण, मर्मत तथा |

| | |
|---|---|
| | संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं १- अन्य साना मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २- समाई देवी मन्दिरको लागी थप संरचना निर्माण, मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २- वडा भित्रका साना मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २-माथिल्लो खैरनीको चपरकोना गोरकट्टा तालमा पार्क तथा पिकनीक स्थल निर्माण तथा डि.पी.आर. तयार गर्ने |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ३- सियाभार मन्दिरमा कृयापुत्री घर लगायत थप संरचना निर्माण तथा मर्मत |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ३- पुराना पाँचवटा मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ३- जनकपुर सेयारी पोखरीमा जनकपुर पार्क निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ४-केबलपुरको सिवालय मन्दिरको लागी थप संरचना निर्माण, मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ४- वडा भित्रका पुराना मन्दिर मर्मत तथा संरक्षण कार्यक्रम |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- थारु सङग्राहालय को डी.पी.आर. तयार तथा निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- दर्रहवा-कोटमाई मन्दिर क्षेत्रमा पिकनिक स्थल निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- वडा भित्रका थारु डिउहार मर्मत तथा व्यवस्थापन |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- मानपकडीको शिव मन्दिर मर्मत तथा व्यवस्थापन |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ५- खजुरियाको वौद्ध गुम्वा मर्मत तथा संरक्षण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ६- नागेश्वर दर्शन धाम मन्दिरको मर्मत तथा थप संरचना निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ६- समई माई थान (वकूल्ली वेल) मा नयाँ मन्दिर निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ६- चपर खोला तालमा पार्क र पिकनिक स्थल निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं ७-पुर्व मधुवनी समई माई थान धार्मिक मन्दिर तथा पार्क निर्माण |
| पर्यटन, संस्कृति तथा सम्पदा | वडा नं २-माथिल्लो खैरनीको चपरकोना गोरकट्टा तालमा पार्क तथा पिकनीक स्थल निर्माणको लागि डि.पी.आर तयार गर्ने |

**अपेक्षित उपलब्धि**

१. मौलिक कला तथा संस्कृतिलाई लोप हुन बाट बचाई संरक्षण गरिनेछ।

२. गाउँपालिकाको ईतिहास र गौरवका रुपमा रहेका पाटी, पौवा, गुठी, कोटको संरक्षण गरिनेछ।

# परिच्छेद ६

## पूर्वाधार क्षेत्र विकास योजना

### ६.१ बस्ती,आवास, भवन तथा सार्वजनिक निर्माण

**पृष्ठभूमि**

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध पूर्ण पूर्वाधार वातावरणमैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ। ग्रामीण चरित्रको जनसख्यालाई भूगोलको आधारमा शहरी परिभाषित गरिए पनि कार्यपद्धति र चरित्रको आधारमा अधिकांश शहरी जनसङ्ख्या ग्रामीण चरित्रको नै छ। शुद्दोदन गाउँपालिकाभौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद् जोखिममा रहेका घर परिवारलाई सुविधा सम्पन्न वातावरण मैत्री आवासको व्यवस्थापन र बिपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ। व्यवस्थित बस्ती विकासकोलागि गाउँपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ। भवन निर्माण तथा व्यवस्थित बस्तीहरूकोलागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवधिक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध किसिमको योजना तयार गरेर जान सकिन्छ।

**प्रमुख समस्या**

भूउपयोग नीति अनुसार बस्ती विकास नहुनु, बिभिन्न ठाउँहरूमा मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु, गाउँपालिकामा विद्यमान अवस्थामा शहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको छ, एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवं साधनहरूकोलागि गर्नु पर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्नु, ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु, सुरक्षित स्वास्थ्य र सुविधायुक्त आवास नहुनु सामुहिक आवास निर्माणमा जनचासो नहुनु आदि यहाँका समस्याहरू हुन्।

**चुनौती तथा अवसर**

- शहरीक्षेत्रमा अनाधिकृत रुपमा बसोबास गर्ने धरपरिवार स्थानान्तरण गर्नु।
- स्थानीय निर्माण सामाग्री उच्चतम प्रयोग गरी सुरक्षित आवासको निर्माण गर्नु।
- भौगोलिक हिसाबले विकट र विपदको यच्च जोखिममा रहेका घरपरिवारको लागि भूउपयोगमा एकीकृत आवास तथा बस्ती विकास गर्नु।
- शहरी विकासगर्ने कामको लागि आधुनिक सबै सेवाहरू उपलब्ध गराउन धेरै रकमको आवश्यकता पर्नु।
- पहाडी एवं उच्च पहाडी भौगोलिक अवस्था, उच्च प्रविधिहरू, जन शक्तिहरूको परिपूर्ति गर्नु।

- शहरी पूर्वाधारको निर्माण पश्चात् सहर बसाल्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु।
- भौगोलिक अवस्था र बस्तीलाई एकीकृत कार्यमूलक योजना मार्फत बस्ती विकास कार्यक्रम सञ्चालन गर्न सकिने।
- गरिब तथा न्यून आय भएका परिवारको लागि सुरक्षित आवास कार्यक्रम सचालन गर्न सकिने।
- सुरक्षित आवास निर्माणमा जनचेतना बृद्धि हुनु।
- पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त सहर बसाल्ने सम्भावना रहनु।
- भूउपयोग नीति अनुसार बिभिन्न मापदण्ड लागु गर्न पालिकाको चासो हुनु।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

"दिगो विकासका लागि सुरक्षित आवास तथा पहिचानयुक्त शहर तथा बस्ती विकास"।

***लक्ष्य***

सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने।

***उद्देश्य***

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु।

२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिका: ३२ आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु।** | |
| **१.१:** ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने। | १. भू—उपयोग नीती तथा बस्ती विकास योजना तर्जुमा गरी लागू गरिनेछ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ।<br>३. भौगोलिक रूपले बिकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घरपरिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| **१.२:** भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने | १. एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कायन्वयन गरिनेछ । |

| | |
|---|---|
| कार्यलाई अभियानको रुपमा अगाडि बढाउने। | ३. कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ।<br>५. राजमार्गसँग जोडिएका मुख्य बजारी क्षेत्रहरूलाई व्यवस्थित वजार क्षेत्रका रुपमा विकास गरिनेछ। |
| **उद्देश्य २: स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु।** | |
| २.१: स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने। | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ। |
| २.२: भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना बृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

*तालिकाः ३३ आवास तथा बस्ति*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | पालिका स्तरीय वहुउद्देश्यीय भवन डी.पी.आर. निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | टाउन प्लानिङ्ग गुरुयोजना निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | अपाङ्ग मैत्री तालिम केन्द्र भवन डी.पी.आर. निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं १- आमा समुह भवन निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं १-वडामा पाँच वटा सामुदायिक भवन मर्मत तथा सम्भार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं २-बनगाई मा.वि.मा थप आठ कोठे भवन निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं २-समईदेवी प्रा.बि.को थप ४ कोठा भवन निर्माण तथा पुरानि संरचना मर्मत सम्भार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं २- १ वटा आमा समुह भवन निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं २-खडवा बनगाई स्वास्थ्य चौकी भवन मर्मत तथा सम्भार तथा थप स्वास्थ्य सुविधा |

| | |
|---|---|
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं २-बनगाई र गोपालपुर प्राथमिक सेवा केन्द्र थप भवन निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं २-वडा कार्यालय निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ३-शंकर मा.वि. वेतहीमा थप पुर्वाधार निर्माण तथा मर्मत संभार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ३-बुद्ध ज्योति प्रा.वि. मा सखुवानीमा चार कोठा नयाँ भवन निर्माण तथा मर्मत |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ३-यज्ञदय वहुमुखी क्यामपसमा सभाहल लगायतका थप पुर्वाधार निर्माण, मर्मत तथा संभार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ३-वेताहनी स्वास्थ्य केन्द्रमा थप पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ३-सामुदायिक तथा आमा समुह भवन निर्माण (२ वटा) |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-फर्साटिकर ईन्जनियरीङ्ग क्याम्पासमा थप पुर्वाधार लगायत चमेना गृह, गेट र पर्खाल निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-फर्साटिकर उच्च मा.वि.मा २० कोठे नयाँ भवन निर्माण तथा मर्मत |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-जन ज्योति नि.मा.वि. मा गेट तथा पर्खाल निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-केवलपूर प्र.वि.मा आठ कोठे नयाँ भवन निर्माण लगायत थप पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-वडा भित्रका सामुदायिक भवन, आमा समुह भवनको थप पुर्वाधार निर्माण तथा मर्मत संभार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-वि.पी. स्मृति भवनको तला थप लगायत थप पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-वडा कार्यालय भवनको थप तला निर्माण लगायत अन्य पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४-फर्साटिकर वजार क्षेत्रमा वहुउद्धेशिय व्यवसायिक भवन निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ४- मैनियामा शुद्दोदन अपाङ्ग महासंघको भवन निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ५-पुरैनी आधारभुत विद्यालयको आठ कोठे भवन निर्माण तथा अन्य पुर्वाधार निर्माण तथा संरक्षण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ५-खजुरीयामा आधारभुत विद्यालयको पर्खाल लगायत अन्य पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ५-सामुदायिक तथा आमा समुहको भवन निर्माण तथा मर्मत |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ५-वडा कार्यालयमा थप पूर्वाधार विकास |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ६-गुरौली मा.वि. मा थप अठ कोठे नयाँ भवन तथा थप पुर्वाधारको निर्माण |

| | |
|---|---|
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ६-वडाको स्वास्थ्य चौकीको थप पुर्वाधार निर्माण तथा मर्मत संभार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ६-सामुदायिक तथा आमा समुहको भवनको थप पुर्वाधार तथा मर्मत संभार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ६-वडा कार्यालयमा थप पूर्वाधार विकास निर्माण तथा मर्मत संभार |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ७-जनता मा.वि.मा थप छ कोठे नयाँ भवन निर्माण सहित थप पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ७-राधाकृष्ण आधारभुत विद्यालय भवन लगायत थप पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ७-जुथुर वाल विद्यालय भवन निर्माण लगायत थप पुर्वाधार निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ७-मानमटेरीया स्वास्थ्य चौकी भवन निर्माण |
| बस्ती, आबास, भवन तथा सार्वजनिक निर्माण | वडा नं ७- सामुदायिक तथा आमा समुहको भवन निर्माण तथा मर्मत संभार |

**अपेक्षित उपलब्धि**

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गरिनेछ।

२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गरिनेछ।

## ६.२ सडक, पुल तथा यातायात

**पृष्ठभूमि**

भौतिक पूर्वाधार आर्थिक विकास एवं सामाजिक समृद्धिका आधारहरू हुन् जसमा सडक यातायात तथा पुलको सबैभन्दा महत्वपूर्ण योगदान रहन्छ। पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय निकायलाई जिम्मेवार बनाएको छ। पूर्वाधार निर्माणकालागि स्थानीय निकायलाई प्रदेश एवं संघीय सरकारबाट समेत आर्थिक एवं प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ। गाउँपालिकाले पूर्वाधार विकासमा समावेशी, वातावरणमैत्री, गुणस्तरीय पूर्वाधार भन्ने अभियानका साथ कार्यक्रम अगाडि बढाएको छ। गाउँपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रुपमा रहेको एक क्षेत्र यातायात पनि हो।

**प्रमुख समस्या**

पर्याप्त मात्रामा आर्थिक, प्राविधिक एवं भौतिक स्रोतको अभाव हुनु, यातायात पूर्वाधारमा अपेक्षित एकीकृत विकास नहुनु, मापदण्ड बिना योजना पहिचान तथा छनोट हुनु, वर्तमान अवस्थामा अति सीमित मात्रामा यातायात सञ्जाल विकास हुनु, भौगोलिक बिकटता हुनु, कच्ची सडकमात्र भएकोले यहाँको सडकको भाडादर महङ्गो हुनु, क्षमता भन्दा बढी यात्रुहरू बोकी जोखिमयुक्त यात्रा गर्ने प्रवृत्ति वढ्दो हुनु, सवारी नियमको बेवास्ता गर्ने प्रवृत्ति वढ्दो हुनु, निर्माण भइसकेका सडकहरू मर्मत तथा संरक्षणको अभावमा हुनु, अधिकांश निर्माणाधीन

सडकहरू बजेट नपुगेका कारण सुस्त गतिमा निर्माण हुनु, सडकको लम्बाइ बृद्धि साथै मर्मत सम्भारको दायित्व बृद्धि भए अनुरुप स्रोत व्यवस्थापन नहुनु जस्ता समस्याहरू यस पालिकामा रहेका छन्।

**चुनौती तथा अवसर**

- निर्मित संरचनाहरूको मर्मत(सम्भार र सुरक्षाकालागि स्रोत—साधनको पर्याप्त व्यवस्था नहुनु।
- बाह्रै महिना चल्ने भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु।
- छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु।
- प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु।
- पहिले निर्माण भएका साँघुरा बाटाहरू चौडा गर्ने क्रममा दिनु पर्ने जग्गा, संरचना आदिको क्षतिपूर्ति प्रदान गर्नु।
- पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने।
- स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने।
- स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग हुने।
- पूर्वाधार विकासबाट स्थानीयहरूको आर्थिक स्थिति मजबुत हुने।
- स्थानीय तहमा थप रोजगारी सिर्जना हुने।
- गाउँपालिकाको विकासकोलागि सडक सञ्जालको विकास एवं सुदृढीकरणको रणनीति तयार हुने।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

सडक सञ्जाल तथा यातायात पूर्वाधार, शुद्धोदनको आर्थिक समृद्धिको आधार।

***लक्ष्य***

दिगो पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच हुने।

***उद्देश्य***

१. गुणस्तरिय यातायात पूर्वाधारको विकास, बिस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा गाउँपालिकाका नागरिकहरूको पहुँच बृद्धी गर्नु।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः ३४ यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः गुणस्तरिय यातायात पूर्वाधारको विकास, बिस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा पहुँच बृद्धी गर्नु।** | |
| **१.१ः** योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ। |

| | |
|---|---|
| भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने। | २. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ।<br>३. योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ। |
| **१.२**:गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १. व्यवसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षैभरि निर्वाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीव्रता दिइनेछ । |
| **१.३**: छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | ४. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रुपमा निर्माण गरिनेछ।<br>५. बजार क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा आकाशे पुल तथा भूमिगत बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>६. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ । |
| **उद्देश्य २: यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु।** | |
| २.१: प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने। | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ।स्थानीय तहको श्रम एवं सीपलाई केन्द्रबिन्दुमा राखिनेछ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ।<br>३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ। |
| २.२: पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने। | १. पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ।<br>२. पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ। |

## *कार्यक्रम तथा आयोजना*

*तालिकाः ३५ कार्यक्रम तथा आयोजना- सडक,पुल तथा यातायात*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने स्थान, वडा/पालिका |
|---|---|---|
| सडक, पुल तथा यातायात | शुद्दोदन गाउँपालिकाको विभिन्न भवन, रोड तथा पुलहरुको डी.पी.आर. निर्माण | गाउँपालिका |
| सडक, पुल तथा यातायात | शुद्दोदन गाउँपालिकाको रिङरोड गुरुयोजना निर्माण | गाउँपालिका |
| सडक, पुल तथा यातायात | वडा नं १- थप नयाँ २०० मिटर होम पाईप निर्माण | १ |
| सडक, पुल तथा यातायात | वडा नं १- थप नयाँ ५ वटा स्ल्याब कल्भर्ट निर्माण | १ |
| सडक, पुल तथा यातायात | वडा नं १- थप नयाँ २ वटा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | १ |
| सडक, पुल तथा यातायात | वडा नं २- थप नयाँ ३०० मिटर होम पाईप निर्माण | २ |
| सडक, पुल तथा यातायात | वडा नं २- थप नयाँ ५ वटा स्ल्याब कल्भर्ट निर्माण | २ |
| सडक, पुल तथा यातायात | वडा नं २- थप नयाँ २ वटा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | २ |
| सडक, पुल तथा यातायात | वडा नं २- थप नयाँ ३०० मिटर होम पाईप निर्माण | २ |
| सडक, पुल तथा यातायात | वडा नं २- थप नयाँ ७ वटा स्ल्याब कल्भर्ट निर्माण | २ |
| सडक, पुल तथा यातायात | वडा नं २- थप नयाँ १ वटा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | ४ |
| सडक, पुल तथा यातायात | वडा नं ४- थप नयाँ ३०० मिटर होम पाईप निर्माण | ४ |
| सडक, पुल तथा यातायात | वडा नं ४ र ५- केबलपुर-रजार सडक खण्डमा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | गाउँपालिका |
| सडक, पुल तथा यातायात | वडा नं ४- थप नयाँ १० वटा स्ल्याब कल्भर्ट निर्माण | ४ |
| सडक, पुल तथा यातायात | वडा नं ४- थप नयाँ २ वटा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | ४ |
| सडक, पुल तथा यातायात | वडा नं ५- थप नयाँ ३०० मिटर होम पाईप निर्माण | ५ |
| सडक, पुल तथा यातायात | वडा नं ५- थप नयाँ ५ वटा स्ल्याब कल्भर्ट निर्माण | ५ |
| सडक, पुल तथा यातायात | वडा नं ५- थप नयाँ २ वटा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | ५ |
| सडक, पुल तथा यातायात | वडा नं ६- थप नयाँ २५० मिटर होम पाईप निर्माण | ६ |
| सडक, पुल तथा यातायात | वडा नं ६- थप नयाँ ४ वटा स्ल्याब कल्भर्ट निर्माण | ६ |
| सडक, पुल तथा यातायात | वडा नं ६- थप नयाँ २ वटा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | ६ |
| सडक, पुल तथा यातायात | वडा नं ७- थप नयाँ २०० मिटर होम पाईप निर्माण | ७ |
| सडक, पुल तथा यातायात | वडा नं ७- थप नयाँ ५ वटा स्ल्याब कल्भर्ट निर्माण | ७ |
| सडक, पुल तथा यातायात | वडा नं ७- थप नयाँ २ वटा आ.सी.सी. बक्स कल्भर्ट निर्माण | २ |
| सडक, पुल तथा यातायात | वडा नं १-७- शुद्दोदन चक्रपथ निर्माण (३४.५ कि.मी. सडक अन्तर्गत १८ कि.मी. नयाँ निर्माण गर्नु पर्ने तथा ) | गाउँपालिका |

| | | |
|---|---|---|
| सडक, पुल तथा यातायात | वडा नं २-५-६-केदालिडाँडाचोक-बनगाई चोक-भुजैली चोक-पुरैनीचोक-भैरहवा चोक लुम्बिनी सर्किक रोड कटैयाचोक(८.८ कि.मी. सडक अन्तर्गत ५.५कि.मी. नयाँ निर्माण तथा स्तरोउन्नति गर्ने) | गाउँपालिका |
| सडक, पुल तथा यातायात | वडा नं ४-५जुगडिया घुम्तीचोक-केवलपुर कुटी-रजाडचोक-पुरैनीचोक-ववनीडाँडा-कुवारीगाँऊ-लुम्बिनी सर्किक रोडमानपकडीचोक (६.३५किमी सडक अन्तर्गत ४ कि.मी. नयाँ निर्माण तथा स्तरोउन्नति गर्ने) | गाउँपालिका |
| सडक, पुल तथा यातायात | वडा नं ३-जनकपुर पोखरी-सियाभार मन्दिर-सियारी पुल हुँदै सियारी खोलाको किनार-हिरागञ्ज पुल सम्म जोडिने सडक खण्ड (५.१ मर्मत कि.मी. नयाँ निर्माण तथा स्तरोउन्नति) | ३ |
| सडक, पुल तथा यातायात | वडा नं ३-पाँच वटा पुरना संचालनमा रहेका सतही सिंचाई आयोजना (बोरीङ्गमा पम्प हाउस) अन्तर्गत दाँया वाँयाको सडक निर्माण तथा स्तरोउन्नति (२५ कि.मी.) | ५ |
| सडक, पुल तथा यातायात | वडा नं ४-छ वटा पुरना संचालनमा रहेका सतही सिंचाई आयोजना (बोरीङ्गमा पम्प हाउस) अन्तर्गत दाँया वाँयाको सडक निर्माण तथा स्तरोउन्नति (२० कि.मी.) | ६ |
| सडक, पुल तथा यातायात | वडा नं ५-छ वटा पुरना संचालनमा रहेका सतही सिंचाई आयोजना (बोरीङ्गमा पम्प हाउस) अन्तर्गत दाँया वाँयाको सडक निर्माण तथा स्तरोउन्नति (२५ कि.मी.) | ५ |
| सडक, पुल तथा यातायात | वडा नं ६-पाँच वटा पुरना संचालनमा रहेका सतही सिंचाई आयोजना (बोरीङ्गमा पम्प हाउस) अन्तर्गत दाँया वाँयाको सडक निर्माण तथा स्तरोउन्नति (३० कि.मी.) | ६ |
| सडक, पुल तथा यातायात | वडा नं ७-छ वटा पुरना संचालनमा रहेका सतही सिंचाई आयोजना (बोरीङ्गमा पम्प हाउस) अन्तर्गत दाँया वाँयाको सडक निर्माण तथा स्तरोउन्नति (३० कि.मी.) | ७ |
| सडक, पुल तथा यातायात | वडा नं १-वडा भित्रका सडक निर्माण तथा स्तरोउन्नति (६ कि.मी.) | १ |
| सडक, पुल तथा यातायात | वडा नं २-वडाभित्रका सडक निर्माण तथा स्तरोउन्नति(९.५ कि.मी.) | २ |
| सडक, पुल तथा यातायात | वडा नं ३-वडा भित्रका सडक निर्माण तथा स्तरोउन्नति (८ कि.मी.) | ३ |
| सडक, पुल तथा यातायात | वडा नं ४-वडा भित्रका सडक निर्माण तथा स्तरोउन्नति (११कि.मी.) | ४ |
| सडक, पुल तथा यातायात | वडा नं ५-वडा भित्रका सडक निर्माण तथा स्तरोउन्नति (९ कि.मी.) | ५ |
| सडक, पुल तथा यातायात | वडा नं ६-वडा भित्रका सडक निर्माण तथा स्तरोउन्नति (८ कि.मी.) | ६ |
| सडक, पुल तथा यातायात | वडा नं ७-वडा भित्रका सडक निर्माण तथा स्तरोउन्नति (६ कि.मी.) | ७ |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिकाः ३६ नतिजा खाका यातायात*

| नतिजा शृंखला | सूचक | | आधारबर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| असर ३.१ सडकएवं सहायक पूर्वाधारको विकासएवं यातायात सुचारु भएको हुनेछ | बाह्रैं महिना यातायात सुचारु हुने सडक लम्बाई | किमी | ३३२ | ३४० | ३६० | ३८० | ३९० | ४०० |
| प्रतिफल ३.१ सडक एवं सहायक पूर्वाधारको विस्तार,विकास एवं यातायात सुचारु भएको हुनेछ | पक्की सडकमा पुग्न लाग्ने औसत समय | मिनेट | ४० | ३५ | ३० | २५ | २० | १५ |
| | कालोपत्रे सडक | किमी | १४८ | १६० | १७० | १८० | १९० | २०० |
| | ग्राभेल सडक | किमी | १८४ | १८७ | १९० | १९३ | १९५ | २०० |

***अपेक्षित उपलब्धि***

१. गुणस्तरिय यातायात पूर्वाधारको विकास, बिस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा गाउँपालिकाका नागरिकहरूको पहुँच बृद्धी गरिनेछ।

२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आय आर्जन तथा रोजगारी सिर्जना गरिनेछ।

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

**पृष्ठभूमि**

जल सम्पदामा धनी हाम्रो देश नेपालको उज्जल भविष्य जल उपयोगमा निर्भर गर्छ। नेपाल सरकारको उच्च प्राथमिकतामा परेको जलविद्युत आर्थिक बृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण साधन हो। नेपालको विद्युत विकासको यात्रा वि.स. १९६८ देखि फर्पिङबाट सुरु भए ८३ हजार मेगावाट क्षमता भए पनि हालसम्म भारत बाट समेत बिजुली ल्याइरहेको अवस्था छ। हाल विश्वभर वैकल्पिक ऊर्जा, परम्परागत ऊर्जा अर्थात खनिज ऊर्जामा आधारित ऊर्जाको प्रतिस्पर्धी बनेर उदाउँदो छ। नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिकालागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ र यसबाट दुर्गम क्षेत्रमा रहेका राष्टिय प्रशारण लाइन पुऱ्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तीहरूमा आधुनिक ऊर्जाको पहुँच पुऱ्याउन र शहरी क्षेत्रको बढ्दो ऊर्जा भागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मुल प्रवाहमा लयाउन जरुरी छ। नविकरणीय ऊर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत सुधारिएको पानि घट्ट, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, विद्युतीय चुलो, गोबरग्यास र वायोग्यास आदि रहेको छ।

**प्रमुख समस्या**

तराई क्षेत्र भएकोले बाढी प्रकोप जोखिम युक्त भूबनौट भएको समग्र जलस्रोत तथा नदी व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसकेको, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारको लागि सहुलियत ऋण, जोखीम व्यवस्थापनको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्र अपेक्षाकृत रूपमा आकर्षित हुन नसक्नु, वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग सम्वन्धमा क्षमताको कमी हुनु, जोखिम व्यवस्थापन र विमा सम्वन्धी आवश्यक व्यवस्था नहुनु पर्याप्त मानव, आर्थिक र भौतिक स्रोत नभएको, वैकल्पिक ऊर्जा व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसक्नु आदि समस्या रहेका छन्। विद्युतीय विस्तार सन्तोषजनक भएपनि गुणस्तर चित्त बुझ्दो नभएको कारण, विद्युतीय उपकरणहरु प्रयोगमा ल्याउन नसकिएको देखिन्छ।

**चुनौती तथा अवसर**

- बजारीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग पुरा गर्नु।
- भौगोलिक बिकटता र बस्ती छरिएको भएकाले एकीकृत सेवा प्रदान गर्न गाह्रो हुनु।
- नविकरणीय ऊर्जा क्षेत्रमा सहुलियत कर्जाको व्यवस्थापन गर्नु।
- खाना पकाउने प्रयोजनकालागि प्रयोग हुने परम्पागत ऊर्जाको स्रोतलाई स्वच्छ र आधुनिक ऊर्जाले प्रतिस्थापन गर्नु।
- सौर्य तथा वायु ऊर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु।
- ग्रामीण क्षेत्रका लघु जल तथा सौर्य विद्युत आयोजनाबाट खेर गैरहेको विद्युत प्रशारण लाइनमा प्रवाह गरी आय बृद्धि गर्नु।
- आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादन बृद्धि गर्ने।
- ऊर्जा विकासबाट अन्य साना तथा घरेलु उधोग स्थापना तथा सञ्चालनमा सहजता हुने।
- दाउराको खपत कम हुन गई वनजङ्गल संरक्षणमा योगदान हुने।
- स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग हुने।
- वैकल्पिक ऊर्जा मार्फत धुवाँ रहित भान्छाको अवधारणा लागु हुने।

➢ सिंचाई तथा खानेपानीको पहुँच पुर्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गर्न सकिने।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

ऊर्जाको अधिकतम प्रयोग, शुद्धोदनको दिगो आर्थिक र सामाजिक विकासको आधार।

***लक्ष्य***

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्ने।

***उद्देश्य***

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्नु।

२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः ३७ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जाका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्नु।** | |
| १.१ः ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने। | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>३. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मानरप्रोत्साहनको व्यवस्था गरिनेछ। |
| १.२ः उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने। | १. शुद्दोदन गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ। शुद्दोदन गाउँपालिकामा उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरिनेछ।<br>२. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ।<br>३. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रशारण लाइनको सञ्जाल निर्माण गरिनेछ। |
| **उद्देश्य २ः परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु।** | |
| २.१ः ऊर्जाको प्रयोगलई दिगो,भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान |

| | |
|---|---|
| बनाउने। | गरिनेछ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण र अनुदानको व्यवस्था गरिनेछ।<br>४. सिंचाई तथा खानेपानीको पहुँच पुर्‍याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ।<br>५. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ।<br>६. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

*तालिकाः ३८ कार्यक्रम तथा आयोजना- जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा नं १- सडक चोक भित्रका विभिन्न स्थानमा १० वटा सोलार सडक वत्ती जडान कार्यक्रम |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा १- थप विद्युत पोलहरु तथा ट्रान्सफर्मरको व्यवस्थापन |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा नं २- वडा भित्रका वजार तथा सडक चोकमा सोलार सडक वत्ती जडान कार्यक्रम |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा २- थप विद्युत पोलहरु तथा ट्रान्सफर्मरको व्यवस्थापन |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा नं ३- सोलार सडक वत्ती जडान कार्यक्रम |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा ३- थप विद्युत पोलहरु तथा ट्रान्सफर्मरको व्यवस्थापन |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा नं ४- सोलार सडक वत्ती जडान कार्यक्रम |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा ४- थप विद्युत पोलहरु तथा ट्रान्सफर्मरको व्यवस्थापन |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा नं ५- सोलार सडक वत्ती जडान कार्यक्रम |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा ५- थप विद्युत पोलहरु तथा ट्रान्सफर्मरको व्यवस्थापन |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा नं ६- सोलार सडक वत्ती जडान कार्यक्रम |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा ६- थप विद्युत पोलहरु तथा ट्रान्सफर्मरको व्यवस्थापन |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा नं ७- सोलार सडक वत्ती जडान कार्यक्रम |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | वडा ७- थप विद्युत पोलहरु तथा ट्रान्सफर्मरको व्यवस्थापन |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गरिनेछ।

२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गरिनेछ।

***नतिजा खाका***

*तालिकाः ३९ नतिजा खाका- जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा*

| सूचक | | आधार बर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| **विवरण** | **इकाई** | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| बिद्युत ट्रान्समिसन लाइन बिस्तार | किमी | ३० | ४५ | ६५ | ८० | ८५ | ९५ |
| सोलार प्रणाली सहित बिद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ९ | १२ | १५ | २० | २५ | ३० |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

**पृष्ठभूमि**

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्बर्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन्। बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ। प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ।

**प्रमुख समस्या**

सूचना तथा संचार सम्बन्धी पर्याप्त नीतिगत र कानुनी व्यवस्था नहुनु, आमसञ्चार माध्यम पूर्णरूपमा मर्यादित, जिम्मेवार, जवाफदेही हुन नसक्नु, भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई द्रुतता दिन समस्या रहेको, साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, अधिकांश स्थानहरूमा अप्टिकल फाइवर पुग्न नसकेको आदि यस क्षेत्रका समस्याका रुपमा रहेकाछन्।

**चुनौती तथा अवसर**

- गाउँपालिका भित्र सूचना तथा सञ्चार पहुँचको एकिकृत र अद्यावधिक विवरण तयार पार्नु र सञ्चार माध्यमहरूलाई ग्रामीण भेगसम्म विस्तार गर्नु।
- सञ्चार माध्यमहरूलाई विश्वसनिय र जवाफदेही बनउदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु।
- सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग नियन्त्रण गर्नु।
- साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्नु।

- सूचना तथा सञ्चार सम्बन्धी अधिकारलाई संविधानमा नै मौलिकहकका रुपमा लिपिबद्ध हुनु।
- सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु।
- प्रशासनिक लगायत दैनिक कामकाजकालागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत सहज एवं चुस्त बनाउन सकिने।
- पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवं प्रवर्द्धन गर्न सकिने।
- ब्रोडब्यान्ड ईन्टरनेटको प्रयोग र अनलाइन प्रकाशनको बढ्दो प्रयोगले सूचनाको पहुँचमा सहज हुनु।
- सूचना तथा सञ्चार प्रविधिलाई विद्यमान योजना तथा नीति अनुरूप गाउँपालिकालाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउन सकिने।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

सूचना तथा सञ्चारको गुणस्तरीय सेवाहरूमा सबै वर्गको पहुँच।

***लक्ष्य***

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने।

***उद्देश्य***

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु।
२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिका: ४० सूचना ,सञ्चार तथा प्रविधिका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुचमा पुऱ्याउनु।** | |
| १.१: सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने। | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजिकरण गरिनेछ।<br>३. विद्यमान हुलाक सेवालाई आधुनिकिकरण गर्दै हुलाक सेवा प्रभावकारी बनाइनेछ। |
| १.२: बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने। | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ। |

| | |
|---|---|
| | २. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवं नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ। |
| **१.३:** समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने। | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमश सफ्टवेयर अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासकालागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ।<br>३. डिजिटल डिभाइड कम गर्नकोलागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।<br>४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ।<br>५. सूचना प्रविधिको प्रयोग मार्फत स्थनिय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ।<br>६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ। |
| **उद्देश्य २: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।** | |
| २.१: सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने। | १. गाउँपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ।<br>२. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ।<br>५. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवं सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ। |
| २.२: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने। | १ सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ।<br>२ गाउँपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३ गाउँपालिकाका सम्पूर्ण सार्वजनिक कार्यालयहरू लगायत हरेक समुदायमा कम्तिमा एकवटा Landline टेलिफोन सेवा उपलब्ध गरिनेछ।<br>४. गाउँपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा पढ्न पाउने व्यवस्था मिलाइनेछ। |

***<u>कार्यक्रम तथा आयोजना</u>***

*तालिकाः ४१ कार्यक्रम तथा आयोजना- संचार तथा प्रविधि*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| सुचना, संचार तथा प्रविधी | वडा नं १-वडा भित्रका विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र मुख्य चोकमा निशुल्क वाईफाई जडान गर्ने |
| सुचना, संचार तथा प्रविधी | वडा नं ४-वडा भित्रका विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र मुख्य चोकमा निशुल्क वाईफाई जडान गर्ने |
| सुचना, संचार तथा प्रविधी | वडा नं ५-वडा भित्रका विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र मुख्य चोकमा निशुल्क वाईफाई जडान गर्ने |
| सुचना, संचार तथा प्रविधी | वडा नं ६-वडा भित्रका विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र मुख्य चोकमा निशुल्क वाईफाई जडान गर्ने |
| सुचना, संचार तथा प्रविधी | वडा नं ७-वडा भित्रका विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र मुख्य चोकमा निशुल्क वाईफाई जडान गर्ने |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

***अपेक्षित उपलब्धि***

आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुगेको हुनेछ। साथै सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा उपलब्ध भएको हुनेछ। गाउँपालिकाका बिबिध बिषयगत क्षेत्रका तथ्याङ्कहरूको संकलन, प्रसोधन, व्यवस्थापन कार्य सम्पन्न भएको हुनेछ।

# परिच्छेद ७

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### ७.१ वन तथा जैविक विविधता

**पृष्ठभूमि**

शुद्दोदन गाउँपालिकाको कम क्षेत्र (७.९६%) वन क्षेत्रले ओगटेको अवस्था छ। गाउँपालिकाको कृषि उत्पादकत्वको वढाउनका लागि वन क्षेत्रको संरक्षरण र विकासको आवश्यकता रहन्छ। गाउँपालिकाको स्थानीय आयको प्रमुख स्रोतकारुपमा सामुदायिक वनको आय र वन पैदावारको व्यवसायिक विकास पनि हो। कृषि वनको आधारमा नै विकासको सम्भावना रहेको यस गाउँपालिकामा हाल उपलव्ध स्रोतको अवस्थालाई विकास गर्न सके प्रमुख आम्दानीको स्रोत वन्न सक्ने संभावना रहेको अवस्था छ।

कतिपय जडिवुटीहरूको प्रशोधन र व्यवस्थापनको अभावमा त्यसै खेर गईराखेको अवस्था छ भने उचित संरक्षणको अभावमा लोप हुदै गईराखेको अवस्था छ। साना सरिसृप जातका प्राणीहरू लोपन्मुख अवस्थामा छन् भने केही चराहरू अब देखिन छाडेका छन्। जंगलमा खानेपानीको अभाव र वातावरणीय प्रदुषणका कारण चराहरूको प्रजनन क्षमताको अभाव मात्र होईन आगन्तुक चराहरू आउन छोडेको अवस्था छ।

**प्रमुख समस्या**

वन तथा वातावरणका हिसावबाट देखिएको प्रमुख समस्या भनेको वन पैदावारलाई गरिबी निवारणको साधनका रुपमा प्रयोग गर्दै स्थानीय समुदायलाई उद्यमशिल बनाउन नसक्नु रहेको छ। कार्बन उत्सर्जनको क्षमता अभिवृद्धि गरे वापत प्राप्त हुने (रेड परिक्षण) रकममा स्थानीय समुदायको पहुँच स्थापना गर्नु र गैरकाष्ठ पैदावर पकेट क्षेत्रको रुपमा विकास गर्न नसक्नु हाल स्थानीय तहमा देखिएका समस्याहरू हुन्। वन क्षेत्रभित्र रहेका पानीका मुहान, पोखरी र सिमसार क्षेत्रको संरक्षण गर्न नसक्नु अन्य कोटीका समस्याका रुपमा लिन सकिन्छ।

**चुनौती तथा अवसर**

वन, जैविक विविधता तथा जलाधारको दिगो र सहभागीमूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास गर्न वनजन्य उद्यम तथा पर्यटनको विकास तथा वनजन्य वस्तु तथा सेवा उत्पादन गर्ने राष्ट्रिय लक्ष्य अनुसार वन क्षेत्रको पूर्णक्षमताको उपयोग हुने गरी वस्तु तथा सेवा विविधिकरण गर्ने चुनौती तथा अवसर रहेको छ।

गाउँपालिकाको एकीकृत विकासका लागि कृषि तथा पशुपालन र पर्यटनको व्यवसायिक विकासमा सामुदायिक वनभित्रको जैविक विविधतालाई परिचालन गरी वातावरण सन्तुलनलाई अछुण्य राख्ने सोच राखिएको छ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

वन तथा वातावरणको संरक्षण गरी दिगो विकासका अवधारणा अनुसार वन, जैविक विविधता र जलाधारको संरक्षण, पुनरुथापना र प्राप्त लाभको न्यायोचित वितरण।

***लक्ष्य***

वन क्षेत्रलाई जैविक विविधताका आधारमा करिडोरको (जैविक मार्ग) निर्माण गरी मानव तथा वन्यजन्तुको द्वन्द न्यूनिकरण गर्ने र शुक्ष्म तथा लघु जलाधार क्षेत्रहरूको संरक्षण र सम्बर्धन गर्ने।

***उद्देश्य***

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु।

२. भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिका: ४२ वन तथा जैविक विभिधता रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्नु।** | |
| २.१: वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ।<br>३. गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा वजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय जनतालाई प्रेरित गरिनेछ।<br>६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने। | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ।<br>२. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ।<br>४. वन नर्सरी स्थापना गरिनेछ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ।<br>६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ। |
| **उद्देश्य२:भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु।** | |
| २.१: जनसहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व बृद्धि गर्ने। | १. बाटोमुनि भूक्षय रोक्न अम्रिसो लगायत प्राविधिक रूपले उपयुक्त बिरुवाहरू लगाइनेछ।<br>२. पैयुँ, चिउरी, लाकुरी जस्ता मह आउने जातका बिरुवा भएमा मौरीपालनमा समेत टेवा पुग्ने बिरुवाहरू लगाइनेछ।<br>३. कृषियोग्य जमिनलाई वाढीबाट जोगाउन तटबन्ध गर्ने, ग्याबिन जाली भरिनेछ।<br>४. विपद सूचक यन्त्र जडान गरिनेछ। |
| २.२: बाह्य र आन्तरिक स्रोतसाधनको परिचालन गर्ने। | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा भूसंरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणकालागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

*तालिकाः ४३ कार्यक्रम तथा आयोजना- वन तथा जैविक विभिधता*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| वन तथा जैविक विविधता | वडा ४ वन सिमान निर्धारण कार्यक्रम |
| वन तथा जैविक विविधता | वडा ४ सामुदायिक वनमा अग्नि रेखा निर्माण गर्ने |
| वन तथा जैविक विविधता | वडा ४ खाली जग्गामा वृक्षारोपण कार्यक्रम |
| वन तथा जैविक विविधता | वडा ४ वन नर्सरी व्यवस्थापन तथा सञ्चालन |
| वन तथा जैविक विविधता | वडा ५ वृक्षारोपण तथा डँडेलो नियन्त्रण कार्यक्रम |
| वन तथा जैविक विविधता | वडा ६ वडाभित्रका सम्पुर्ण सामुदायिक वनमा अग्निरेखा निर्माण |
| वन तथा जैविक विविधता | वडा ६ खाली जग्गामा वृक्षारोपण कार्यक्रम |
| वन तथा जैविक विविधता | वडा ६ वन नर्सरी व्यवस्थापन तथा सञ्चालन |
| वन तथा जैविक विविधता | वडा ६ सामुदायिक वनमा तार तथा जाली लगाई संरक्षण गर्ने (४ कि.मी) |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

***अपेक्षित उपलब्धि***

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गरिनेछ।
२. भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गरिनेछ।

## ७.१ भूसंरक्षण र जलाधार व्यवस्थापन तथा वातावरण र फोहरमैला व्यवस्थापन

**पृष्ठभूमि**

वातावरण तथा जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्त्वपूर्ण सवाललाई मध्यनजर गरी नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ। यस क्षेत्रमा भएका अन्तर्राष्ट्रिय सन्धि (महासन्धि)हरूको अनुमोदन तथा सम्मिलन गर्दै तदनुरुप राष्ट्रिय नीति, कानुन तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ। वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात गरिएको छ। सरकारी तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ-संस्था

समेतको सक्रियतामा राष्ट्रिय तथा स्थानीय अनुकूलनकालागि रणनीतिक कार्यक्रमहरू, कार्बन व्यापारको थालनी, वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनजस्ता प्रयासहरू भइरहेका छन्। वातावरण व्यवस्थापनलाई विकास कार्यसँग आबद्ध गर्ने क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ। वायुको गुणस्तरसम्बन्धी मापदण्ड एवं नेपाल सवारी प्रदूषण सम्बन्धी मापदण्डहरू निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ। क्योटो प्रोटोकल अन्तर्गत कार्बन व्यापारबाट नेपालले आम्दानी प्राप्त गर्न सुरु गरिसकेको छ।

**प्रमुख समस्या**

वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहको कमी, स्थानीय स्तरमा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्य गर्न प्रभावकारी निकायको अभाव, वातावरण तथा जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरहरू न्यूनीकरण गर्न पर्याप्त मानव, आर्थिक र भौतिक स्रोतहरूको कमी, वातावरण तथा जलवायु सम्बन्धी कार्यक्रमहरू गाउँपालिका स्तरीय विकासका कार्यक्रमहरूसँग आबद्ध गरी योजना तर्जुमाको अभाव, जलवायु परिवर्तनको प्रभाव, जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धान यथेष्ठ रूपमा नहुनु आदि समस्याहरू रहेका छन्।

**चुनौती तथा अवसर**

- जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु।
- खोला तथा सार्वजनिक स्थलहरूबाट ढुङ्गा, गिट्टी, बालुवा, माटोको अधिक दोहन।
- होटल, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर उत्सर्जन नियन्त्रण।
- बढ्दो क्रममा रहेको वन विनासलाई रोक्नु।
- जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा आन्तरिकीकरण गर्नु।
- वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि।
- स्थानीय स्रोत साधनहरूमा जलवायु परिवर्तनबाट पर्ने प्रभाव कम हुँदै अनुकूलित वातावरण सिर्जना।
- गाउँपालिकाको प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

"स्वच्छ एवं स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार दिगो विकासको आधार"।

***लक्ष्य***

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवं सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन गर्ने।

***उद्देश्य***

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा, स्वच्छ र हरित वातावरण संरक्षण गर्नु।
२. प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु।

***रणनीति तथा कार्यनीति***

*तालिका: ४४ वातावरण संरक्षणा तथा जलवायु परिवर्तन का रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा स्वच्छ र हरित वातावरण संरक्षण गर्नु ।** | |
| **१.१:** विकाससँग सम्बन्धित कार्यक्रममा वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तनलाई आन्तरिकीकरण गर्ने । | १ विद्यमान वातावरणीय ऐन, नीति, नियमहरू अनुरूप विकास कार्यक्रमहरूको वातावरण प्रभाव मूल्याङ्कन गरिनेछ।<br>२ राष्ट्रिय अनुकूलन कार्य योजनाअनुरूप स्थानीय अनुकूलन कार्य योजना बनाई कार्यान्वयन गरिनेछ।<br>३ विकासका पूर्वाधारहरूमा वातावरण संरक्षणका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिनेछ।<br>४ वातावरण तथा जलवायु परिवर्तनका क्रियाकलापहरूमा स्थानीय गैरसरकारी संस्था, निकाय, सामुदायिक संस्था एवं अन्य निकायहरूबीच समन्वय कायम गरिनेछ।<br>५. वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| **१.२:** जलवायु परिवर्तनबाट प्राकृतिक स्रोत तथा मानिसमा पर्ने प्रभावलाई न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम चलाउने। | १. विकासका संरचनाहरू निर्माण गर्दा हरियाली विकास गर्ने कार्यहरूलाई समायोजन गर्दै लगिनेछ।<br>२. विकासका (पूर्वाधार) संरचनाहरू निर्माण गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका संरचनाहरूलाई प्राथमिकता दिइनेछ।<br>३. प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल वायु माटो ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम नियन्त्रण तथा व्यवस्थापन गरिनेछ।<br>४. पानीको स्रोतलाई पुनर्भरण गर्न प्लाष्टिक पोखरी निर्माण गरिनेछ। |
| **१.३:** वातावरण प्रदूषण हुन नदिने तथा फोहरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउने। | १. प्रदूषकले तिर्नुपर्छ" भन्ने सिद्धान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवं कार्यान्वयन गरिनेछ।<br>२. नकुहिने तथा पुन प्रयोग हुन नसक्ने फोहरमैला व्यवस्थापन गर्न उचित स्थानमा ल्याण्ड फिल साइटको व्यवस्था गरिनेछ।<br>३. कुहिने फोहरलाई कम्पोस्ट मल बनाउने तथा पुन प्रयोगहुने फोहरहरू सङ्कलन तथा बेचबिखन गर्न प्रोत्साहन गरिनेछ।<br>४. फोहरमैला सङ्कलन तथा व्यवस्थापन योजना तयार गरी लागु गरिनेछ। |
| **उद्देश्य २: प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु।** | |
| **२.१:** जल तथा मौसम सम्बन्धी सूचना तथा सेवालाई नियमित रूपमा सम्प्रेषण गरी सम्बन्धित संस्था तथा सरोकारवालाहरूलाई जलवायु परिवर्तन न्यून गर्ने कार्यहरूमा परिचालन गर्ने। | १. वातावरण तथा जलवायु परिवर्तन अनुकूलन, वातावरणीय तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ।<br>२. मौसम, जलवायु सम्बन्धी सूचना तथा जानकारी उपभोक्ताहरूलाई सजिलै उपलब्ध हुन सक्ने संयन्त्र विकास गरिनेछ।<br>३. वातावरण प्रदुषण गर्ने बस्तु उत्पादन कम गर्न पुन: प्रशोधन एवं प्रयोग गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

*तालिकाः ४५ योजना तथा कार्यक्रमहरु*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम |
|---|---|
| भूसंरक्षण तथा जलधार व्यवस्थापन | वडा नं १-करवला पोखरी मर्मत तथा संरक्षण |
| भूसंरक्षण तथा जलधार व्यवस्थापन | वडा नं २-माथिल्लो खैरेनी सिमसार क्षेत्र संरक्षण गर्ने |
| भूसंरक्षण तथा जलधार व्यवस्थापन | वडा नं २-पलगोडा सिमसार क्षेत्र संरक्षण गर्ने |
| भूसंरक्षण तथा जलधार व्यवस्थापन | वडा नं २-मौहारी टोलको पोखरी संरक्षण गर्ने |
| भूसंरक्षण तथा जलधार व्यवस्थापन | वडा नं ५-पूरैनी टोल, मानपकडी, कुवारी लगायतका पोखरी संरक्षण गर्ने |
| भूसंरक्षण तथा जलधार व्यवस्थापन | वडा नं ५-चोपर खोला ताल संरक्षण गर्ने |
| वातावरण तथा फोहरमैला व्यवस्थापन | फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईडको सम्भाव्यता अध्ययन |
| वातावरण तथा फोहरमैला व्यवस्थापन | वडा नं ३ र ४- वजारको फोहोर मैला फाल्न ढुवानीको व्यवस्थापन |
| वातावरण तथा फोहरमैला व्यवस्थापन | वडा नं ४ वजारको फोहोर मैला फाल्न ढुवानीको व्यवस्थापन |
| वातावरण तथा फोहरमैला व्यवस्थापन | वडा नं ४- फर्सीटिकर वजार क्षरत्रमा ढल निर्माण तथा व्यवस्थापन |

**अपेक्षित उपलब्धि**

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा, स्वच्छ र हरित वातावरण संरक्षण गरिनेछ।
२. प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराइनेछ।

## ७.२ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

**पृष्ठभूमि**

नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठुलो क्षति हुने गरेको छ। मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, , हावाहुरी, चटयाङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण नेपाल विपद्को उच्च जोखिममा रहेको छ। यसैगरी कोरोना, हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन्। शुद्दोदन गाउँपालिकाक्षेत्र विशिष्ट भौगोलिक बनौट, प्राकृतिक तथा जलवायु एवं मानवीय क्रियाकलापबाट सिर्जित विपद्का दृष्टिले जोखिममा रहेको छ। प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनाहरूबाट धनजन तथा विकासका पूर्वाधारहरूको क्षतिले आर्थिक तथा सामाजिक विकासमा ठुलो असर पर्न सक्छ। दुर्गम र कठिन भौगोलिक बनावटका कारण यो क्षेत्रको आधारभूत सेवामा पहुँच कठिन भएको र विकास प्रक्रियाहरूमा वाधा पर्दै आएको छ।

**प्रमुख समस्या**

मनसुनको समयमा हुने मेघगर्जन र चटयाङ्ग, मनसुनी बर्षाले सिर्जना गर्ने बाढी र डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतवारी तथा भौतिक पूर्वाधारमा क्षति, विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा समन्वयको कमी, विपद् हुनु अघि त्यसको तयारी र प्रतिकार्यका क्रियाकलापहरू क्रियाशील हुन नसकिएको अवस्था छ। त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, पर्याप्त मानव, आर्थिक, भौतिक स्रोत को अभाव, एक

द्वार प्रणाली मार्फत विपद् सम्बन्धी भएका घटनाहरूको सूचना तथा तथ्याङ्क सङ्कलन तथा प्रक्षेपण हुन नसक्नु, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानको कमी, स्थानीय स्तरको विपद् सम्बन्धी भरपर्दो तथ्याङ्क अद्यावधिक गर्न नसकिएको अवस्था विद्यमान रहेको छ।

**चुनौती तथा अवसर**

- विकासका नाममा उचित सर्वेक्षण नै नगरी यत्रतत्र डोजर लगाई पूर्वाधार निर्माण गर्नु।
- पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु।
- उद्धार राहात र पुनस्थापनाको लागि प्रभावकारी सयन्त्रको कमी हुनु।
- विपद् न्यूनीकरण गर्ने ठोसरउपयुक्त योजना, नीति, निर्देशिकाहरूको अभाव हुनु।
- विपद् न्यूनीकरण गर्न नयाँ प्रविधि, सिकाइहरू विकास र विस्तार नहुनु।
- विपद् व्यवस्थापनमा कार्य गर्ने सङ्घरसंस्थाहरूको काम कर्तव्यमा अधिकार बाझिने वा दोहोरोपन सिर्जना हुनु।
- नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू विपद् प्रतिरोधी हुने।
- जनसमुदाय तथा विपद् सम्बन्धी जनचेतना अभिवृद्धि हुने।
- खुला क्षेत्रहरूको संरक्षण हुने।
- परम्परागत ज्ञान, सीप र स्थानीय स्रोतहरूको दिगो प्रयोग हुने।
- आकर्षक भूवातावरण सिर्जना हुने।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

सुरक्षित जीवनकालागि विपद् न्यूनीकरण तथा व्यवस्थापन।

***लक्ष्य***

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने।

***उद्देश्य***

१. जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी शुद्दोदन गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः ४६ विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ःजोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।** | |
| **१.१ः** विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ।<br>२. विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ।<br>४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ। |
| **१.२ः** सरोकारवाला हरूको समन्वय र | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवं तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ। |

| | |
|---|---|
| संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने। | २. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ।<br>३. गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ। |
| **१.३**:विपद्व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने। | १ विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ।<br>२ गाउँपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ।<br>३ विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ।<br>४ विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ।<br>५ विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ। |
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी शुद्धोदन गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने। | १ बाढी, चटयाङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवं सुविधा सम्पन्न बनाइनेछ।<br>२ जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ।<br>३ भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४ साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ। |

**<u>प्रमुख कार्यक्रम</u>**

*तालिकाः ४७ योजना तथा कार्यक्रमहरु*

| उपक्षेत्र | योजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने स्थान, वडा/पालिका |
|---|---|---|
| विपद जोखिम न्यूनीकरण | वडा १- दानव खोला तटबन्ध कार्यक्रम | १ |
| विपद जोखिम न्यूनीकरण | वडा २- दानव खोलामा तटबन्ध गर्ने (माथिल्लो तथा तल्लोखैरेनी) | २ |
| विपद जोखिम न्यूनीकरण | वडा ३- सियारी खोला तटबन्ध कार्यक्रम | ३ |

| | | |
|---|---|---|
| विपद जोखिम न्यूनीकरण | वडा ४- सुखली खोला तटबन्ध कार्यक्रम | ४ |
| विपद जोखिम न्यूनीकरण | वडा ४- सुखली खोला तटबन्ध कार्यक्रम को डी.पी.आर. तयार गर्ने | गाउँपालिका |
| विपद जोखिम न्यूनीकरण | वडा ६-सुखली खोला खोला तटबन्ध निर्माण | ६ |
| विपद जोखिम न्यूनीकरण | वडा ६-विपदपुर्व सचेतना तालिम सञ्चालन | ६ |
| विपद जोखिम न्यूनीकरण | वडा ६-सामुहिक रुपमा विपद न्युनीकरण कोष निर्माण | ६ |
| विपद जोखिम न्यूनीकरण | वडा ७-सुखली खोलामा तटबन्ध निर्माण | ७ |
| विपद जोखिम न्यूनीकरण | वडा ७-टेगनाहवा खोलामा तटबन्ध निर्माण | ७ |
| विपद जोखिम न्यूनीकरण | वडा ७-वडास्तरिय सामुहिकरुपमा विपद न्युनीकरण कोष निर्माण | ७ |
| विपद जोखिम न्यूनीकरण | वडा ७- विपदपूर्व सचेतना कार्यक्रम | ७ |
| विपद जोखिम न्यूनीकरण | वडा ७-जोखिमयुक्त वस्ती पहिचान र स्थानान्तरण कार्यक्रम | ७ |
| विपद जोखिम न्यूनीकरण | धमहा खोला खोला तटबन्ध निर्माण | |
| विपद जोखिम न्यूनीकरण | ईमुरीया खोला खोला तटबन्ध निर्माण | |
| विपद जोखिम न्यूनीकरण | स्थानिय विपद तथा जलवायु अनुकुलन योजना निर्माण | गाउँपालिका |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका: ४८ नतिजा खाका वन, वातावरण, जोखिम नियन्त्रण*

| नतिजा शृंखला | सूचक | | आधारबर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| असर ४: वन तथा जैविक विविधता र प्राकृतिक स्रोतको संरक्षण र दिगो उपयोगमा वृद्धि भएको हुनेछ | रुख विरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ७.९६ | ८ | ९ | १० | ११ | १२ |
| | वनमा आधारित उद्योग | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ |
| | सामुदायिक वन | संख्या | ४ | ७५ | ७६ | ७७ | ७८ | ८० |
| प्रतिफल ४.१ जलाधार संरक्षण,भुमिको एकीकृत व्यवस्थापन र उचित सदुपयोग भएको हुनेछ | संरक्षित पानीमुहान | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० |
| | नदि नियन्त्रण लम्बाई | किमी | ८ | २५ | ३२ | ३६ | ४० | ४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ४.२ जलवायु अनुकुल पर्यवारनिय स्वच्छता अबिब्रिद्धि भएको हुनेछ | प्रयोग भएको फोहोरमैला व्यवस्थापन प्रणाली (ल्याण्डफिल साइट, | संख्या | ० | १ | १ | ३ | ४ | ४ |
| | कम्पोस्ट-बिन, गार्बेज पिट प्रयोग गर्ने परिवार | प्रतिशत | १५ | ५० | ७५ | ८५ | ९५ | १०० |
| | परम्परागत दाउरा प्रयोग गर्ने घर धुरी | प्रतिशत | ३३.७ | २७ | २५ | २० | १७ | १५ |
| | स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकुल कार्ययोजना तर्जुमा | संख्या | ० | १ | १ | १ | १ | १ |
| प्रतिफल ४.३ विपदबाट हुने क्ष्यतिलाई न्यूनीकरण गरी उत्थानशील समाजको निर्माण भएको हुनेछ | अयोग्य स्थानमा रहेका बस्ति | संख्या | ४ | ३ | २ | ० | ० | ० |
| | तालिम प्राप्त स्वयंसेवक | संख्या | ५ | २५ | ५० | ५० | ५० | ५० |

***अपेक्षित उपलब्धि*** जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास भएको हुनेछ।हरेक बर्ष मादी, मिदीम पीस्ती खोला आदि खोलाहरुको तटबन्धनको दीर्घकालीन व्यवस्थापन कार्य गर्न अति आवश्यक छ।

# परिच्छेद ८

## संस्थागत विकास तथा सुशासन योजना

## ८.१ संस्थागत विकास र सुशासन

**पृष्ठभूमि**

शुद्दोदन गाउँपालिकाकोअबको कार्यदिशा भनेको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूत गर्नु हुनेछ। सबै जनप्रतिनिधि तथा कर्मचारीको कुशल शासकीय व्यवस्थापनद्वारा नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पूरा गर्न र शासन सञ्चालनकालागि विद्यमान पद्धति र औजारलाई समयसापेक्ष बनाउँदै लैजानु आवश्यक छ। यसका लागि पालिकाको दिर्घकालिन योजना छैन तर स-साना क्रियाकलापहरू भने सञ्चालन गरिएका छन्। आयोजनाहरूको अनुगमन तथा योजनाको प्राथमिकिकरण तदर्थ शैलीमा गरिएको छ। आवश्यक दक्ष र प्रयाप्त जनशक्तिका अभावमा कार्य सम्पादनका कार्यहरू भई रहँदा गुणस्तरका विषयमा सधै अनुमानका आधारमा कार्य गर्नु पर्ने अवस्था छ।

**प्रमुख समस्या**

जनप्रतिनिधि तथा कर्मचारीको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु, कार्य क्षेत्रका आधारमा प्रयाप्त दक्ष जनशक्ति नहुनु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवं प्रविधिको समुचित उपयोग गर्न नसक्नु साथै पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रूपमा विकास भई नसक्नु आदि यहाँका समस्याका रुपमा रहेका छन्।

**चुनौती तथा अवसर**

- सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु।
- जनताको घर दैलोमा विकासका कार्यक्रम पुऱ्याउनु।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु।
- विकास प्रशासनको क्षमता अभिवृद्धि गर्नु।
- शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु।
- सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई स्थानीय सरकारप्रति उत्साह पैदा गर्नु।
- गाउँपालिकाको काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु।
- राज्यका तीनै तहमा निर्वाचन सम्पन्न भई स्थिर सरकार गठन हुनु।
- नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु।
- आयोजनाको छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा जनसहभागिता बढ्ने वातावरण बन्नु।
- अपेक्षित विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

पारदर्शी, जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था।

***लक्ष्य***

प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासनको प्रत्याभूति गर्ने।

***उद्देश्य***

१. भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः ३ शासकिय प्रवन्ध र सुशासनका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु।** | |
| १.१ः विकास आयोजनाहरूको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्बोधन गर्ने। | १. वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ।<br>२. अनुगमनको अनुगमन गर्ने प्रणाली विकास गरिनेछ।<br>३. विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गरिनेछ। |
| १.२ः कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने। | १. छिटो छरितो गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानुनी तथा नीतिगत आधार तयार गरिनेछ।<br>२. सरकारी कार्यालयलाई आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रूपमा स्थापित गरी कर्मचारीको कार्यसम्पादन अभिवृद्धि गरिनेछ।<br>३. सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक गरिनेछ।<br>४. सबै सार्वजनिक निकायमा नागरिकबडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ। |
| १.३ः पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने। | १. सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रूपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ।<br>२. मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाई प्रोत्साहन प्रणालीको विकास गरिनेछ। |
| १.४ः पालिकाका काम कार्वाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने। | १. गाउँपालिकाका कामकार्वाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ।<br>२. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

१. सार्वजनिक नागरिक सुनुवाइलाई व्यवस्थित बनाउँदै सबै जनताको उपस्थितिको सुनिश्चितता अभियान सञ्चालन।
२. नियमित वेवसाइट अद्यावधिक तथा व्यवस्थापन परीक्षण।
३. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास।
४. कर्मचारीको कार्यसम्पादनलाई कार्य प्रगतिसँग आवद्धता गर्ने व्यवस्था।
५. सूचना प्रविधिमा आधारित सेवा प्रवाह सञ्चालन।

**अपेक्षित उपलब्धि**

१. भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गरिनेछ।

## ८.२लोकतान्त्रिक संघीय शासन प्रणालीको प्रवर्धन

**पृष्ठभूमि**

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्धतिको मूल आधार मानेको छ।सोही मर्मलाई आत्मसात गर्दै संविधानले निर्धारण गरेको क्षेत्राधिकारको अभ्यासबाट सुशासनमैत्री र संघिय शासन प्रणाली प्रवर्द्धन गर्न आवश्यक छ।विभिन्न जातजाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै विविधताको व्यवस्थापनका माध्यमबाट राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ लोकतान्त्रिक संघीय शासन प्रणाली लागु भएको हो।

**प्रमुख समस्या**

संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भई नसक्नु र नितान्त नवीन संवैधानिक स्थानीय संरचना हुनु तथा संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तरसम्बन्धित कार्यक्रमहरूको कतिपय कार्यान्वयनका क्षेत्रहरू परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नभएको र दोहोरोपन देखिएको अवस्था छ।

**चुनौती तथा अवसर**

- कतिपय स्रोत परिचालन र कार्यान्वयनमा स्पष्ट कानुनी आधार तयार गर्ने।
- पर्याप्त संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्दै जानु।
- आवश्यकता र आवश्यकताका आधारमा कर्मचारी व्यवस्थापन गर्न ढिलाई।
- वित्तीय संघीयताको वैज्ञानिक विधि अपनाई कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने कोशिस।
- संघीयताको मूल्य र मान्यतालाई आत्मसात गर्न कतिपय सरकारी संयन्त्र नै तयार गर्ने प्रयास।
- सबैतहका बीचमा समन्वय स्थापित गर्न राजनीतिक अन्यौलतामा वहस हुनु।
- हाल प्रशासनिक संरचना र आवश्यक आधारभूत कानुनहरूको उपलब्धता।
- राजनीतिक प्रतिबद्धता सहितको निर्वाचित स्थिर सरकार।
- संघीयता कार्यान्वयनकालागि सहयोगी वातावरण।
- सकारात्मक नागरिक सोच।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित समावेशी संघीय शासन प्रणालीको अभ्यास।

***लक्ष्य***

सबै नागरिकको समान पहुँच र अवसर सहित घरदैलोमै प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

***उद्देश्य***

१. संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः ४ लोकतान्त्रिक संघीय शासन प्रणालीको प्रवर्द्धनका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गरदैं छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु।** | |
| **१.१**:समावेशी तथा समन्यायिक विकासका लागि आवश्यक कानुनी र संस्थागत आधार तयार गर्ने। | १. नीति, योजना, कानुन तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रूपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ। |
| **१.२**ः पालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी रूपमा प्रवाह गर्न आवश्यक व्यवस्था गर्ने। | १. सेवा प्रवाहकोलागि आवश्यक नीतिगत र कानुनी आधार तयार गरी संस्थागत संरचनाको विकास गरिनेछ।<br>२. सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदि जारी गरी कार्यान्वयन गरिनेछ।<br>३. नागरिकसमाज, निजीक्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ। |
| **१.३**ः जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने। | १. जनप्रतिनिधि तथा कर्मचारीकोलागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. संघीयता कार्यान्वयन सम्बन्धी जनचेतना बृद्धि तालिम, गोष्ठी, सेमिनार आयोजना गरिनेछ। |
| **१.४**ः संघ तथा प्रदेश सरकारसँगको समन्वयलाई व्यवस्थित बनाई निरन्तर संवादको आधार तयार पार्ने। | १. माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयसँग दोहोरो संवादको प्रक्रियालाई व्यवस्थित गरिनेछ।<br>२. योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयको परामर्श लिने पद्धतिको थालनी गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

१. जनचेतनामूलक तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन।

२. स्थानीय राजनीतिक नेतृत्व, जनप्रतिनिधिको लागि क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन।

३. कर्मचारीकोलागि क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन।

**अपेक्षित उपलब्धि**

१. संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना हुनेछ।

## ८.३ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि एवं सशक्तिकरण

**पृष्ठभूमि**

शीघ्र सेवा र तीव्र विकासको लागि शुद्दोदन गाउँपालिकाभन्ने सोचका साथ सार्वजनिक सेवालाई अझ बढी प्रभावकारी र चुस्त बनाउनको लागि संस्थागत विकास गर्ने लक्ष्य राखिएको छ। पालिकामा सेवा लिन आउने सेवाग्राहीले सरकारसंगको सन्निकटताको पूर्णप्रत्याभूति गर्ने, पालिकालाई आफ्नो संरक्षण र अभिभावकको रुपमा आभाष गर्ने र सामाजिक सेवामा तत्पर सस्थाको रुपमा महसुस गर्न सक्ने गरी योजना निर्माण गर्न लागिएको छ। हाल यस पालिकामा राजनीतिक नेतृत्व गर्न युवा पुस्ताहरूको चाहना देखिन्छ तर त्यसका लागि सरकारी संरचना, कार्य सम्पादन गर्ने पद्धती र न्युनतम मापदण्डका विषयमा जानकारीको अभाव रहेको पाइन्छ। नेतृत्वकर्तामा हुनुपर्ने गुण, क्षमता र योग्यताका विषयमा हुनु पर्ने छलफलहरू र तालिमहरूको व्यवस्था गर्न गाउँपालिकाले केहि लगानी गरेको भए पनि अन्य क्षेत्रहरूवाट खासै लगानी भएको पाइंदैन।

**प्रमुख समस्या**

गाउँपालिकामा हाल नेतृत्व विकास, क्षमता अभिवृद्धि र सशक्तिकरणका क्षेत्रमा कार्य गर्ने अनुभवी संघ संस्थाहरूको विध्यमानता देखिदैन। राजनीतिक दलहरूले पनि यस्ता विषयमा खासै प्रशिक्षणहरू सञ्चालन गरेको पाइंदैन। नेतृत्व विकासका लागि अन्तरपुस्तामा क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन गर्न सकिएको छैन। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकार सञ्चालनका लागि विभिन्न विषयगत समितिहरूको निर्माण गरि तिनीहरूको विभिन्न पाँच विषयगत समिति, न्यायिक समिति, राजश्व परामर्श समिति, अनुगमन समिति र अन्य कार्यदल आदिहरूको निर्माण गरि कार्य सम्पादन गर्ने कुराहरू उल्लेख छ। ति सबै संयन्त्रहरूका कार्यविधि, निर्देशिका र प्रतिवेदनहरूलाई व्यवस्थित रुपमा वार्षिक कार्यपालिका सभामा पेश गर्न सकिराखेको अवस्था छैन।

**चुनौती तथा अवसर**

- ✓ संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नियम, निर्देशिकाहरूले विभिन्न समिति, उपसमितिहरूको गठन गर्ने व्यवस्था गरि तिनीहरूले सम्पादन गर्ने काम, कर्तव्य र जिम्मेवारीहरू तोकिएको छ।
- ✓ गाउँपालिकाले निर्माण गर्नु पर्ने समितिहरूको गठन र परिचालन गर्दै आएको अवस्था छ।
- ✓ ति समितिहरूले आ-आफ्ना काम, कर्तव्य र जिम्मेवारीहरूलाई आत्मासाथ गरिरहेको अवस्था छ।
- ✓ समितिहरूले आ-आफ्ना कार्य क्षेत्रहरूको दिर्घ कालिन गुरुयोजना निर्माण गर्ने प्रयासरत छन्।
- ✓ समितिहरूको क्षमता विकास तालिम तथा प्रशिक्षणहरूमा कर्मचारी र समितिका सदस्यहरूको रुचि रहनेगरेको अवस्था छ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

लोकतन्त्रको सस्थागत अभ्यास स्थानीय तहमा अनुभुति गर्न सक्ने वातावरण तयार गर्ने।

***लक्ष्य***

सिघ्र सेवा तिव्र विकास अभियान सञ्चालन गर्न सक्ने सामुहिक नेतृत्व तयार गर्ने।

***उद्देश्य***

१. कार्यपालिका र व्यवस्थापिकालाई विकास, विकासप्रतिको दृष्टिकोण र कार्य योजनामा केन्द्रित छलफल सभाका रुपमा विकास गर्ने विषयगत समितिहरूको सबलीकरण गर्नु।
२. सेवा प्रदायकहरूको संस्थागत संरचनामा सवलिकरण गर्नु।
३. सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्नु।

४. गाउँपालिकाको संस्थागत स्मरण, अभिलेख र तथ्याङ्कहरूको प्रभावकारी व्यवस्थापन गर्न सेवा प्रदायक शाखाहरूको क्षमता अभिवृद्धि गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिका: ५ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि एवं सशक्तिकरणका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: कार्यपालिका र व्यवस्थापिकालाई विकास, विकासप्रतिको दृष्टिकोण र कार्य योजनामा केन्द्रित छलफल सभाका रुपमा विकास गर्ने विषयगत समितिहरूको सबलीकरण गर्नु।** | |
| **१.१:** कानूनी तथा नीतिगत व्यवस्था र अध्यावधि गर्ने। | १. ऐनहरूको निर्माण र संशोधन गरिनेछ।<br>२. नियमावली र निर्देशिकाहरू निर्माण गरिनेछ।<br>३. नीतिहरूको निर्माण र अध्यावधी गरिनेछ।<br>४. विषयगत समितिहरू र अन्य उप- समितिहरूको कार्यसम्पादन निर्देशिका तयार गरिनेछ। |
| **उद्देश्य २: सेवा प्रदायकहरूको संस्थागत संरचनामा सवलिकरण गर्नु।** | |
| **२.१:** सङ्घीयताको सिद्धान्त, संविधान र स्थानीय सरकार सञ्चालन ऐन तथा कार्यविधि अनुसार आवश्यक ऐन, नियमावली र निर्देशिकाहरू तयार गर्ने। | १. वडा समिति र सचिवालय कार्यालयको सबलीकरण गरिनेछ।<br>२. शाखाहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>३. पालिकाको भौतिक पूर्वाधार विकास गरिनेछ।<br>४. डिजिटल तथ्याङ्कको व्यवस्थापन गरिनेछ।<br>५. कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>६. विषयगत समितिहरूको कार्ययोजना गरिनेछ। |
| **उद्देश्य ३: सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्नु।** | |
| **३.१:** अन्तर समन्वय विस्तार र सबलीकरण गर्ने। | १. सङ्घीय सरकारका निकायहरूसंग समन्वय गरिनेछ।<br>२. अन्य स्थानीय तहहरूसंगको समन्वय गरिनेछ।<br>३. अन्तरशाखा र वडा समन्वय गरिनेछ।<br>४. जन परिचालन र साझेदारिता गरिनेछ। |
| **३.२:** वजेट,वस्तु तथा सेवाका गुणस्तरलाई जनता समक्ष अनुमोदन वा जानकारी गराउने प्रक्रियालाई सवलिकरण गर्ने। | १. योजना तर्जुमा र अनुगमन निर्देशिका तयार गरिनेछ।<br>२. हटलाईन टेलिफोन सेवा र कल केन्द्र एवं डिजीटल प्लाटफर्म सञ्चालन गरिनेछ।<br>३. विभिन्न विधामा उत्कृष्ट कार्य सम्पादन गर्नेलाई पुरस्कृत गरिनेछ।<br>४. सेवाग्राही सन्तुष्टि सर्बेक्षण ड्यास बोर्डमा प्रर्दशन गरिनेछ ।<br>५. साप्ताहिक कार्य सम्पादन र खर्चको अवस्थालाई ड्यास वोर्डमा प्रदर्शन गरिनेछ।<br>६. सार्वजनिक लेखा, जेण्डर परिक्षण गरिनेछ।<br>७. आयोजना स्थलमा आयोजना सूचना बोर्ड राखिनेछ। |
| **उद्देश्य ४: गाउँपालिकाको संस्थागत स्मरण, अभिलेख र तथ्याङ्कहरूको प्रभावकारी व्यवस्थापन गर्न सेवा प्रदायक शाखाहरूको क्षमता अभिवृद्धि गर्नु।** | |
| **४.१:** आन्तरिक मूल्याङ्कन पद्धतिको विकास गर्ने। | १. निजी र सहकारीसंगको साझेदारिता गरिनेछ।<br>२. सबै अभिलेखहरूको डिजिटल अभिलेखन गरिनेछ।<br>३. निर्णयहरूलाई यथासिघ्र सार्वजनिक गरिनेछ। |

| | |
|---|---|
| | ४. अभिलेख तथा स्रेस्ताका आधारमा अनुगमन गरिनेछ।<br>५. आन्तरिक स्वमूल्याङ्कन (लिसा)को अभ्यास गरिनेछ।<br>६. कर्मचारी तथा जनप्रतिनिधिहरूलाई प्रशिक्षण दिइनेछ। |

***कार्यक्रम तथा आयोजना***

१. विषयगत समितिहरूका सचिवालय निर्माण तथा अभिलेखन।
२. सचिवालयका लागि आवश्यक भौतिक तथा व्यवस्थापकिय व्यवस्थापन।
३. नियमित परामर्श सेवा लिने र सुचकका आधारमा मूल्याङ्कन कार्यविधि तर्जुमा।
४. प्रदेश सुशासन केन्द्र, नीति तथा योजना आयोगहरूसंगको नियमित समन्वय विस्तार।

**अपेक्षित उपलब्धि**

१.कार्यपालिका र व्यवस्थापिकालाई विकास, विकासप्रतिको दृष्टिकोण र कार्य योजनामा केन्द्रित छलफल सभाका रुपमा विकास गर्ने विषयगत समितिहरूको सबलीकरण गरिनेछ।
२.सेवा प्रदायकहरूको संस्थागत संरचनामा सवलिकरण गरिनेछ।
३. सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गरिनेछ।
४.पालिकाको संस्थागत स्मरण, अभिलेख र तथ्याङ्कहरूको प्रभावकारी व्यवस्थापन गर्न सेवा प्रदायक शाखाहरूको क्षमता अभिवृद्धि गरिनेछ।

## ८.४ वित्तीय अनुशासन

**पृष्ठभूमि**

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानकोलागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास आवश्यकता छ।सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु शुद्दोदन गाउँपालिकाकोदायित्व हो।सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकास जरुरी भएकोछ।

**प्रमुख समस्या**

गाउँपालिकाहरूका वार्षिक लेखापरिक्षण प्रतिवेदनहरूमा वार्षिक रुपमा वेरुजुको मात्रामा बृद्धि हुँदै जानु, आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु, चालु खर्चमा भएको बढोत्तरीगै वित्तीय सुशासनको स्थिति खस्कदै जानु।

**चुनौती तथा अवसर**

- संघीय वित्तीय ढाँचा अनुरूप संघीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु ।
- समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु।
- समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्च बृद्धि गर्नु।
- आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु।
- अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु।

- खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउदै लगी आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु।
- राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १५ भित्र गाउँ सभामा पेश गर्ने व्यवस्था रहेको।
- पालिकाको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गरिनु।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

प्रभावकारी विकास खर्च व्यवस्थापनद्वारा वित्तीय सुशासन।

***लक्ष्य***

सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने।

***उद्देश्य***

१. सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु।

***रणनीति तथा कार्यनीति***

*तालिका: ६ वित्तिय अनुशासनका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु।** | |
| **१.१:** वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने। | १. वित्तिय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता बृद्धि तथा लेखा प्रणाली सुधारका गर्न तलिमको व्यवस्था गरिनेछ।<br>२. वित्तिय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ। |
| **१.१:**सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थितरपारदर्शी बनाउने | १. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिनेछ।<br>२. निर्धारितसमय अगावैकाम सम्पन्नगर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ। |
| **१.१:** बेरुजु न्यूनीकरण गरी बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिने। | १. खरिद प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।<br>२. आयोजनाहरूकालागि ग्राहकरउपभोक्ता समुह छनौट तथा प्रथम किस्ता भुक्तानी आ.व.को दोश्रो चौमासिक भित्रै सम्पन्न गरिनेछ।<br>३. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा सम्बन्धित सरोकारवाला तथा उपभोक्ताहरूको राय सुझाव लिइनेछ।<br>४. खर्च गर्नुपुर्व हरेक शिर्षकको नीतिगत आधार स्पष्ट गरिनेछ । |

***कार्यक्रम तथा आयोजना***

१. लाभ र लागतको विश्लेषणसहित योजना तथा कार्यक्रम अवधिका आधारमा वार्षिक बजेट विनियोजन।
२. राजस्व परिचालन क्षमता बृद्धि तालिम सञ्चालन।
३. लेखा प्रणाली सुदृढीकरण तालिम सञ्चालन।
४. विद्युतीय आर्थिक कारोबार प्रणालीको सुदृढीकरण कार्यक्रम।

**अपेक्षित उपलब्धि**

**सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवं प्रभावकारी बनाइनेछ।**

## ८.५ सन्तुलित विकास

**पृष्ठभूमि**

सघं, प्रदेश र स्थानीय तह बीच प्राकृतिक स्रोतसाधन प्रतिको अधिकार र उपलब्ध स्रोत साधनको बाँडफाँट गर्दा विभिन्न तहहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी उपलब्ध स्रोतसाधन र अवसरमा पहुँच सहित समन्यायिक विकास गर्नुपर्ने अवधारणा रहेको छ। लामो समयदेखि विकास निर्माणमा पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूल धारमा ल्याई समान रूपमा विकासको प्रतिफल उपलब्ध गराउने संघीयताको मूल ध्येय रहेको छ। नेपालको संविधानले यही अन्तरवस्तुलाई आत्मसात गर्दै विकासका दृष्टिले पछाडि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिदैं सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा पूर्वाधारको विकास गर्ने नीति लिएको छ।

**प्रमुख समस्या**

भौगोलिक बिकटताले गर्दा शुद्दोदन गाउँपालिकाका केही बिकट वडाहरू गाउँपालिकाको विकासको मूल प्रवाहमा समाहित हुन नसक्नु तथा निर्माण तथा भौतिक पूर्वाधारहरू बजार क्षेत्र तथा राजमार्गका आसपासमा केन्द्रित हुनु यहाँको सन्तुलित विकासकालागि मुख्य समस्याका रुपमा रहेका छन्।

**चुनौती तथा अवसर**

- दुर्गम वडाहरूमा पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्नु।
- भौगोलिक कठिनाइ र बिकटताको कारण पूर्वाधार निर्माणमा कठिनाइ हुनु।
- संघीयता कार्यान्वयन र दीर्घकालीन विकासका नियमित कार्यक्रम र आयोजनाका बीच सामञ्जस्य कायम गरी स्रोतसाधनको सन्तुलित संयोजन कायम गर्नु।
- जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन प्रवर्द्धन गर्नु।
- जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा हुनु।
- पिछडिएको क्षेत्र र वर्गलाई विशेष प्राथमिकता दिने नीतिगत व्यवस्था हुनु।
- गरिबी निवारण तथा रोजगारीकालागि विशेष कार्यक्रम सहित संस्थागत व्यवस्था हुनु।
- विकास कार्यक्रमको मागमा अत्यधिक बृद्धि हुनु।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

शुद्धोदनको सन्तुलित विकासमा व्यवहारिक योजना तर्जुमा तथा कार्यान्वयन।

***लक्ष्य***

सन्तुलित विकासका माध्यमबाट सामाजिक न्यायको सुनिश्चित गर्ने।

***उद्देश्य***

१. बिकट भुगोल, उत्पीडन र मानव विकासका आधारमा पछाडी परेका समुदायलाई विकासको प्रतिफल समन्यायिक आधारमा वितरण गर्नु।

**रणनीति तथा कार्यनीति**

*तालिकाः ६ सन्तुलित विकासका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: बिकट भुगोल, उत्पीडन र मानव विकासका आधारमा पछाडी परेका समुदायलाई विकासको प्रतिफल समन्यायिक आधारमा वितरण गर्नु।** | |
| १.१: गरिवीका आधारमा | १. गरिवी मापनका आधारमा अनुदानको व्यवस्था गर्ने। |

| | |
|---|---|
| स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सम्भाव्यताका आधारमा लगानी बृद्धि गरी सन्तुलित विकास गर्ने। | २. कृषि तथा गैरकृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिनेछ।<br>३. स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ।<br>४. स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारी सिर्जना गरिनेछ। |
| **१.२:** जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज बनाउने। | १. पछाडि परेका वा पारिएका क्षेत्र वा समुदाय लक्षित विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. पछाडि परेकाक्षेत्र, सीमान्तकृत्व्यक्ति, वर्ग र समुदायकोउत्थान तथा संरक्षण कोलागि सार्वजनिक निजी साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. खानेपानी, सरसफाइ लगायत भौतिक पूर्वाधार तथा उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुर्याउने व्यवस्था गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

१. हरेक तिन वर्षमा घरधुरीको गरिवी मापन।
२. गरिवीका आधारमा अनुदानको कार्यविधि निर्माण तथा कार्यान्वयन।
३. स्थानीय रोजगारी प्रवर्द्धन र क्षमता विकासका कार्यक्रम सञ्चालन।
४. खानेपानी, सरसफाइ, शिक्षा र भौतिक पूर्वाधारको निर्माणलाई पहिलो प्राथमिकतामा राख्ने व्यवस्था।
५. सहभागीमुलक गरिवी निवारणको व्यवहारिक योजनाको तर्जुमा र कार्यान्वयन।
६. सार्वजनिक सहकारी साझेदारीमा विकासका कार्यक्रम।

**अपेक्षित उपलब्धि**

१. बिकट भुगोल, उत्पीडन र मानव विकासका आधारमा पछाडी परेका समुदायलाई विकासको प्रतिफल समन्यायिक आधारमा वितरण गरिनेछ।

# परिच्छेद ९

## कार्यान्वयन अवस्था

## ९.१ योजना तर्जुमा

**पृष्ठभूमि**

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न लुम्बिनी प्रदेश सरकारले "उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश" निर्माण गर्ने लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र तर्जुमा गरेको छ। योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ। त्यसैले शुद्दोदन गाउँपालिकाले पनि पन्ध्रौं योजना तथा लुम्बिनी प्रदेशको नीति तथा आवधिक योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती आधारमा आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ। योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ।

**प्रमुख समस्या**

राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, कर्मचारीहरूको स्थायित्व नहुनु र समयमा नै योजनाको तयारी हुन नसक्नु मुख्य समस्याहरू हुन।

**चुनौती तथा अवसर**

- प्रथम पञ्चवर्षीय योजना र वार्षिक विकास कार्यक्रम बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु।
- योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू पालिका स्तरमा नै उत्पादन गरी योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु।
- नियमित रूपमा विषयगत तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु।
- योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु।
- योजना तर्जुमाप्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु।
- राष्ट्रिय योजना आयोग तथा प्रादेशिक नीति तथा योजना आयोगको अनुभव योजना निर्माणमा उपयोग गर्न सक्ने सम्भावनाहरू रहनु।
- शुद्दोदन पालिकाले पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउने कार्यको थालनी हुनु।
- राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय बृद्धि भई स्थानीय तहलाई सहजीकरण गर्ने वातारण बन्नु।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

"जनताका आवश्यकता अनुरुपको योजना निर्माण गरि प्राथमिकरण गर्ने पद्धतिको विकास"।

***लक्ष्य***

परिणाममुखी योजना निर्माणको शुद्धोदनलाई समृद्ध बनाउने।

***उद्देश्य***

१. वैज्ञानिक तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु।

२. योजनाको प्रभावकारी कार्यान्वयन गर्नु।

३. योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिकाः ८ योजना तर्जुमाका रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः वैज्ञानिक तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु।** | |
| **१.१ः** तथ्यका आधारमा स्थानीय आवश्यकतालाई समेटेर परिणाममुखी नीति तथा योजना बनाउने। | १. योजना निर्माणलाई परिष्कृत र सहभागितामूलक बनाउन आवश्यकता र विशिष्टताको आधारमा विश्वविद्यालय, आन्तरिक तथा वाह्य विषयगत अध्ययन अनुसन्धान केन्द्र, विभिन्न संघसंस्था तथा विज्ञ व्यक्तित्वहरू र विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ।<br>२. योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सूची तयार गरी अधिकतम प्रयोग गरिनेछ र उक्त तथ्याङ्क स्थानीय तह, योजनाकार वा सम्बन्धित निकायहरूलाई पनि उपलब्ध गराइनेछ।<br>३. योजना निर्माणकोलागि राष्ट्रिय योजना आयोग र नेपाल सरकार अन्तर्गतका मन्त्रालय तथा विभागहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ।<br>४. पालिकाको नीति तथा योजना उत्पादन, उत्पादकत्व र रोजगार बृद्धि गर्नतर्फ अग्रसर भएको हुनेछ।<br>५. नीति तथा योजना निर्माणलाई सहयोगीहुने विषय तथा मुद्दाहरूमा राष्ट्रिय योजना आयोग, प्रादेशिक नीति तथा योजनाआयोग, विकास साझेदार संघसंस्था, विश्वविद्यालय हरू र निजी संघसंस्थाहरूसँग सहकार्य गरी खोजमूलक अनुसन्धान गरिनेछ। |
| **उद्देश्य २ः योजनाको प्रभावकारी कार्यान्वयन गर्नु।** | |
| **२.१ः** विषयगत समितिहरू बनाई तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने। | १. योजना तर्जुमा तथा कार्यन्वयनको लागि उच्चस्तरीय अन्तरनिकाय बीचमा समन्वय गरी आयोजना कार्यान्वयनमा सहजीकरण गरिनेछ।<br>२. शुद्धोदनको विकासलाई मध्य विन्दुमा राखी भौगोलिक र क्षेत्रगत सन्तुलन कायम हुने गरी आयोजनाको पहिचान, छनौट र कार्यान्वयनकोलागि व्यवस्था गरिनेछ।<br>३. हरेक योजनाको समय तालिका, लागत, अध्ययन, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।<br>४. योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि गरिनेछ।<br>५. योजनाका हरेक चरणका कमजोरी र परिणामलाई यथार्थ विश्लेषण गरी सबै |

| | |
|---|---|
| | निकायसँग समन्वय र अन्तरसम्बन्ध स्थापना गरिनेछ। |
| **उद्देश्य ३: योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु।** | |
| **३.१:**योजनाअनुगमन निर्देशिका र सयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजना हरूको मूल्याङ्कन गर्ने। | १. विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन गराई सुझावहरूलाई योजना तर्जुमा गर्दा समावेश गरिनेछ।<br>२. उपलब्धि मापनकोलागि परियोजनाको नतिजा सूचकसहितको प्रत्येक आयोजनाको नतिजा खाका तयार गरी कार्यान्वयन गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

१. योजनाको वर्गीकरण गर्न मापदण्ड तर्जुमा।
२. अनुगमनको निर्देशिका निर्माण तथा कार्यान्वयन।
३. आयोजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने उच्चस्तरीय संयन्त्र निर्माण।
४. राष्ट्रिय योजना आयोग, प्रादेशिक नीति तथा योजना आयोग, विकास साझेदार संघ संस्था, निजी संघ-संस्थाहरूसँग सहकार्य गरी अनुसन्धानमूलक कार्य सञ्चालन।
५. तोकिएका आयोजनाहरूको मूल्याङ्कन आफै वा तेस्रो पक्षद्वारा मूल्याङ्कन।
६. योजना तर्जुमाका सबै चरणमा लाभग्राही र सरोकारवालाको सहभागितामा छलफल कार्यक्रम।

**अपेक्षित उपलब्धि**

योजना तर्जुमा प्रणालीको संस्थागत विकास र नीतिगत व्यवस्था लागु हुनेछ। सूचकहरूको आधारमा आयोजनाहरूको कार्यान्वयन र बजेटको निश्चित प्रतिशत अध्ययन अनुसन्धानकालागि छुट्याइएको हुनेछ।

## ९.२ आयोजना बैंक

**पृष्ठभूमि**

शुद्दोदन गाउँपालिकाकोतिब्र आर्थिक विकास तथा सामाजिक रुपान्तरणका लागि आवश्यक आयोजनाहरूको पहिचान गर्दै तिनको प्राथमिकताक्रम निर्धारण गरी बीत्तीय अनुशासन कायम गर्न र लगानीका थप अवसर जुटाउन प्रारम्भ देखि नै आयोजना बैंकको अवधारणालाई आत्मसात सोही अनुरूप अयोजना बैकको तयारी गरे बाट स्थानीय माग र आवश्यकता अनुरूप आर्थिक रूपमा संभाव्य, सामाजिक सांस्कृतिक रूपमा ग्राह्य, वातावरणीय रूपमा अनुकुलित र व्यवस्थापकीय रूपमा कार्यान्वयन योग्य आयोजनाहरूको छनौट गर्न र कुशल कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्न शुद्दोदन आयोजना बैंकले आवधिक योजना बनाउन सहयोग गरेको छ।

**प्रमुख समस्या**

पूर्वतयारी र विश्लेषण विना आयोजनाहरूको छनोट गरी कार्यान्वयन गर्ने परिपाटीले निरन्तरता पाउनु। आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु। संस्थागत संरचना र पर्याप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु। अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा अन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाइहरू हुनु।

**चुनौती तथा अवसर**

- संघीय तथा प्रदेश सरकारसँग तादत्म्यता हुने गरी आयोजनाहरूको बैंक तयार पार्नु।
- आयोजना बैंक बनाउनकोलागि संस्थागत संरचना निर्माण गर्नु।
- लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास गर्न सरकारले कार्यान्वयनमा ल्याउने आयोजनाहरूको आयोजना बैंक बनाउनु।
- सरकारी स्रोतले मात्र विकास गर्न नसकिने पालिकाका गौरवका आयोजनाहरूको विकासकोलागि निजी क्षेत्र तथा वैदेशिक लगानीकर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउनु।
- आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक बनाउनु।
- सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यास प्रारम्भ गर्नु।
- आयोजना बैंक बनाउने कार्यलाई प्राथमिकतामा राख्नु।
- आयोजना बैंक बनाएर मात्र बजेट विनियोजन योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासहरूको प्रारम्भ हुनु।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

***सोच***

"आयोजना बैंक मार्फत शुद्धोदनको रणनैतिक आयोजनाहरूको पहिचान र छनौट"।

***लक्ष्य***

आयोजनाहरूका निर्धारित लक्ष्यहरू तोकिएको गुणस्तर, लागत र समयावधि भित्र सम्पन्न गरी लगानीको उच्चतम प्रतिफल प्राप्त गर्ने।

***उद्देश्य***

१. शुद्दोदन गाउँपालिकाकोतिब्र विकासकालागि आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु।
२. आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु।
३. वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढङ्गबाट परिचालन गर्नु।

***रणनीति तथा कार्यनीति***

*तालिका: ९ आयोजना बैंकका रणनीति तथा कार्यनीतिहरू*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: शुद्दोदन गाउँपालिकाकोतिब्र विकासकालागि आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु।** | |
| **१.१:** आयोजना बैंक निर्माणको थप बैज्ञानिक आधार तयार गर्ने। | १. आयोजना बैंक निर्माणकोलागि आवश्यक संस्थागत संरचनाको निर्माण गरिनेछ।<br>२. आयोजना बैंक निर्माणकोलागि आवश्यक नीति, नियम, निर्देशिका तयार पारिनेछ।<br>३. आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढङ्गबाट अभिलेख राख्न र छनौट गरिनेछ।<br>४. आयोजना छनौट गर्न सम्भाव्यता अध्ययन गरिनेछ। |
| **उद्देश्य २: आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु ।** | |
| **२.१:** कार्यान्वयन मोडालिटीको लागि आवश्यक नीति नियम बनाई नियमन गर्ने। | १. परियोजना कार्यान्वयनको लागि आवश्यक नीति नियम तयार पारी लागु गरिनेछ।<br>२. आयोजना बैंकलाई व्यवस्थित गर्नकोलागि आवश्यक सफ्टवेयरको विकास गरी विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ। |
| **उद्देश्य ३: वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढङ्गबाट परिचालन गर्नु।** | |
| **३.१:** संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने। | १. आयोजना बैंकमा आबद्ध भएका आयोजना सञ्चालन गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>२. आयोजनाहरूको प्रथामिकताको आधारमा आयोजना छनौट गरी मध्यमकालीन खर्च संरचनामा समावेश गरिनेछ।<br>३. वित्तीय सुधारकालागि राजस्व सुधार कार्य योजना तर्जुमा गरी लागु गरिनेछ। |

***कार्यक्रम तथा आयोजना***

१. आयोजना बैंक समिक्षा।
२. सम्भाव्यता अध्ययन गरी आयोजना बैंक अनुरूप कार्यक्रम तर्जुमा।
३. छनौटमा परेका आयोजनालाई आवश्यक बजेट विनियोजन गर्ने।
४. आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण, छनौट र मूल्याङ्कनको मापदण्ड निर्माण।
५. आयोजना बैंकलाई विद्युतीय प्रणालीमा अभिलेख राख्न कर्मचारीको दक्षता अभिवृद्धि।
६. राजस्व सुधार कार्य योजना तर्जुमा।

**अपेक्षित उपलब्धि**

१. शुद्दोदन गाउँपालिकाकोतिब्र विकासकालागि आयोजना बैंक बनाउने आधारशीला निर्माण गरिनेछ।

२. आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गरिनेछ।
३. वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढङ्गबाट परिचालन गरिनेछ।

## ९.३ योजनाको संस्थागत कार्यान्वयनको व्यवस्था

**पृष्ठभूमि**

समृद्ध शुद्दोदन निर्माण गर्न बनेका योजनाहरूको सफल कार्यान्वयनका लागि तीन तहका सरकारहरू बीच मात्र नभई गाउँपालिका भित्रैका सबै वडा कार्यालयहरू तथा विभिन्न सरकारी कार्यालयहरू बीच समन्वय एवं सहकार्य अत्यावस्यक हुन्छ।नेपालको संविधानको धारा २३२ मा तीन तहका सरकारहरूको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख गरेको छ।त्यसैगरी अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रूपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्र भित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ। देशमा संघीयताको अभ्यास प्रारम्भ भए पश्चात् तीन तहमा (संघ, प्रदेश र स्थानीय तह) सरकार गठन भई क्रियाशील भएका छन्।तीन तहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरूमा प्रष्टता भए तापनि साझा अधिकार भित्रका कार्यहरू कार्यान्वयन गर्ने कार्यहरूमा प्रष्टता आएको छैन। तसर्थ तीन तहका सरकारले प्रभावकारी काम सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ।प्रष्टता नभएका कार्यहरू आपसी सहकार्य र समन्वयमा सम्पादन गरी जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउन सकिन्छ।

**प्रमुख समस्या**

